# प्रारम्भिक मस्यौदा खण्ड

# (क) नागरिकता सम्बन्धी मस्यौदा

## भाग- ....

## नागरिकता

| सि.नं | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | **एकल संघीय नागरिकताको व्यवस्था** | **एकल संघीय नागरिकताको व्यवस्था:** नेपालमा संघीय सरकारले प्रदान गर्ने गरी प्रादेशिक पहिचान सहितको एकल नागरिकताको व्यवस्था गरिएको छ ।* | **नागरिकता** | संघीय राज्य व्यवस्थामा संघीय सरकारले, राज्य सरकारले वा संघीय सरकार र राज्य सरकार दुवैले नागरिकता प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । भविष्यमा नागरिकता सम्बन्धमा जटिलताहरू आउन नदिन, सबै नागरिकहरूलाई नेपालको नागरिकको रुपमा समान अधिकार र कर्तव्य सुनिश्चित गर्न तथा प्रशासनिक सुगमता समेतको लागि नेपालमा एकल नागरिकता प्रणाली अन्तर्गत संघीय सरकारले आफैं वा प्रादेशिक संरचनामार्फत प्रदान गर्ने एकल नागरिकता हुने गरी यसप्रकारको व्यवस्था गरिएको छ । नागरिकताको प्रमाण पत्रमा नै नेपाली नागरिकको प्रादेशिक पहिचान खुल्ने व्यवस्था गर्न यस प्रकारको व्यवस्था गरिएको छ । |
| २. | **नेपालको नागरिक ठहर्ने** | **नेपालको नागरिक ठहर्ने:** नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति यो संविधान बमोजिम नेपालको नागरिक ठहर्नेछ -<br>(क) यो संविधान प्रारम्भ हुँदाका बखत | | नागरिकताले राष्ट्र र नागरिकबीच राजनीतिक सम्बन्ध निर्धारण गर्ने भएकोले प्रत्येक नागरिकलाई राष्ट्रको राजनीतिक मामिलामा सहभागी हुने अधिकार तथा दायित्व प्राप्त हुन्छन् । कतिपय नागरिक तथा राजनीतिक अधिकार नागरिकलाई मात्र प्राप्त हुन्छन् साथै नागरिकले राष्ट्रप्रति निष्ठा र वफादारीका कर्तव्य समेत निर्वाह |

* यस प्रवधानको सट्टामा फरक मत रहेको । फरक मत सम्बन्धी विवरणहरू फरक मत खण्डमा दिइएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | **नेपालको नागरिकता प्राप्त व्यक्ति,** | | गर्नु पर्ने हुन्छ । नागरिक राष्ट्रका राजनीतिक बासिन्दा भएकोले नेपालको राजनीतिक मामिलाहरूमा सहभागी हुने तथा राष्ट्रकाप्रति विभिन्न कर्तव्यहरू बहन गर्नु पर्ने गरी नेपालमा बसोबास गर्ने नेपालको नागरिकता प्राप्त गरिसकेका वा गर्ने नागरिकलाई नेपालको नागरिकको रुपमा मान्यता प्रदान गर्न यो व्यवस्था गरिएको छ ।<br><br>देशमा संवैधानिक रिक्तताको अवस्था हुन नदिन, विगतको संवैधानिक र कानूनी व्यवस्था बमोजिम प्राप्त नागरिकतालाई वैधानिकता र निरन्तरता प्रदान गर्न, नेपाली नागरिकले गरेका वा गर्न लागेका काम कारवाहीलाई वैधानिकता प्रदान गर्न, नेपाली जनताको राष्ट्रभक्तिलाई अक्षुण्ण राख्न एवं नागरिकलाई पुनः नागरिकता लिनु पर्ने बाध्यता समाप्त गर्न यो संविधान प्रारम्भ हुनुभन्दा अगावै प्रचलित संविधान र कानून बमोजिम नेपाली नागरिकले प्राप्त गरिसेकका नागरिकतालाई वंशज, अङ्गीकृत, जन्मका आधारमा वा सम्मानार्थ जुन आधारमा नेपालको नागरिकता प्रदान गरिएको छ सोही आधारमा नेपालको नागरिकतालाई निरन्तरता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ख) **यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकता प्राप्त व्यक्ति,** | | यो संविधान प्रारम्भ भएपछि बंशज, अङ्गीकृत, सम्मानार्थ नागरिकता वा कुनै भौगोलिक क्षेत्र गाँभिदा त्यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिलाई प्रदान गरिने नागरिकता प्राप्त गर्ने नागरिक नेपालका नागरिक हुने व्यवस्था गर्दै यो संविधान जारी भएपछि नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिहरूलाई नागरिकता प्राप्त गरिसकेपछि नेपाली नागरिकका रुपमा मान्यता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ग) **धारा ३ बमोजिम नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्ति ।** | | नागरिक हुनु र नागरिकता प्रमाण पत्र प्राप्त गर्नु पृथक पृथक विषय भएको र केवल नागरिकता प्रमाण पत्र नलिएको वा प्राविधिक कारणले प्रमाण पत्र प्राप्त गरिनसकेका नागरिकलाई अनागरिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | मान्न उपयुक्त नहुने भएकोले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र नलिए तापनि नेपालको नागरिकको रुपमा मान्यता प्रदान गर्न यो व्यवस्था गरिएको छ । यो संविधान प्रारम्भ भए पश्चात जुनसुकै आधारमा नेपालको नागरिकता प्राप्त व्यक्ति नेपालको नागरिक हुने व्यवस्था यसैधाराको खण्ड (ख) मा गरिसकिएको तथा अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यक्तिको हकमा नेपालको नागरिकता प्रमाण पत्र प्राप्त गरेपछि मात्र नेपालको नागरिक ठहर्ने भएकोले धारा ३ बमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न योग्य तर नेपालको नागरिकता प्राप्त नगरिसकेको व्यक्तिलाई नेपाली नागरिकको रुपमा मान्यता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| ३. | **वंशजको आधारमा नागरिकता** | **वंशजको आधारमा नागरिकता:** (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ -<br>(क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,* | | वंशजको आधार नेपालको नागरिकता प्रदान गर्ने एक प्रमुख आधार हो । नेपालको सन्दर्भमा नागरिकता सम्बन्धी वंशको आधार *(Jus Sanguinis)* लाई नै नेपाली नागरिकता प्राप्तिको आधारको रुपमा व्यवस्था गर्दै नेपालमा बंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यक्तिको योग्यता निर्धारण गर्न यस्तो व्यवस्था गरिएको छ ।<br>नागरिकता सम्बन्धी वंशको आधार *(Jus Sanguinis)* को मान्यता अनुरुप अभिभावकको नागरिकताको आधारमा सन्तानको नागरिकताको अधिकार सुनिश्चित गर्न कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु र आमाले दुवै जना वंशज, अङ्गिकृत वा जन्म जुनसुकै आधारमा नेपालको नागरिकता प्राप्त गरेको भए तापनि नेपाली नागरिक भएमा त्यस्तो व्यक्तिलाई आमा वा बाबुको वंशको आधारमा नेपालको नागरिकता प्रदान गर्न यो व्यवस्था गरिएको छ । साथै नेपाली नागरिक बाबु र आमाबाट जन्मेको र निजको जन्मपछि बाबु वा आमाले नेपालको नागरिकता परित्याग गरेको |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | अवस्थामा पनि यो अधिकार प्राप्त हुने र बाबु र आमा दुवै जना नेपाली नागरिकबाट स्वदेश वा विदेशमा जन्मेको तथा नेपालमा स्थायी बसोबास भएको व्यक्तिलाई समेत यो अधिकार प्राप्त हुने गरी यो व्यवस्था गरिएको छ । |
| | | **(ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।**[+] | | विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा नै जन्म भई नेपालमा नै स्थायी बसोबास गरेका र बाबु वा आमाको नामबाट विदेशी मुलुकको नागरिकता प्राप्त नगरेका सन्तानमध्ये त्यस्ता सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्नु अगावै आमा र बाबु दुवै नेपाली नागरिक भइसकेका रहेछन् भने त्यस्ता व्यक्तिलाई विना लैङ्गिक विभेद वंशजका आधारमा नेपाली नागरिकता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) नेपाल सरहदभित्र फेला परेको आमा बाबुको ठेगान नभएको प्रत्येक नाबालक नाबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।** | | कसैको कोही छैन भने उसको संरक्षण राज्यले गर्दछ (Doctrine of *Parens patriae*) भन्ने मान्यता र नाबालक/नाबालिकालाई राज्यविहीन हुनबाट बचाउन समेत आमा बाबु विदेशी भएको पत्ता लागेमा स्वतः बदर हुने गरी आमा बाबु ठेगान नलागेका नेपाल सरहदमा फेला परेका नाबालक/नाबालिकालाई वंशजको आधारमा नागरिकता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| ४. | **अङ्गीकृत नागरिकता सम्बन्धी** | **अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्थाः**[−] **(१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा** | | अभ्यासमा वैवाहिक सम्बन्ध अङ्गीकृत नागरिकता प्रदान गर्ने एक आधारको रुपमा रहँदै आएको र विगतमा रहेको लैङ्गिक विभेद समेतको अन्त्य गर्दै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको |

[+] अन्य प्रावधान पनि थप गर्ने गरी फरक मत रहेको ।

[−] यो प्रावधान हटाउने गरी फरक मत रहेको ।

[+] यस प्रावधानमा थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | **व्यवस्था** | **कानूनी रुपमा पन्ध्र वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।**<br><br>**तर यो संविधान प्रारम्भ हुनु भन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाए पछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।*** | | विदेशीलाई कम्तीमा पन्ध्र वर्ष नेपालमा कानूनी रुपमा बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेको आधारमा नेपालको अङ्गिकृत नागरिकता प्रदान गर्न सकिने गरी यस्तो व्यवस्था गरिएको छ ।<br><br>नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (६) तथा प्रचलित कानून बमोजिम नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले विदेशको नागरिकता त्याग गर्ने कारवाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था गरेको र यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले नेपालमा कानूनी रुपमा पन्ध्र वर्ष बसोबास गरेको र विदशी मुलुकको नागरिकता त्याग गरेपछि मात्र नेपाली नागरिकता प्राप्त गर्ने व्यवस्था गरिएको सन्दर्भमा यो संविधान प्रारम्भ हुनु भन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका नेपाली नागरिकता प्राप्त गर्न इच्छुक विदेशी महिललाई विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाए पछि अङ्गीकृत नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिले प्रचलित कानून बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।** | | बलात्कारको कारणबाट जन्म भई बाबुको पहिचान हुन नसकेका व्यक्तिहरू तथा बादी समुदाय, टोबे, टोबेनी, देउकी जस्ता प्रचलन भएको समुदाय वा अवस्थामा जन्म भएका र बाबुको पहिचान हुन नसेकेका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको सन्तानले प्रचलित कानून बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्थाको लागि यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) **विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।** | | विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा नै जन्म भई नेपालमा नै स्थायी बसोबास गरेका र बाबु वा आमाको नामबाट विदेशी मुलुकको नागरिकता प्राप्त नगरेका सन्तानमध्ये त्यस्ता सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्नु अगावै आमा र बाबु दुवै नेपाली नागरिक भइसकेका रहेछन् भने त्यस्ता सन्तानलाई वंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था भइसकेको सन्दर्भमा नेपालमा जन्मेको कुनै व्यक्तिको जन्म हुँदा आमा वा बाबु एक जनामात्र नेपाली नागरिक रहेछ भने तथा नेपाली नागरिकता प्राप्त गर्नु भन्दा अगावै जन्मेका अङ्गीकृत नेपाली नागरिकका सन्तानलाई नेपालमा स्थायी बसोबास भएका र विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको अवस्थामा कानून बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने गरी यो व्यवस्था गरिएको छ । |
| | | (४) **यो संविधान प्रारम्भ भएपछि नेपालको आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको विदेशीलाई अन्य कुराका अतिरिक्त देहायका शर्त र अवस्था पूरा गरेको आधारमा प्रचलित कानून बमोजिम संघीय सरकारले नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्नेछ -**<br>**(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,**<br>**(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको,**<br>**(ग) अन्य मुलुकको नागरिकता त्यागेको,**<br>**(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा** | | बसोबास जस्ता विभिन्न शर्त र आधारमा विदेशी नागरिकलाई अङ्गीकरणको माध्यमबाट नागरिकता प्रदान गर्ने विगतमा पनि प्रचलन रहेकोले यो संविधान प्रारम्भ भए पछि नेपालको आर्थिक, सामाजिक, औद्योगिक समेतका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको विदेशी नागरिकलाई नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरिबसेको, अन्य मुलुकको नागरिकता त्यागेको, कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा कानूनी रुपमा बसोबास गरेको, नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको, असल चाल चलन भएको तथा कानूनले तोकेको अन्य शर्त समेतका आधारमा संघीय सरकारको (मन्त्रिपरिषद्) निर्णय बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने गरी यसप्रकारको व्यवस्था गरिएको छ । विदेशीले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न आवेदन गर्दा तथा कारवाहीको क्रममा विदेशको नागरिकता त्याग्नु नपर्ने र निजलाई नागरिकता प्रदान |

| | | | | |
|---|---|---|---|---|
| | | **कानूनी रुपमा बसोबास गरेको,**<br>(ङ) **नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,**<br>(च) **असल चाल चलन भएको ।** | | गर्ने निर्णय गर्नु अघि विदेशको नागरिकता त्याग गर्ने व्यवस्थाका लागि यो व्यवस्था गरिएको छ । |
| | | **(५) उपधारा (४) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकता सम्बन्धी विवरण संघीय व्यवस्थापिका समक्ष प्रस्तुत गर्नु पर्नेछ ।** | | विदेशी नागरिकलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने विषयलाई पारदर्शी र उत्तरदायी बनाउन यसै धाराको उपधारा (२) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकता सम्बन्धी विवरण संघीय व्यवस्थापिका समक्ष प्रस्तुत गर्न र सो उपर छलफल हुन सक्ने गरी यो व्यवस्था गरिएको छ । |
| ५. | **क्षेत्र गाभिँदाको नागरिकता** | **क्षेत्र गाभिंदाको नागरिकता:** नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ । | | भविष्यमा नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्र नेपालको भू-भाग हुने भएकोले उक्त क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई प्रचलित कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्न सक्ने गरी यस्तो व्यवस्था गरिएको छ । |
| ६. | **वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता** | **वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता:** प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।[+] | | नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्दा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्न आवेदन गर्ने व्यक्तिको आमा, बाबु वा दुवैको नामबाट महिला, पुरुष वा तेस्रो लिङ्गीलाई पहिचान सहितको नागरिकताको प्रमाणपत्र प्रदान गर्न यो व्यवस्था गरिएको छ । |

[+] केही प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| ७. | **नागरिकताको पुनः प्राप्ति** | **नागरिकताको पुनः प्राप्तिः** नेपाली नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिले पुनः नेपालमा आई पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्रदान गरिएको हो निजलाई सोही किसिमको नागरिकता प्रदान गर्न सकिनेछ ।<br>तर यो व्यवस्था धारा ४ को उपधारा (४) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकको हकमा लागू हुने छैन ।* | | यो व्यवस्था नेपाली नागरिकले नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता लिएको र पुनः नेपालको नागरिकता प्रदान गर्ने विषयसँग सम्बन्धित छ । नेपालमा कम्तीमा पन्ध्र बर्ष बसोबास गरी नेपालको आर्थिक, सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको आधारमा अङ्गीकृत नागरिकता प्रदान गरिएको व्यक्ति बाहेक अन्य प्रकारका नेपाली नागरिकले नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता लिएकोमा त्यस्तो व्यक्ति पुनः नेपालमा आई कम्तीमा पाँच बर्षसम्म बसोबास गरी विदेशको नागरिकता त्यागेमा त्यस्तो व्यक्तिलाई निजले पहिले जुन किसिमको नागरिकता लिएको थियो सोही किसिमको नागरिकता प्रदान गर्न सकिने गरी यो व्यवस्था गरिएको छ । |
| ८. | **सम्मानार्थ नागरिकता** | **सम्मानार्थ नागरिकताः** संघीय सरकारले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ । | | राजनीतिक अधिकार प्रयोग गर्न नपाउने गरी सम्मान स्वरुप अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई संघीय सरकारले निर्णय गरी नेपालको नागरिकता प्रदान गर्न सक्ने गरी यो व्यवस्था गरिएको छ । |
| ९. | **झूटो विवरण पेश गरी वा पटक पटक नागरिकता लिन दिन नहुने** | **झूटो विवरण पेश गरी वा पटक पटक नागरिकता लिन दिन नहुनेः** कसैले झूटो विवरण वा बयान दिई वा एकपटक भन्दा बढी वा एकभन्दा बढी स्थानबाट नागरिकता लिन दिन हुँदैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।<br>तर प्रमाणका आधारमा नागरिकता प्रमाण पत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटी सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन दिन यस धाराले रोक लगाएको मानिने छैन । | | झूटो विवरण वा बयान दिई झुक्याई वा एकपटक भन्दा बढी पटक एकै वा विभिन्न प्रादेशिक राज्यबाट नागरिकता लिन दिन नहुने गरी झूटो विवरण पेश गरी वा पटक पटक नागरिकता लिन नेपाली वा विदेशी जुनसुकै व्यक्तिलाई दिन निषेध गर्दै त्यस्तो कार्यलाई गंभीर अपराधको रुपमा व्यवस्था गर्दै त्यस्तो कसूरमा सम्लग्न सबैलाई कानून बमोजिम सजाय गर्न यो व्यवस्था गरिएको छ ।<br>तर वैवाहिक, बसाईंसराईंको कारणले वा नाम थर आदिमा भएको लेखाइ वा छपाइ सम्बन्धी मानवीय गल्तीहरूलाई सच्याएर |

* यस धाराको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **स्पष्टिकरण:** **नागरिकता सम्बन्धी अभिलेखमा रहेका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाई वा छपाई सम्बन्धी सामान्य त्रुटिलाई यस धाराको प्रयोजनका लागि झूटो विवरण मानिने छैन ।** | | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि लिन वा नागरिकताको प्रमाण पत्र हराएको, च्यातिएको जस्ता कारणले नागरिकताको प्रतिलिपि माग गर्न तथा सच्याउन मागेको नागरिकताको प्रमाण पत्र खिची अर्को नागरिकता प्रदान गर्न वा पहिलाको नागरिकता प्रमाण पत्रको प्रतिलाई अमान्य गरी नागरिकताको मूलप्रतिका आधारमा प्रतिलिपि मात्र मान्य हुने गरी नागरिकताको प्रमाण पत्र लिन दिन यस धाराले रोक नलगाउने व्यवस्था गर्न समेत यस प्रकारको व्यवस्था गरिएको छ ।<br><br>साथै नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कुनै व्यक्तिले पेश गरेका अभिलेखमा भएका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाई वा छपाई सम्बन्धी सामान्य त्रुटिलाई झूटो विवरण नमानिने गरी व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| १०. | **नागरिकताको प्रमाणपत्र उपर छानविन गर्ने** | **नागरिकताको प्रमाणपत्र उपर छानविन गर्ने: यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सरकारले नेपाली नागरिकताको प्रमाणपत्र उपर छानविन गरी गैरनेपालीले लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्न र त्यस्तो व्यक्तिलाई नेपाली नागरिकबाट हटाउन सक्नेछ ।** | | झूटो विवरण वा बयान दिई झुक्याई नेपाली नागरिकताको प्रमाण पत्र लिएको भन्ने विभिन्न उजूरी, गुनासाहरू समेत आइरहेको सन्दर्भमा त्यसरी विगतमा प्रदान गरिएका तथा भविष्यमा वंशज वा अङ्गीकृत लगायत जुनसुकै आधारमा प्रदान गरिने नागरिकता संघीय सरकारले छानवीन गरी गैर नेपाली नागरिकले कानून विपरित लिएको नागरिकता बदर गर्न र त्यस्ता व्यक्तिलाई नेपालको नागरिकबाट हटाउन सक्नेसम्मको व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| ११. | **नागरिकता कायम नरहने** | **नागरिकता कायम नरहने:** (१) **देहायको अवस्थामा कुनै पनि व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन-**<br>(क) **स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा,** | | व्यक्तिले स्वेच्छाले त्याग गरेमा वा अन्य विभिन्न कारणले व्यक्तिको नागरिकता समाप्त हुन सक्छ । नागरिकता रोज्न पाउने, परिवर्तन गर्न पाउने तथा नागरिकता त्याग गर्न पाउने व्यक्तिको अधिकार भएकोले नेपाली नागरिकता प्राप्त व्यक्तिले स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा त्यस्तो व्यक्तिले प्राप्त गरेको नेपालको नागरिकता समाप्त गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | **(ख) विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा,** | | नेपालले बहुनागरिकता (Multiple Citizenship) प्रणाली अवलम्वन नगरेकोले कुनै नेपाली नागरिकले आफूखुसी विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा वा विदेशको नागरिकता प्राप्त गरिसकेको व्यक्तिले नेपालको नागरिकता लिएमा त्यस्ता व्यक्ति नेपालको नागरिक कायम नरहने गरी यो व्यवस्था गरिएको छ। |
| | | **(ग) यस भागमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै गैरनेपालीले नेपालको नागरिकता लिएको प्रमाणित भएमा ।** | | विदेशी नागरिकले नेपालको नागरिकता पाउने गरी यसै भागमा उल्लेख गरिएका शर्त र व्यवस्था विपरित हुने गरी कुनै गैरनेपालीले नेपालको नागरिकता लिएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नेपालको नागरिकता समाप्त गर्न यो व्यवस्था गरिएको छ। |
| | | **(२) नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको कुनै व्यक्ति अन्य मुलुकको पनि नागरिकता प्राप्त गर्न योग्य रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्रमाणपत्र लिन योग्यता पुगेको दुई वर्षभित्र तथा नावालक नाबालिकाको हकमा बालिग भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता नरोजेमा त्यस्तो व्यक्ति नेपालको नागरिक कायम रहने छैन ।** | | नागरिकता सम्बन्धी नीतिगत विविधताले गर्दा कुनै व्यक्ति एकैसाथ नेपाल र अन्य मुलुकको नागरिक हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सो अवस्था भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता कायम राख्ने हो भने नेपालको नागरिकता रोजीसक्नु पर्ने तथा कुनै नाबालक वा नावालिकालाई त्यस्तो दुवै देशको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो नावालक वा नाबालिका बालिग भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता रोजीसक्नु पर्ने तथा उक्त अवधीभित्र नेपालको नागरिकता नरोजेमा त्यस्तो व्यक्तिको नेपाली नागरिकता लोप हुने गरी यो व्यवस्था गरिएको छ। |
| **१२.** | **विवरण अद्यावधिक गर्ने** | **विवरण अद्यावधिक गर्ने:** नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशी नागरिक तथा त्यस्ता दम्पत्तीबाट जन्मेका सन्तानहरूको विवरण कानून बमोजिम अद्यावधिक गरिनेछ । | | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी व्यक्तिलाई नेपालमा १५ बर्ष बसोबास गरेको र विदेशको नागरिकता त्याग गरेको आधारमा अङ्गीकृत नागरिकता प्रदान गर्ने तथा त्यस्तो दम्पतीबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेका सन्तानलाई नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरिएको सन्दर्भमा नेपालमा बसोबास गरे नगरेको सुनिश्चित गर्न नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्ने विदेशी नागरिकको विवाह दर्ता, विवाहपूर्व कायम रहेको नागरिकता र बसोबास भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्थान, नेपालमा बसोबास गरेको ठेगाना, पेशा, व्यवसाय लगायतका विवरण र त्यस्ता दम्पत्तीबाट जन्मेका सन्तानको जन्म स्थानको ठेगाना, जन्मदर्ता, शैक्षिक विवरण, बसोबासको ठेगाना, पेशा व्यवसाय लगायतका विवरण कानून बमोजिम उपयुक्त प्रकृयाद्वारा अद्यावधिक गरी राख्नको लागि यो व्यवस्था गरिएको छ । |
| १३. | **पदाधिकारीको नागरिकता सम्बन्धी व्यवस्था** | **पदाधिकारीको नागरिकता सम्बन्धी व्यवस्थाः*** (१) **नेपालको राष्ट्रप्रमुख तथा उप-प्रमुख, संघीय वा राज्यस्तरको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको प्रमुख र संवैधानिक अङ्ग तथा सुरक्षा निकाय प्रमुखको पदमा निर्वाचित वा नियुक्त हुन वंशजको आधारमा नागरिकता प्राप्त नेपाली नागरिक हुनु पर्नेछ ।** | **विविध** | नेपालको राष्ट्रप्रमुख, राष्ट्र उप-प्रमुख तथा नेपालको संघीय एवं राज्यस्तरका सबै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको प्रमुखको पदमा, संवैधानिक अङ्ग तथा सुरक्षा निकायको प्रमुखको पदमा वंशजको आधारमा नेपालको नागरिकता प्राप्त व्यक्तिहरू मात्र निर्वाचित वा नियुक्त हुन पाउने गरी यो व्यवस्था गरिएको छ । |
| | | (२) **यो संविधान बमोजिम नेपालको संवैधानिक पदमा नियुक्तिको लागि योग्य हुने अङ्गीकृत वा जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नेपाली नागरिक कम्तीमा दश वर्ष र नेपालको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नागरिकता प्राप्त गरेको नेपाली नागरिक कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ ।*** | | वंशज बाहेकका जन्म वा अङ्गीकृत आधारमा नेपालको नागरिकता प्राप्त व्यक्तिहरूले नेपालको संवैधानिक पदहरूमा नियुक्त हुन कम्तीमा दश वर्ष नेपालमा नै बसोबास गरेको हुनु पर्ने र एक पटक नेपालको वंशजको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिलाई कुनै पनि संवैधानिक पदमा नियुक्त हुन पुनः नेपाली नागरिकता लिएको पाँच वर्ष पूरा भएको हुनु पर्ने गरी यो व्यवस्था गरिएको छ । |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| १४. | **गैरआवासीय नेपाली परिचयपत्र** | **गैरआवासीय नेपालीलाई परिचयपत्र दिन सकिने:**नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका नेपाली मुलका व्यक्तिलाई प्रचलित कानून बमोजिम आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली परिचयपत्र प्रदान गर्न सकिनेछ ।[−+] | **विविध** | नेपाली नागरिकता त्याग गरी विदेशी नागरिकता लिएका गैरआवाशीय नेपालीलाई नेपालमा सामाजिक, साँस्कृतिक र आर्थिक सम्बन्ध जोड्ने प्रयोजनका लागि राजनीतिक अधिकार, मताधिकारको प्रयोग र सार्वजनिक पदमा बहाल रहन नपाउने तथा कानूनमा रोक लगाइएका बाहेकका अन्य अधिकार प्रयोग गर्न पाउने गरी गैरआवासीय नेपाली परिचय पत्रको व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| १५. | **कानून बमोजिम हुने** | **कानून बमोजिम हुने:** नागरिकता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । | **नागरिकता** | संविधानमा उल्लेख भएका प्रावधानहरू विपरित नहुने गरी नागरिकता सम्बन्धी कार्यविधिगत लगायतका व्यवस्थाहरू कानून मार्फत गर्न आवश्यक भएकोले यो प्रावधान राखिएको छ । |

[−] यो प्रावधानलाई हटाउने गरी फरक मत रहेको ।
[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

## (ख) मौलिक हक सम्बन्धी मस्यौदा

# भाग .......

# मौलिक हक

| सि.नं | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | **सम्मानपूर्वक बाँच्न पाउने हक** | **सम्मानपूर्वक बाँच्न पाउने हक:** (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | **मौलिक हक** | बाँच्न पाउने हक प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । यस हक अन्तर्गत आफ्नो भौतिक शरीर र सम्पूर्ण अङ्ग, प्रत्यङ्गसहित आफ्नो पहिचान र आत्मसम्मान कायम राख्दै सम्मानपूर्वक बाँच्न पाउने हक पर्दछ । व्यक्तिको आधारभूत हकको रुपमा रहेको यस हकको अभावमा व्यक्तिका अन्य सबै हक अधिकारहरू प्रयोजनहीन हुने भएकोले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गर्न यो हकको व्यवस्था गरिएको छ । |
| | | (२) कसैलाई पनि मृत्यु दण्डको सजाय दिने गरी कुनै कानून बनाइने छैन ।* | | नेपाल नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक प्रोटोकल, १९८९ को पक्ष राष्ट्र रहेको, सजायको प्रकृति र प्रयोजन सारभूत रुपमा परिवर्तन भई मृत्युदण्ड सम्बन्धी व्यवस्था औचित्यपूर्ण नरहेको, नेपालमा मृत्युदण्डलाई उन्मुलन गरिसकिएको तथा सम्मानपूर्वक बाँच्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई मौलिक हकको रुपमा यसै धाराको उपधारा (१) मा प्रत्याभूत गरिसकिएको सन्दर्भमा कुनै पनि व्यक्तिलाई मृत्युदण्डको सजाय नगरिने कुराको सुनिश्चितता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |

* यो प्रवधानको सट्टामा फरक मत रहेको । फरक मत सम्बन्धी विवरणहरू फरक मत खण्डमा दिइएको छ ।

| | | | | |
|---|---|---|---|---|
| २. | **स्वतन्त्रताको हक** | **स्वतन्त्रताको हक:** (१) **कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।** | | वैयक्तिक स्वतन्त्रता प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । व्यक्तिको आधारभूत अधिकारको रुपमा रहेको वैयक्तिक स्वतन्त्रताको अधिकारलाई राज्यबाट स्वेच्छाचारी र मनोमानी ढङ्गले अपहरण हुनबाट रोक्न यो स्वतन्त्रताको व्यवस्था गरिएको छ । सार्वजनिक हित, देशको सार्वभौमसत्ता, अखण्डताको रक्षा एवं अपराधको अनुसन्धान जस्ता वस्तुगत आधारमा न्यायपूर्ण, स्वच्छ र उचित कानून बमोजिम लगाइएको बन्देज उपर यस हकको दावी पुग्न सक्तैन । कानून बमोजिम बाहेक स्वेच्छाचारी र मनोमानी रुपमा कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने सुनिश्चितताका लागि यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः-**<br>(क) **विचार र अभिव्यक्तिको स्वतन्त्रता,** | | स्वतन्त्रताको हक नागरिकलाई प्रत्याभूत गरिएको मौलिक हक हो । व्यक्तिका विभिन्न स्वतन्त्रताहरू राज्यभन्दा अगावैदेखि व्यक्तिलाई प्राप्त स्वतन्त्रता हुन् । राज्यबाट बहुमतको आडमा अल्पमतउपर अन्याय हुन नदिन तथा व्यक्ति र समाजको प्रगति र समुन्नति कायम गर्न समेतका लागि नागरिकहरूको स्वतन्त्रताको संरक्षण आवश्यक हुन्छ । स्वतन्त्रता अधिकारहरूको स्रोत पनि हुन् । स्वतन्त्रता निरपेक्ष र असीमित नहुने तथा न्यायपूर्ण, उचित र मनासिब कानूनका आधारमा मनासिब बन्देज स्वीकार्य हुने एवं त्यस्ता बन्देजहरूका सन्दर्भमा स्वतन्त्रताको दावी पुग्न नसक्ने मान्यताका आधारमा नेपाली नागरिकका विभिन्न स्वतन्त्रताहरूलाई उच्चकोटीको कानूनी र राजनीतिक संरक्षण प्रदान गर्न देहायका स्वतन्त्रताहरूलाई मौलिक हकको रुपमा संवैधानिक प्रत्याभूति गरिएको छ ।<br>स्वतन्त्रताहरूको जननीको रुपमा रहेको विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । जुनसुकै उमेर, लिङ्ग, वर्ग, क्षेत्रका प्रत्येक नागरिकले विचार निर्माणका लागि सूचना, जानकारीहरू प्राप्त गर्ने देखि लिएर लिखित, मौखिक, साङ्केतिक तथा आफ्नो इच्छाको माध्यमबाट व्यक्तिगत वा सामूहिक रुपमा विचारको निर्माण गर्न पाउने, विचार अभिव्यक्त गर्न पाउने, |

| | | | | |
|---|---|---|---|---|
| | | | | सम्प्रेषण तथा प्रवाह गर्न पाउने एवं राज्यका काम कारवाहीसँग असहमत समेत हुन पाउने अधिकार यस स्वतन्त्रता अन्तर्गत पर्दछन् । यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको संवैधानिक सुनिश्चितता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ख) **बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,** | | यो स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । नागरिकले सार्वभौमसत्ताको प्रयोग गर्न, व्यक्तिगत वा सामुहिक रुपमा विचारहरूको प्राप्ति तथा सम्प्रेषण गर्न, शासन व्यवस्थामा सहभागी हुन, सार्वजनिक विषयमा छलफल र अन्तरकृयाहरू गर्न, मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक कृयाकलापहरू तथा सार्वजनिक नीतिहरूको विषयमा आलोचना, विरोध वा समर्थन गर्न पाउने लगायतका अधिकारहरू यस स्वतन्त्रता अन्तर्गत पर्दछन् । व्यक्तिको आधारभूत नागरिक तथा राजनीतिक स्वतन्त्रताको रुपमा रहेको यस स्वतन्त्रतालाई यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही संवैधानिक सुनिश्चितता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ग) **संघ संस्था खोल्ने स्वतन्त्रता,** | | यो स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको छ । राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई यसै धारा अन्तर्गत छुट्टै स्वतन्त्रताको रुपमा व्यवस्था गरिएको सन्दर्भमा सामाजिक, आर्थिक, सांस्कृतिक, परोपकारी, बालक्लव जस्ता संघ संस्थाहरू खोल्ने र व्यक्तिगत वा सामूहिक रुपमा संघ संस्थाका कृयाकलापहरूमा सहभागी हुन पाउने वा त्यसबाट अलग रहन पाउने समेतको नागरिकको अधिकारलाई यस स्वतन्त्रता अन्तर्गत संरक्षित र सुरक्षित गरिएको छ । यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही प्रत्येक नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रताको संवैधानिक सुनिश्चितताको लागि यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (घ) **राजनीतिक दल खोल्ने स्वतन्त्रता,** | | राजनीतिक दल खोल्ने स्वतन्त्रता प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । बहुदलीय लोकतान्त्रिक शासन व्यवस्थाको आधारस्तम्भको रुपमा रहेको यस स्वतन्त्रतालाई समान राजनीतिक उद्देश्य र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले आफ्नो इच्छानुसारको राजनीतिक सङ्गठन वा दल खोल्ने, सञ्चालन गर्ने, त्यसमा सहभागी हुने वा नहुने र त्यसका उद्देश्य र कार्यक्रमप्रति जनसाधारणको सहयोग र समर्थन प्राप्त गर्नका लागि प्रचार प्रसार गर्ने, दलमा सम्मिलित हुन पाउने वा दलमा सम्मिलित हुनबाट अलग रहन पाउने छनौटको स्वतन्त्रता समेत पर्दछन् । यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही प्रत्येक नागरिकलाई यो स्वतन्त्रताको संवैधानिक सुनिश्चितता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ङ) **नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,** | | सार्वभौम नागरिकहरूलाई आफूले चाहेको ठाँउमा बसोबास गर्ने, काम विशेषले देशको विभिन्न स्थानमा घुमफिर गर्ने, देशभित्र आफूले चाहेको कुनै राज्य वा क्षेत्रमा बसोबास गर्ने, संविधानको अधीनमा रही त्यस राज्यमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्ने, बसाईं सराईं गर्ने, देशभर आवत जावत गर्ने, विदेश जाने र आफ्नो देशमा फर्की आउने समेतका नागरिकको आधारभूत स्वतन्त्रता यस अन्तर्गत पर्दछन् । यो स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको छ । प्रत्येक नागरिकलाई यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रतालाई संवैधानिक प्रत्याभूति सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (च) **कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता ।** | | यो स्वतन्त्रता नागरिकलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । नागरिकलाई व्यक्तिगत वा सामूहिक रुपमा कुनै पेशा, रोजगार, उद्योग व्यापार, व्यवसाय गर्न पाउने, आफ्नो इच्छा अनुसार पेशा वा रोजगार रोज्न पाउने, त्यस्तो पेशा वा रोजगार छोड्न पाउने, कानूनले तोकेको प्रकृया अनुरुप उद्योग वा व्यापार बन्द गर्न पाउने, त्यस्तो पेशा रोजगार, उद्योग व्यापार, व्यवसायबाट आर्थिक उपार्जन गर्न पाउने लगायतका आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | कृयाकलापहरू गर्न पाउने समेतका स्वतन्त्रताहरूलाई यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही संवैधानिक सुनिश्चितता प्रदान गर्न यो स्वतन्त्रताको व्यवस्था गरिएको छ । |
| | **प्रतिबन्धात्मक व्यवस्था** | **तर,**<br>**(१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइ*बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने कार्य वा गाली वेइज्जती, अदालतको अवहेलना हुने वा अपराधको दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।** | | असीमित स्वतन्त्रता सम्भव र वाञ्छनीय नहुने भएकोले र मौलिक हक र स्वतन्त्रताको अभ्यास राष्ट्र र संविधानभित्र रहेर मात्र हुन सक्ने र व्यक्तिगत स्वतन्त्रता भन्दा राष्ट्रिय हित सदैव सर्वोपरि हुने भएकोले न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा हुने नीतिगत, सैद्धान्तिक र प्राज्ञिक बहस र टिप्पणीलाई अदालतको अवहेलना नमानिने स्पष्ट गर्दै राष्ट्रिय तथा सार्वजनिक हितका विषयहरू - नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा गाली वेइज्जती, अदालतको अवहेलना वा अपराधको दुरुत्साहन गर्ने कार्य वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल र जातीय भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत विचार र अभिव्यक्तिको स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने ऐन बनाउन यो व्यवस्था गरिएको छ । |
| | | **(२) खण्ड (ख) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।** | | सार्वजनिक हित तथा सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने सन्दर्भमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने, सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने ऐन बनाउन यो व्यवस्था गरिएको छ । |

* यस भागमा प्रयुक्त "संघीय इकाई" भन्ने शब्दले संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरूलाई जनाउनेछ ।

| | | | | |
|---|---|---|---|---|
| | | (३) खण्ड (ग) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको वाह्रय सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । | | सामूहिक र राष्ट्रिय हित कायम गर्ने सन्दर्भमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य नेपालको राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा युद्ध वा शान्तिको अवस्थामा नेपालको वाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य वा संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने कार्य वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने कार्य वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने सामूहिक वा व्यक्तिगत कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत संघ संस्था खोल्ने स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने गरी ऐन बनाउन यो व्यवस्था गरिएको छ । |
| | | (४) खण्ड (घ) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको वाह्रय सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने ( राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न नागरिकलाई जातीय, भाषिक, धार्मिक, साम्प्रदायिक वा लैङ्गिक आधारमा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्न वा हिंसात्मक कार्य गर्न | | राष्ट्रिय हित, सार्वजनिक शिष्टाचार, नैतिकता, अपराधको नियन्त्रण गर्ने सन्दर्भमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्य वा नेपालको राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा युद्ध वा शान्तिको अवस्थामा नेपालको वाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य वा संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा संघीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने कार्य वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने कार्य वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने सामूहिक वा व्यक्तिगत कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत राजनीतिक दल खोल्ने स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने ऐन बनाउन यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | **दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।+** | | |
| | | **(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हितमा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य वा अपराध गर्ने तथा सो को दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।** | | राष्ट्रिय हित कायम गर्न तथा समाजमा शान्ति सुव्यवस्थामा खलल पर्ने तथा आपराधिक कृयाकलापमा सहभागी हुने र त्यस्तो कृयाकलापलाई दुरुत्साहन गर्ने गरी यस स्वतन्त्रताको उपभोग गर्न नपाइने गरी संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा सर्वसाधारण जनताको हितमा खलल पार्ने कार्य वा जातजाति धर्म वा सम्प्रदायहरूका बीचको सम्बन्धमा खलल पर्ने कार्य वा हिंसात्मक कार्य वा अपराध गर्ने तथा सो को दुरुत्साहन गर्ने कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने ऐन बनाउन यो व्यवस्था गरिएको छ । |
| | | **(६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै उद्योग, व्यापार, पेशा, रोजगार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।** | | राष्ट्रिय आवश्यकता अनुरुप वस्तु वा सेवाको उत्पादन, सन्तुलित वितरणका साथै राष्ट्रिय हित र सार्वजनिक हित संरक्षण गर्ने सन्दर्भमा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐनमार्फत कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता उपर रोक लगाउन तथा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी राज्यले ऐन बनाउन सक्ने प्रयोजनको लागि यो व्यवस्था गरिएको छ । |
| **३.** | **समानताको हक** | **समानताको हक: (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन ।** | | यो हक सबै नागरिकहरूलाई प्रत्याभूत गरिएको हक हो । यस हक अन्तर्गत कानूनको अगाडि समानता र कानूनको समान संरक्षण र लाभ प्राप्त गर्ने हक प्रत्याभूत गरिएको छ । सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र मानवीय प्रतिष्ठामा समान हुने भएकोले कुनै नागरिकले पनि जन्म, धर्म, वर्ण, लिङ्ग जस्ता कुनै पनि आधारमा विशेषाधिकार नपाउने र सबै नागरिकहरू कानूनको दृष्टिमा समान हुने हक कानूनको अगाडि समानता अन्तर्गत समाविष्ट रहेको छ । साथै सबै |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | नागरिकहरू बीच गरिने समान व्यवहारले मात्र नागरिकलाई कानूनको संरक्षण र लाभ समान रुपले प्राप्त नहुन पनि सक्ने भएकोले कानूनको समान संरक्षण र लाभ मार्फत परिणाममा सबै नागरिकको समानता सुनिश्चित गर्नको लागि कानूनको समान संरक्षण र लाभको संवैधानिक सुनिश्चितता प्रदान गर्न समानताको हकको व्यवस्था गरिएको छ । |
| | | (२) **सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।**<br>**तर आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।***<br>**स्पष्टिकरण:** यस भाग तथा भाग ... (राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व) को प्रयोजनका लागि "विपन्न" भन्नाले औसत गरीबी भन्दा मुनिका नागरिकहरूलाई जनाउँनेछ । | | असमान व्यवहारलाई नियन्त्रण गर्दै समानता कायम गर्न सबै नागरिकहरू बीच कानूनको अगाडि समानता र कानूनको समान संरक्षण प्रदान गर्नुका साथै असमान व्यवहार नहुने सुनिश्चितता गर्नु पनि त्यत्तिकै आवश्यक भएकोले सबै नागरिकहरूलाई लागू हुने सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, शारीरिक तथा मानसिक अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा, क्षेत्र वा वैचारिक आस्था वा ती मध्ये सबै वा यस्तै प्रकारका अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्था सुनिश्चित गर्न यस प्रकारको व्यवस्था गरिएको छ ।<br>साथै, हाम्रो जस्तो विविधतायुक्त सामाजिक बनौट, अवसर तथा आर्थिक साधन स्रोतको असमान वितरण, भिन्न प्रकारको शैक्षिकस्तर र धार्मिक, साँस्कृतिक तथा भाषिक विविधतायुक्त मुलुकमा केवल औपचारिक समानताले मात्र राष्ट्रिय लक्ष्य हासिल हुन नसक्ने हुँदा सामाजिक न्याय मार्फत सारवान समानता हासिल गर्न महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय वा पिछडिएको क्षेत्र वा किसान, मजदुर वा शैक्षिक, आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा शारीरिक वा मानसिक रूपले अपाङ्गता भएका व्यक्ति वा अशक्त वा असहाय व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि वस्तुपरक तथ्याङ्क र सूचनाका आधारमा अल्पकालीन प्रयोजनका लागि राज्यले आवश्यकता र अवस्था अनुसार ऐन, नियम मार्फत सकारात्मक विभेद गर्न |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | सक्ने गरी यो व्यवस्था गरिएको छ ।<br>साथै यो संविधान अन्तर्गतको मौलिक हक सम्बन्धी भाग र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भागको प्रयोजनका लागि “विपन्न” भन्नाले संघीय वा राज्यस्तरबाट निर्धारण गरिने बस्तुगत मापदण्डका आधारमा निश्चित गरिएको औसत गरीबी भन्दा कमजोर अवस्था भएका नागरिकहरूलाई जनाउँने गरी स्पष्ट गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।** | | यो हक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको हक हो । राज्य सबै नागरिकको संरक्षक भएकोले राज्यले आफ्ना जुनसुकै कृयाकलाप सञ्चालन गर्दा पनि नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, शारीरिक वा मानसिक अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा, क्षेत्र वा वैचारिक आस्था वा यस्तै प्रकारका अन्य कुनै पनि आधारमा राज्यले भेदभाव नगर्ने सुनिश्चितता प्रदान गर्न यस प्रकारको व्यवस्था गरिएको छ । |
| | | (४) **समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।** | | सार्वजनिक वा निजी प्रकृतिको जुनसुकै समान कामका लागि विना लैङ्गिक भेदभाव समान काम गर्ने सबैले समान पारिश्रमिक पाउने अवस्था सुनिश्चित गर्न तथा सार्वजनिक वा निजी क्षेत्रबाट प्राप्त हुने सामाजिक सुरक्षामा लैङ्गिक विभेद गर्न नपाउने गरी समान अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) **पुर्ख्यौली सम्पतिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुनेछ ।**+ | | पुर्ख्यौली सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **४.** | **आमसञ्चार सम्बन्धी हक** | **आमसञ्चार सम्बन्धी हक:** (१) **विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा** | | खुल्ला र पारदर्शी समाज, चेतनशील र सिर्जनशील नागरिक, स्वस्थ्य, स्वच्छ एवं नैतिक सामाजिक व्यवस्था र उत्तरदायी सरकार एवं अनुशासित, मर्यादित, व्यवसायिक र गतिशील आमसञ्चार जगत |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।**<br><br>**तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा संघीय इकाइ*बीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, झूटो सामग्री प्रकाशन वा प्रशारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल र छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।** | | लोकतन्त्रका आधरस्तम्भ भएकोले जनताले सत्य तथ्यको जानकारी पाउन, निर्णय प्रकृयामा सहभागी हुन, समाजलाई गतिशीलता प्रदान गर्न, लोकतन्त्रको संस्थागत विकास र सुदृढिकरणकालागि स्वच्छ र सिर्जनशील जनमतको निर्माण गर्न, सरकारका काम कारवाहीहरूलाई पारदर्शी र उत्तरदायी बनाउन समेतका लागि प्रकाशन र प्रशारणका सबै प्रकारका माध्यमहरूबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न कुनै प्रकारको पूर्व प्रतिबन्ध लगाउन नपाउने व्यवस्था सुनिश्चित गर्दै यसै उपधाराको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही जनताको जान्न पाउने हक सुरक्षित गर्न यो व्यवस्था गरिएको छ ।<br><br>तर राष्ट्रिय हित र सार्वजनिक हित सदैव नागरिकको अधिकारभन्दा सर्वोपरि हुने भएकोले राष्ट्रिय हित, सार्वजनिक शिष्टाचार र नैतिकताको संरक्षण, अपराधको नियन्त्रण गर्ने समेतको सन्दर्भमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा विद्वेष फैलाउने कार्य वा राज्यद्रोह, न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा हुने नीतिगत, सैद्धान्तिक र प्राज्ञिक बहस र टिप्पणीलाई अदालतको अवहेलना नमानिने स्पष्ट गर्दै अदालतको अवहेलना हुने वा झूठो सामग्री प्रकाशन वा प्रशारण गरी व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने कार्य वा अपराधको दुरुत्साहन गर्ने कार्य वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुलको कार्य वा बालबालिकालाई नकारात्मक असर पर्ने वा अश्लील चित्रण गर्ने वा छुवाछुत, जातीय वा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा राज्यले आवश्यकता अनुसार न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत यस हक उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने कानून बनाउन यो व्यवस्था गरिएको छ । |
| | | (२) **कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा** | | निष्पक्ष, स्वतन्त्र, निर्भीक र सुरक्षित आम सञ्चार जगतबाट मात्र नागरिकको विचार अभिव्यक्ति गर्ने तथा सुसूचित हुने हक सुरक्षित हुने |

| | | | | |
|---|---|---|---|---|
| | | **प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।** | | भएकोले केवल कुनै पनि श्रव्य, दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्री प्रकाशन तथा प्रसारण गरे वा छापे वापत मात्र त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य कुनै पनि प्रकारको सञ्चार माध्यमलाई राज्यबाट बन्द, जफत वा दर्ता खारेज नहुने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | नागरिकको विचार अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हक सुरक्षित र संरक्षित गर्न आम सञ्चारको प्रमुख माध्यमको रुपमा रहेको प्रकाशन माध्यम अन्तर्गतका सम्पादकीय स्वतन्त्रतालाई सुरक्षित र संरक्षित गर्दै केवल कुनै पनि लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे वापत मात्र विचार अभिव्यक्तिको एक प्रमुख माध्यमको रुपमा रहेका सामाचारपत्र, पत्रिका वा छापाखानालाई बन्द नगरिने, जफत नगरिने वा त्यस्तो पत्रपत्रिका वा छापाखानाको दर्ता खारेज नहुने कुराको संवैधानिक प्रत्याभूति प्रदान गर्न तथा केवल कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गर्ने कार्यलाई कानून बमोजिम दण्डनीय बनाउँदै त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) **कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।** | | नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई सुरक्षित र संरक्षित गर्न सूचना र जानकारी प्राप्त गर्ने माध्यमका रुपमा रहेका छापा, विद्युतीय प्रशारणका साधनहरू तथा जनताका आधारभूत आवश्यकताका रुपमा रहेका दूरसञ्चारका साधनहरूलाई कसैले पनि स्वेच्छाचारी वा मनोमानी रुपमा अवरुद्ध गर्न नसक्ने तथा अवरुद्ध गर्नु परेमा पनि कानून बमोजिम मात्र गर्न सक्ने सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ५. | **न्याय सम्बन्धी हक** | **न्याय सम्बन्धी हक:** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । | | कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता गैरकानूनी वा स्वेच्छाचारी किसिमबाट हनन नहोस् वैयक्तिक स्वतन्त्रता हनन भएका कुनै पनि व्यक्तिलाई आफ्नो पक्राउको कारण सहितको सूचना आफूले बुझ्ने भाषामा समयमा नै प्राप्त गरी सरल र सहज रुपमा आफ्नो कानूनी प्रतिरक्षा गर्न सकोस् तथा त्यस्तो जानकारी नपाई कसैले पनि थुनामा बस्नु नपरोस् भन्ने अवस्था सुनिश्चित गर्दै राज्यबाट हुन सक्ने स्वेच्छाचारी र मनोमानी पक्राउ विरुद्ध व्यक्तिको वैयक्तिक स्वतन्त्रता संरक्षित र सुरक्षित गर्न यो हकको व्यवस्था गरिएको छ । |
| | | (२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।<br><br>तर निवारक नजरबन्दमा रहेको गैरनेपाली नागरिक र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।<br><br>**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउनेछ । | | कानूनको अज्ञानता क्षम्य नहुने मान्यताका आधारमा पक्राउ परेको व्यक्तिले कानूनी प्रतिरक्षा गर्न, आफू उपरको कसुर वा आरोपका बारेमा सूचित-निर्णय (Informed Decision) गर्दै उपयुक्त कानूनी कदम चाल्न र यथोचित प्रतिनिधित्व मार्फत मुद्दाका पक्षहरूलाई समान व्यवहार सुनिश्चित गर्न पक्राउ भएकै समयदेखि अनुसन्धानको क्रममा समेत कानून व्यवसायी राख्न र सल्लाह लिन पाउने, कानून व्यवसायी रोज्न पाउने, कानून व्यवसायीबाट प्रतिरक्षा वा पुर्पक्ष गर्न वा गराउन पाउने तथा कानून व्यवसायीसँग गोप्य रुपमा लिएको सल्लाह प्रकट गर्न बाध्य नपारिने अधिकार सुनिश्चित गर्न यो हकको व्यवस्था गरिएको छ । यस हकको व्यवस्थाले कानून व्यवसायी मार्फत कानूनी प्रतिरक्षा वा पुर्पक्ष गर्न गराउन पाउने विषय अन्तर्गत अपराध अनुसन्धान तहकिकातको क्रममा अभियुक्तलाई पक्राउ गर्न तथा अभियुक्तलाई थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्ने गरी कानून बनाउन र लागू गर्न राज्यलाई बाधा पर्दैन । व्यक्तिगत हक अधिकार भन्दा राष्ट्रिय हित र सुरक्षा सर्वोपरि हुने भएकोले यो हक निवारक नजरबन्दमा रहेको गैरनेपाली नागरिक र शत्रु राज्यको नागरिकको हकमा लागू नहुने गरी यस्तो व्यवस्था गरिएको छ । |
| | | (३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक | | प्रत्येक व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्दै राज्यद्वारा हुन सक्ने स्वेच्छाचारी र मनोमानी रुपमा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हनन्बाट बचाउन, पक्राउ परेका बखत पक्राउ गर्ने अधिकारीका काम कारवाहीका सम्बन्धमा उजुर गर्न पाउने अवस्था सिर्जना गर्न, पक्राउ भएको यथाशक्य |

| | | | | |
|---|---|---|---|---|
| | | **पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।** <br> **तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।** | | चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउन र त्यस्ता अधिकारीको न्यायिक आदेशले मात्र थुनामा बस्ने तथा गैरकानूनी थुनाबाट मुक्त हुन पाउने अवस्था सुनिश्चित गर्न यो हकको व्यवस्था गरिएको छ । यो हक नेपालको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार भई निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु राज्यको नागरिकको हकमा लागू नहुने व्यवस्था गरिएको छ । |
| | | **(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।**[+] | | कुनै व्यक्तिले विगतमा गरेका कसुर नमानिने काम कारवाहीलाई भविष्यमा कानून बनाएर अपराध घोषित नगरिने तथा अपराध गर्दा कामय रहेको सजाय भन्दा बढी सजाय नहुने तर विगतमा भएका कसुरको सजाय घटाउने वा अभियुक्तलाई सजायमा आंशिक वा पूरै छुट दिने विषयमा यो सिद्धान्त आकर्षित नहुने गरी राज्यलाई स्वेच्छचारी र मनोमानी हुनबाट रोक्दै वैयक्तिक स्वतन्त्रताको रक्षा गर्न तथा विगतमा कसुर नठहर्ने कुनै काम कारवाही गरे वापत कुनै पनि व्यक्तिलाई सजाय नहुने र कसुर गर्दाका बखत प्रचलित कानूनले तोकेको सजाय भन्दा बढी सजाय भोग्न नपर्ने हकको सुनिश्चिततताका लागि यो व्यवस्था गरिएको छ । |
| | | **(५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।** | | सक्षम अदालतबाट दोषी ठहर नभएसम्म कसुरदार नमानिने र सामान्यतया नागरिक अपराधिक मनोवृत्तिमा संलग्न हुँदैनन् भन्ने मान्यताका आधारमा अभियोगको आधारमा मात्र कोही दोषी नहुने, दोषी ठहर हुन कानूनको आवश्यक कार्यविधि पूरा हुनु पर्ने, कानूनले अपराध ठहरिने कार्य भएको हुनु पर्ने, त्यस्तो व्यक्ति उपर मुद्दा चली पुर्पक्ष तथा अनुसन्धान तहकिकात भएको हुनु पर्ने र प्रमाणका आधारमा सक्षम निकायले दोषी ठहर गर्नु पर्ने समेतका प्रकृयाहरू पूरा हुनु पर्ने हुन्छ । अपवाद स्वरुप प्रमाणको भार प्रतिवादी उपर रहने गरी पनि कानून बनाउन र लागू गर्न बाधा नपर्ने गरी कुनै पनि अभियोग लागेको व्यक्ति उपर केवल अभियोग लागेकै भरमा कुनै पूर्वाग्रह नराखी निजले गरेको |

[+] थप प्रावधान राख्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (६) **कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।** | | एउटै व्यक्तिलाई एउटै कसुरमा एकपटक भन्दा बढी खतरामा राख्ने प्रचलनले व्यक्तिको जीवन र स्वतन्त्रता सधैं राज्यको खतरामा पर्ने र पटक-पटक एकै कसुरमा मुद्दा चलाउँदा व्यक्तिको स्वतन्त्रता गुम्ने मात्र होइन राज्यको स्रोत, साधन र शक्तिको दुरुपयोग समेत हुने भएकोले कुनै कसुरमा एक पटक सक्षम अदालतले फैसला गरिसके पछि पुनः सोही कसुरका सम्बन्धमा कुनै व्यक्तिलाई एक पटक भन्दा बढी मुद्दा नचलाइने वा सजाय नगरिने तर एकै कार्यबाट दुई अलग अलग प्रकृतिका कसुर गरेको अवस्थामा, पुनरावेदन गरेकोमा र प्रशासकीय निर्णयका सन्दर्भमा यो हक आकर्षित नहुने गरी तथा सोही कसुरमा संलग्न अन्य कसुरदारहरू समेत उपर मुद्दा चलाइ सजाय गर्न, प्राप्त प्रमाणका आधारमा अदालतको अनुमति लिई अभियुक्तलाई थप अभियोग लगाउन पनि सक्ने कानून बनाउन राज्यलाई बाधा नपर्ने गरी कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने वा सजाय नदिइने गरी यो हकको व्यवस्था गरिएको छ । |
| | | (७) **कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।** | | अनुसन्धान तहकिकात सम्बन्धी कारवाहीको सिलसिलामा राज्य पक्षले प्रमाण संकलन गर्दा करकाप, डर, त्रास, धम्की वा अन्य कुनै प्रलोभन वा दवावमा कसुर सावित गराउने प्रयत्न हुन सक्ने भएकोले कुनै व्यक्तिले व्यक्तिले आफ्नो स्वेच्छा र राजीखुसीले बाहेक डर, त्रास, प्रलोभन वा दवावमा परी आफ्नै विरुद्ध प्रमाण दिन बाध्य नहोस् भन्ने उद्देश्यले स्वच्छ न्याय समेतको अभियुक्तको सुविधाको रुपमा यो हकको व्यवस्था गरिएको छ । कानून बमोजिम वा अदालतको आदेशले अपराधको अनुसन्धानको प्रयोजनका लागि कसुरको अभियोग लागेको व्यक्तिको मञ्जूरी नभएमा पनि व्यक्तिका अधिकार अन्तर्गतका स्थान, सामग्री वा विवरणको खानतलासी वा अध्ययन अवलोकन गरी प्रमाण संकलन गर्न सकिने तथा निजको नमूना हस्ताक्षर, औंठा छाप, रगत, वीर्य, रौ, र्‍याल जस्ता प्रकृतिका भौतिक प्रमाणहरू सङ्कलन गर्न सकिने गरी अभियोग लागेको व्यक्तिलाई चूप रहन पाउने, लागेको कसुरको प्रतिवाद गर्न पाउने, आफ्नो विरुद्धका लिखित वा मौखिक प्रमाण पेश गर्न बाध्य नहुने |

| | | | | |
|---|---|---|---|---|
| | | | | समेतका सुविधाहरू निजले नत्यागेसम्म प्रयोग गर्न पाउने गरी यो हकको व्यवस्था गरिएको छ । |
| | | (८) **प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।** | | प्रत्येक व्यक्तिलाई आफू विरुद्धको वा आफ्नो सरोकारको कारवाहीको सूचना समयमा नै प्राप्त हुन नसकेमा व्यक्तिले जानकारीको अभावमा सूचित निर्णय (Informed Decision) गर्न नसक्ने, सही रुपमा कानूनी प्रतिरक्षा गर्न नसक्ने भई जीवन, स्वतन्त्रता र सम्पत्ति सम्बन्धी अधिकार हनन हुन जाने भएकोले अपराधको अभियोग लागेको व्यक्तिलाई निज विरुद्धको अभियोग, आदेश वा कारवाही, फैसला वा निर्णय, पुनरावेदन सम्बन्धी कारवाहीहरू समेतका जानकारीहरू आफूले बुझ्ने भाषामा आफैं वा प्रतिनिधि मार्फत समयमा नै प्राप्त गर्ने गरी यो हकको व्यवस्था गरिएको छ । तर, कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना तथा जानकारी दिन सम्बन्धित निकाय वाध्य हुनेछैन । |
| | | (९) **प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।** | | कुनै पनि व्यक्तिका हक अधिकारको अतिक्रमण भएमा त्यसको प्रचलनका लागि न्यायिक निकाय समक्ष जान पाउने व्यक्तिको नैसर्गिक अधिकार भएकोले निष्पक्ष, स्वतन्त्र र सक्षम न्यायिक निकायहरूबाट स्वच्छ सुनुवाई हुनु पर्ने, सुनुवाई खुला र सार्वजनिक रुपमा हुनु पर्ने, आफ्नो भनाइ राख्न पर्याप्त समय र उचित अवसर पाउनु पर्ने, कानून व्यवसायी राख्न पाउने, साक्षी प्रमाण प्रस्तुत गर्न र विपक्षीका साक्षीलाई जिरह गर्न पाउने, न्यायिक मनको प्रयोग गर्दै प्रमाणका आधारमा मुद्दाको फैसला हुनु पर्ने, पुनरावेदन गर्न पाउने समेतका अधिकारहरू सुरक्षित गर्न यो हकको व्यवस्था गरिएको छ । अर्ध न्यायिक निकायहरूबाट समेत न्यायिक काम कारवाहीहरू सम्पादन हुने सन्दर्भमा त्यस्ता निकायहरूलाई पनि निष्पक्ष, स्वतन्त्र र सक्षम बनाउँदै त्यस्ता निकायमा कार्यरत पदाधिकारीको क्षमता र व्यवसायिक दक्षता अभिवृद्धि तथा न्यायिक निरीक्षण र सुपरिवेक्षणलाई प्रभावकारी बनाउँदै अर्धन्यायिक निकायले सामान्यतया कैदको सजाय गर्न नपाउने वा त्यस्तो सजाय दिनु पर्ने भए न्यायिक निकायबाट अनुमोदन गरेर मात्र त्यस्तो सजाय कार्यान्वयन हुने व्यवस्था गर्दै प्रत्येक व्यक्तिको स्वच्छ सुनुवाईको हकलाई सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (१०) **असमर्थ पक्षलाई नि:शुल्क कानूनी सहायता पाउने हक हुनेछ ।** | | वितरणमुखी न्यायको मान्यता र समानताको सिद्धान्त अनुरुप सबैमा न्यायको समान पहुँच सुनिश्चित गर्न आर्थिक सम्पन्नता र विपन्नताका आधारमा न्यायमा पहुँच हुने र नहुने अवस्थाको सिर्जना हुन नदिन यो हकको व्यवस्था गरिएको छ । निश्चित र वस्तुनिष्ठ आधारमा आर्थिक रुपले असमर्थ पक्षलाई कानून व्यवसायीको प्रतिनिधित्व सुनिश्चित गर्दै नि:शुल्क रुपमा कानूनी सहायता प्राप्त हुने, कानूनी अभिलेख तयार गर्ने देखि लिएर प्रतिरक्षा समेतसम्म यो सहायता विस्तार हुने र आर्थिक रुपले विपन्न व्यक्तिलाई न्यायिक काम कारवाहीको सन्दर्भमा लाग्ने सरकारी दस्तुर र शुल्कहरू मिनाहा हुने समेतका विषयलाई अन्तरवस्तुको व्यवस्था गर्दै आर्थिक रुपले असमर्थ अभियुक्त, अपराधका पीडित वा मुद्दाका जुनसुकै पक्षले राज्यतर्फबाट नि:शुल्क कानूनी सहायता प्राप्त गर्ने गरी यो हकको व्यवस्था गरिएको छ । |
| ६. | **अपराधका पीडितको हक** | **अपराधका पीडितको हक:** (१) **अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।** | | अपराधका पीडितले आफू पीडित भएको अपराधका सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकायबाट अनुसन्धान तहकिकात सम्बन्धी तथा त्यस्तो मुद्दाका सम्बन्धमा हुने कारवाहीको जानकारी पाउने पीडितको हक प्रत्याभूत गर्न यसप्रकारको व्यवस्था गरिएको छ । |
| | | (२) **अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | कुनै अपराधको परिणाम स्वरुप पीडामा परेका र संरक्षणको आवश्यकता भएका पीडितहरूलाई संरक्षण गर्न संरक्षकीय दायित्व भएको राज्य अझ बढी उत्तरदायी हुनु पर्ने सन्दर्भमा अपराधका पीडितको सम्मानपूर्वक बाँच्न पाउने अधिकारका साथै मानव मर्यादा र प्रतिष्ठाको संरक्षण गर्न दोषी व्यक्तिलाई सजाय गर्दै पीडितको हक समेत सुरक्षित र संरक्षित गर्नु आवश्यक हुन्छ । नेपालको आज सम्मको कानूनी तथा फौजदारी न्याय सम्बन्धी अभ्यासमा कसुरदारबाट दण्ड जरिवाना असूल गरी राज्यको कोषमा जम्मा हुने तर पीडितले राज्यबाट कुनै राहत नपाउने विद्यमान व्यवस्था वितरणमुखी न्याय अनुकूल नभएकोले अपराधका पीडितको हक संरक्षण गर्न अपराधबाट पीडित व्यक्तिलाई सरकारले तत्काल स्वास्थ्योपचार गर्ने तथा अपराधका पीडितले कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गर्न यो हकको व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ७. | **यातना विरुद्धको हक** | **यातना विरुद्धको हक:** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । | | यातना विरुद्धको हक अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको जुनसुकै व्यक्तिलाई प्राप्त हुने हक हो । यातना दिने कार्य मानव मर्यादा र प्रतिष्ठा विपरितको अपराध तथा मानव अधिकारको गम्भीर उल्लङ्घन हो । राज्यको नियन्त्रणमा रहेको व्यक्ति उपर शारीरिक वा मानसिक यातना, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार हुन सक्ने संभावना र यातनाको कारण अपराधमा सावित भई कुनै व्यक्तिको जीवन र स्वतन्त्रता खतरामा पर्न सक्ने भएकोले मानवीय स्वतन्त्रता, न्याय र शान्ति तथा मानवीय गरिमालाई बचाइ राख्न, राज्यलाई स्वेच्छाचारी हुन नदिन र व्यक्तिको आधारभूत अधिकारको रक्षाको लागि राज्य वा यसका निकायहरूबाट अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अन्य कुनै किसिमले थुनामा रहेको अवस्थामा यातना नदिने, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगर्ने विषयको संवैधानिक प्रत्याभूतिको लागि यो व्यवस्था गरिएको छ । |
| | | (२) उपधारा (१) **बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार भएमा राज्य तथा त्यस्तो कार्यमा संलग्न अधिकारीलाई अवस्था अनुसार व्यक्तिगत रुपमा समेत उत्तरदायी र जवाफदेही बनाउँदै त्यस्तो कार्य कानून बमोजिम दण्डनीय बनाउन एवं यातनाबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| ८. | **निवारक नजरबन्द विरुद्धको हक** | **निवारक नजरबन्द विरुद्धको हक:** (१) **नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।** | | यो हक नेपाली नागरिक वा गैरनेपाली नागरिक सबै व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । व्यक्तिगत हित भन्दा राष्ट्रिय हित नै सर्वोपरि हुने भएकोले सार्वभौमसत्ता र अखण्डता, सार्वजनिक शान्ति र व्यवस्था बचाई राख्न व्यक्तिका कतिपय आन्तरिक वा वाह्य कृयाकलापद्वारा सार्वजनिक सुरक्षा, राज्यको प्रतिरक्षा समेतमा नकारात्मक असर पार्ने भएमा त्यस्तो विशिष्ट अवस्थामा व्यक्तिका अवाञ्छित गतिविधिहरूलाई अस्थायी रुपले नियन्त्रण गरी वैयक्तिक स्वतन्त्रतामाथि नियन्त्रण गर्न निरोधात्मक |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रकृतिको निवारक नजरबन्द सम्बन्धी व्यवस्थालाई आवश्यक खराबी (Necessary evil) को रुपमा स्वीकार गरिएकोले स्वेच्छाचारी र मनोमानी रुपमा राज्यले कसैलाई पनि नजरबन्दमा नराख्ने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गंभीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिइनेछ ।** | | नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गंभीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहने व्यक्तिको स्थितिका बारेमा नजरबन्दमा राख्ने अधिकारीले निजका परिवारका सदस्यलाई अनिवार्य रुपमा जानकारी दिनु पर्ने गरी यो व्यवस्था गरिएको छ । |
| | | (३) **निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | स्वेच्छाचारी तथा मनोमानी रुपमा वैयक्तिक स्वतन्त्रताको अपहरणबाट रोक्न, यस सम्बन्धी व्यवस्थाको दुरुपयोग हुन नदिन तथा पर्याप्त आधार विना नजरबन्द राखिएको व्यक्ति त्यस्तो नजरबन्दबाट मुक्त हुन पाउने र सो कार्यबाट निजलाई पुग्न गएको क्षतिवापत कानून बमोजिम उचित क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गर्न क्षतिपूर्तिको रकम र अन्य व्यवस्था कानून बमोजिम हुने गरी यो व्यवस्था गरिएको छ । |
| ९. | **छुवाछुत तथा भेदभाव विरुद्धको हक** | **छुवाछुत तथा भेदभाव विरुद्धको हक:** (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन । | | जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा हुने सबैप्रकारका छुवाछुतलाई उन्मुलन गर्दै कुनै पनि व्यक्तिलाई निजको जात, जाति, उत्पत्ति, समुदाय वा निजको पेशा वा महिलालाई रजस्वलाको अवस्था वा शारीरिक वा मानसिक रुपमा अपाङ्गता भएका व्यक्तिलाई वा कुनै रोगीको अवस्था विशेषको आधारमा भेदभाव गर्न नपाइने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास** | | कुनै वस्तु वा सेवा वा सुविधा उत्पादन वा वितरण वा प्रदान गर्दा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद गर्न वा प्राप्त गर्न रोक लगाउन नपाइने तथा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा उपलब्ध गराउने गरी कुनै पनि वस्तु वा सेवा वा सुविधाको उत्पादन |

| | | | | |
|---|---|---|---|---|
| | | **जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।** | | वा वितरण वा प्रदान नगरिने वा कुनै खास जात, जातिको व्यक्तिलाई कुनै कुनै वस्तु, सेवा वा सुविधा खरीद वा प्राप्त गर्नबाट रोक लगाउन पाइने अवस्था सुनिश्चित गर्दै वस्तु, सेवा वा सुविधाको उपभोगमा जातीय भेदभाव गर्न नपाइने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।** | | कुनै खास जात वा जाति वा उत्पत्तिका व्यक्ति वा समुदायलाई सामाजिक, साँस्कृतिक वा अन्य जुनसुकै आधारमा ठूलो, सानो वा उँचो वा नीच देखाउने वा जात वा छुवाछुत वा जातिको आधारमा हुने गरेको विभेदलाई न्यायोचित मान्ने वा जातीय सर्वोच्चता वा नीचता देखाउने वा कुनै जात वा जाति विरुद्ध घृणा गर्ने प्रकारको कुनै पनि माध्यम वा प्रकारले गर्ने प्रचार प्रसारमा रोक लगाउन तथा कुनै पनि प्रकारले जातीय विभेद गर्ने कार्यमा रोक लगाउन यो व्यवस्था गरिएको छ । |
| | | **(४) जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न पाइने छैन ।** | | कुनै व्यक्तिलाई जातीय आधारमा भेदभाव गरी वा छुवाछुत गरी निजको इच्छा विपरित कुनै काम गर्न बाध्य नपारिने तथा सार्वजनिक वा निजी जुनसुकै प्रकारको कार्यस्थलमा पनि जातीय आधारमा कुनै प्रकारको भेदभाव गर्न नपाइने गरी रोक लगाउन यो व्यवस्था गरिएको छ । |
| | | **(५) छुवाछुत तथा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधको रुपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुनेछ ।** | | यस धारा बमोजिमका सबै प्रकारका छुवाछुत र भेदभावका कार्यलाई सामाजिक अपराधको रुपमा कानून बमोजिम दण्डनीय बनाउन तथा त्यस्तो भेदभावबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **१०.** | **सम्पत्ति सम्बन्धी हक** | **सम्पत्ति सम्बन्धी हक:** (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।[+] | | सम्पत्ति सम्बन्धी हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक नागरिकलाई चल, अचल, ख्याति, पेटेण्ट, डिजाइन, ट्रेडमार्क, कलात्मक सिर्जना लगायतका बौद्धिक सम्पत्ति समेत कानून बमोजिम आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने वा सम्पत्तिको अन्य कारोवार गर्ने समेतका हकहरू सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | (२) **प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।** | | राज्य भित्रको सम्पत्तिमा कर लगाउने राज्यको अन्तरनिहित अधिकार भएको सन्दर्भमा राज्यले व्यक्तिको सम्पत्तिमा प्रगतिशील करको मान्यता अनुरुप आवश्यकतानुसार कर लगाउने गरी यो व्यवस्था गरिएको छ । |
| | | (३) **सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।**+<br><br>**तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।** | | सम्पत्ति सम्बन्धी हक व्यक्तिगत हक हो । व्यक्तिको सम्पत्तिमा राज्यले कर लगाउने बाहेक मनोमानी र स्वेच्छाचारी रुपले अधिग्रहण वा अन्य कुनै प्रकारले वैयक्तिक अधिकार समाप्त गर्न पाउँदैन । केवल सार्वजनिक हितका लागि व्यक्तिको कानूनी सम्पत्तिमा राज्यले प्रवराधिकार (Power of eminent domain) को मान्यताको आधारमा व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न वा प्राप्त गर्न सक्छ । त्यसैले सार्वजनिक हितका लागि मात्र राज्यले कुनै पनि व्यक्तिको कानून सम्मत सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न सक्ने, यसै उपधाराको प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम बाहेक कुनै व्यक्तिको सम्पत्तिमा राज्यले कुनै पनि प्रकारको अधिकार सिर्जना गर्न नसक्ने सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । कुनै व्यक्तिले गैर कानूनी ढङ्गले कमाएको सम्पत्ति राज्यले जफत गर्न, प्राप्त गर्न वा त्यस्तो सम्पत्तिमा अधिकारको सिर्जना गर्ने सम्बन्धमा भने यो हकको दावी पुग्न सक्तैन । |
| | | (४) **वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम क्षतिपूर्ति** | | भूमि प्राकृतिक सम्पदा र उत्पादनको प्रमुख साधन भएकोले कृषि प्रधान हाम्रो मुलुकमा भूमिमा किसानको स्वामित्व स्थापित गर्दै भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा यसको सही रुपमा व्यवस्थापन गर्न वैज्ञानिक भूमिसुधार लागू गरी कुनै व्यक्तिको कानून सम्मत सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै प्रकारको हक सिर्जना गर्दा कानून बमोजिम मात्र गर्न सकिने र सोको लागि कानून बमोजिमको प्रकृया तथा |

| | | | | |
|---|---|---|---|---|
| | | **दिइनेछ । क्षतिपूर्तिको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।*** <br><br> **(५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ ।+** | | कार्यविधि अपनाइने एवं त्यसबाट असर पर्ने व्यक्तिले उचित क्षतिपूर्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **११.** | **धार्मिक स्वतन्त्रताको हक** | **धार्मिक स्वतन्त्रताको हक: (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ ।** <br><br> **तर कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने कृयाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन ।** | | यो हक प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । धार्मिक स्वतन्त्रताको हक अन्तर्गत प्रत्येक व्यक्तिलाई धार्मिक आस्था, विचार, सद्विवेकको अधिकार हुने, आफूले रोजेको धर्म अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता रहने तथा आफ्नो इच्छामा धर्म परिवर्तन गर्न पाउने अधिकार, धर्मको आधारमा राज्यबाट कुनै प्रकारको विभेद नहुने, व्यक्तिगत वा सामूहिक रुपमा धार्मिक कृयाकलाप, अनुष्ठान वा पूजाआजा गर्न पाउने अधिकार तथा कुनै पनि धर्म नमान्न वा कुनै धर्मको अवलम्बन गर्नबाट स्वतन्त्र रहन पाउने स्वतन्त्रता समेत पर्दछन् । साथै प्रत्येक व्यक्तिको धार्मिक अधिकारहरूको संरक्षण र सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने कृयाकलाप गर्न गराउन वा कसैलाई दवाव वा प्रभावमा पारी कसैले कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने गरी कुनै काम वा व्यवहार गर्ने कार्यमा यो हकको दावी पुग्न सक्तैन । यस्तो कार्य दण्डनीय समेत बनाउन समेतको लागि यो व्यवस्था गरिएको छ । |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।
+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | (२) **प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।**+ | | यो हक सामुदायिक अधिकार अन्तर्गत सबै धार्मिक सम्प्रदायलाई प्रदान गरिएको हक हो । यस हक अन्तर्गत राज्यबाट सबै धर्मलाई समान व्यवहार हुने, सामूहिक रुपमा धर्मको अवलम्वन र अभ्यास गर्ने, पूजा आजा, धार्मिक कृयाकलापहरू सञ्चालन गर्न पाउने, कानून बमोजिम धार्मिक गुठी, संस्थाहरू खोल्ने र पारदर्शी ढङ्गले सञ्चालन गर्न पाउने जस्ता अधिकारहरू पर्दछन् । राज्यले सबै धर्मप्रति समभाव राखी मुलुकमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्ने तथा राष्ट्रिय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन गर्ने राष्ट्रको अधिकार तथा दायित्वलाई आत्मसात् गर्दै आफ्नो धर्मको अवलम्वन र अभ्यास गर्दा अरुको धार्मिक स्वतन्त्रतामा असर नपुऱ्याउने गरी प्रत्येक धार्मिक समुदायलाई पारदर्शी रुपमा धार्मिक कृयाकलाप र संघ संस्थाहरू खोल्न र सञ्चालन गर्न पाउने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **१२.** | **सूचनाको हक** | **सूचनाको हक: प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।**<br>**तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।** | | यो हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । यो हक नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको विस्तारित रुप हो । खुल्ला र पारदर्शी समाजको निर्माण र प्रवर्द्धन गर्न, शासन व्यवस्थामा जनताको सार्थक सहभागिता सुनिश्चित गर्न, राज्य संयन्त्रलाई खुल्ला, पारदर्शी र जवाफदेही बनाउन, सार्वजनिक निर्णय प्रकृयामा जनताको सहभागिता बढाउन, खुल्ला र पारदर्शी संस्कृतिको निर्माण गर्दै लोकतन्त्रलाई संस्थागत र सुदृढीकरण गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासको लागि मुलतः राज्य संयन्त्रमा रहेका सूचनामा नागरिकको पहुँचको अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । प्रत्येक नागरिकलाई राज्य संयन्त्र वा सार्वजनिक निकायमा रहेका मुद्रित, लिखित वा अन्य कुनै स्वरुप र माध्यममा रहेका जानकारी, सूचना, तथ्यांक वा त्यस्ता निकायका काम कारवाही सम्बन्धी जानकारी एवं त्यस्ता निकायमा रहेका त्यस्ता सूचनाहरू माग गर्ने तथा त्यस्ता सूचनाको लिखित, मुद्रित वा श्रव्य दृश्य सामग्रीको प्रतिलिपि प्राप्त गर्ने, विद्युतीय वा अन्य स्वरुप वा माध्यममा |

+ थप प्रवधान राख्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | रहेका सूचना प्राप्त गर्ने एवं त्यस्तो सूचना रहेको स्थानको अवलोकन गर्ने समेतका हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । तर राष्ट्रिय सुरक्षा, वैयक्तिक गोपनीयता, व्यापारिक, मौद्रिक गोप्यता, अपराधको अनुसन्धान, कारवाहीयुक्त अवस्थामा रहेका अपरिपक्व सूचनाहरू जस्ता राष्ट्रिय महत्वका दृष्टिले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनालाई गोप्य राख्न र त्यस्ता सूचनामा सूचनाको हक दावी पुग्न नसक्ने भएकोले कानून बमोजिम गोप्य राख्नु पर्ने विषयमा सूचनाको हकको दावी पुग्न सक्तैन । |
| १३. | **गोपनीयताको हक** | **गोपनीयताको हक:** कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ । | | यो हक प्रत्येक व्यक्तिलाई प्राप्त हक हो । व्यक्तिको स्वायत्तता, सम्मान र मर्यादासँग जोडिएका निजी विषयहरू- व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र जस्ता विषयहरूले राज्यलाई हानि नपुर्‍याएसम्म तथा राष्ट्रिय वा सार्वजनिक हितको संरक्षणको सन्दर्भमा आवश्यक नभएसम्म व्यक्तिको गोपनीयतालाई सम्मान र संरक्षण गर्न यो व्यवस्था गरिएको छ । राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, कर प्रयोजन, अपराधको अनुसन्धान जस्ता विषयमा वैयक्तिक अधिकार तथा राष्ट्रिय एवं सार्वजनिक हितबीच समुचित सन्तुलन कायम गर्दै कानूनले तोकेको अवस्थामा यो हकको दावी पुग्न सक्तैन । |
| १४. | **शोषण विरुद्धको हक** | **शोषण विरुद्धको हक:** (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । | | मानव जन्मजात स्वतन्त्र र अधिकार तथा मर्यादामा समान भएकोले कुनै व्यक्ति माथिको शोषण उसको अधिकार र मर्यादाको उल्लंघन हो । मानिसले मानिस उपर गर्ने जुनसुकै प्रकारको शोषण र दमन राजनीतिक, कानूनी, आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य कुनै आधारमा पनि न्यायोचित हुन नसक्ने कुरा सुनिश्चित गर्न र जुनसुकै प्रकारको शोषण, दमन र अन्यायबाट मुक्त हुँदै मर्यादित र सम्मानित रुपमा बाँच्न पाउने प्रत्येक व्यक्तिको जन्मसिद्ध अधिकारलाई संवैधानिक रुपमा प्रत्याभूत गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।** | | शोषणको व्यापक दायरा अन्तर्गत आर्थिक, सामाजिक, सांस्कतिक वा धार्मिक आधारमा व्यक्तिको मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने हकको विरुद्ध सबै प्रकारका शोषण, दमन र अन्यायलाई अन्त्य गर्न एवं शोषणको |

| | | | | |
|---|---|---|---|---|
| | | | | रुपमा रहेका कमैया, कम्लरी, हरूवा, चरुवा, हलिया, घरेलु मजदूर, हिजडा, नटुवा, यौनजन्य दासता, शोषण र दुर्व्यवहार एवं स्वदेशी वा वैदेशिक रोजगारीको सन्दर्भमा हुने शोषणलाई समेत अन्त्य गर्न यस प्रकारको व्यवस्था गरिएको छ । |
| | | (३) **मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | प्रत्येक व्यक्तिलाई मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको प्रत्याभूत गर्दै देहव्यापार, मानव अङ्ग तस्करी लगायत जुनसुकै प्रयोजनका लागि मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने हक सुनिश्चित गर्न तथा त्यस्तो कार्यलाई कानून बमोजिम दण्डनीय बनाउन र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडितबाट उचित क्षतिपूर्ति पाउने व्यवस्था गर्न यस्तो यस प्रकारको व्यवस्था गरिएको छ । |
| | | (४) **कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।**<br>**तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।** | | प्रत्येक व्यक्तिलाई आफ्नो इच्छा अनुसार काम रोज्ने स्वतन्त्रता रहन्छ । निजको इच्छा विरुद्ध काममा लगाउन नपाउने व्यवस्था गर्न तथा इच्छा विपरित कुनै काममा लगाई शोषण गर्न नपाउने सुनिश्चितताको लागि यो व्यवस्था गरिएको छ ।<br>तर प्रत्येक नागरिकका राष्ट्रप्रति सेवा भाव राख्ने, राष्ट्रको विपत्तिमा सेवा गर्ने लगायतका विभिन्न दायित्वहरू पनि रहेका हुन्छन् । सार्वजनिक प्रयोजनको लागि राज्यले नागरिकलाई सेवामा लगाउने विषय राज्यको अधिकार र सचेत नागरिकको राज्यप्रतिको दायित्व भएकोले सार्वजनिक प्रयोजनको लागि राज्यले कानून बनाएर अनिवार्य सेवा लिन सक्ने विषयमा इच्छा विरुद्ध काममा लगाउन नपाइने हकको दावी पुग्न सक्तैन । |
| **१५.** | **वातावरण सम्बन्धी हक** | **वातावरण सम्बन्धी हक:** (१) **प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुनेछ ।** | | स्वच्छ र स्वस्थ वातावरणको हक प्रत्येक व्यक्तिको मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग अन्तरसम्बन्धित रहेको तथा वर्तमान पुस्ताका प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणको अधिकार सुनिश्चित गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग समेतका लागि तथा भावी पुस्तालाई स्वच्छ र स्वस्थ वातावरण प्राप्त गर्ने समन्यायिक अधिकार सुरक्षित गर्न स्वस्थ, स्वच्छ र दिगो वातावरणको हकको व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) **प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकुलनको हक हुनेछ ।** | | प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनबाट पर्न सक्ने असरहरूको पूर्वजानकारी प्राप्त गर्ने तथा सोही अनुकल प्रत्येक व्यक्तिले जलवायु परिवर्तनका दुष्परिणामहरूबाट सुरक्षित रहन पाउने गरी त्यस्ता दुष्परिणामहरूलाई न्यूनिकरण गर्दै अनुकुलनको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **वातावरणीय प्रदुषण वा ऱ्हासबाट हुने क्षतिबापत पीडितलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।** | | वातावणीय प्रदुषण गरे गराए वा वातावरणीय ऱ्हास गर्ने गराउने कार्यलाई कानून बमोजिम दण्डनीय बनाउँदै प्रत्येक नागरिकलाई वातावरण प्रदुषण वा वातावरणीय ऱ्हास गराउने व्यक्ति वा संस्थाबाट प्रदुषकको देय (Polluters pay) को मान्यता अनुरुप क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **१६.** | **शिक्षा सम्बन्धी हक** | **शिक्षा सम्बन्धी हक:** (१) **प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।** | | आधारभूत शिक्षाको अधिकार नागरिकलाई प्रत्याभूत हक हो । शिक्षा प्राप्त गर्न चाहने जुनसुकै उमेर समूहका प्रत्येक नागरिकलाई जीवन निर्वाहको लागि आवश्यक पर्ने आधारभूत शिक्षा औपचारिक वा अनौपचारिक जुनसुकै माध्यमबाट प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ । प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।*** | | शिक्षा प्रणाली र शिक्षाको तहका सम्बन्धमा आवश्यकता अनुसार राज्यले समय समयमा आवश्यक व्यवस्था गर्दै जान सक्ने भए तापनि संविधान निर्माणको यस चरणमा कक्षा आठसम्मको विद्यालय शिक्षालाई प्राथमिक शिक्षा तथा कक्षा आठदेखि कक्षा बाऱ्हसम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा आतमसात् गर्दै गुणस्तरीय शिक्षा, विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विद्यार्थीहरूको उमेर र अवस्था अनुसारको खेलकूद तथा अतिरिक्त कृयाकलापहरूलाई पनि शिक्षाकै अभिन्न अवयवको रुपमा आत्मसात् गर्दै दिवा भोजन तथा विद्यालय पोशाक सहितको प्राथमिक शिक्षा सबैलाई अनिवार्य र नि:शुल्क रुपमा राज्यले उपलब्ध गराउने र आमा, बाबु, संरक्षक एवं अभिभावकहरू सबैले प्राथमिक विद्यालय जाने |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | उमेरका बालबालिकालाई अनिवार्य रुपमा प्राथमिक शिक्षा उपलब्ध गराउनु पर्ने व्यवस्था गर्दै प्रत्येक नागरिक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क रुपमा अध्ययन गर्न पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **विपन्न वर्गका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम नि:शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।** | | यो नागरिकलाई प्रत्याभूत हक हो । आर्थिक रुपले विपन्न वर्गका योग्य विद्यार्थीहरूलाई कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षा समेत नि:शुल्क रुपमा प्राप्त हुने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) **नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।** | | नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय वा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न र आफ्नो समुदायका बालबालिकालाई मातृभाषामा शिक्षा लिन पाउने गरी प्रत्येक भाषिक समुदायको सामूहिक हक सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| **१७.** | **भाषा तथा संस्कृति सम्बन्धी हक** | **भाषा तथा संस्कृति सम्बन्धी हक:** (१) **प्रत्येक व्यक्ति र समुदायलाई आनो भाषा प्रयोग गर्ने हक हुनेछ ।** | | यो हक समुदाय तथा सम्बन्धित समुदाय भित्रका व्यक्तिलाई प्रत्याभूत हक हो । आफ्नो भाषाको प्रयोग गर्न पाउने प्रत्येक भाषिक समुदाय तथा त्यस्तो समुदायका व्यक्तिको अधिकारको सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक व्यक्ति र समुदायलाई आनो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।** | | सांस्कृतिक अधिकार हरेक साँस्कृतिक समुदाय तथा व्यक्तिलाई प्रत्याभूत हक हो । प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने र राज्यले समुदाय तथा व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हनन् गर्न नसक्ने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।** | | नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई सामुहिक हकको रुपमा आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | **(४) प्रत्येक व्यक्तिलाई कला र साहित्य सिर्जना गर्ने, त्यसको विकास गर्ने, कानून बमोजिम आफ्नो बौद्धिक सम्पदाको संरक्षण गर्ने तथा सोबाट लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | यो हक प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक व्यक्तिलाई आफूले रोजेको भाषा, लिपि वा माध्यम मार्फत कला, संगीत तथा साहित्यको सिर्जना गर्न पाउने, विकास गर्न पाउने, त्यस्तो सम्पदाको संरक्षण कानून बमोजिम स्वामित्व प्राप्त गर्ने तथा त्यस्तो सिर्जनाबाट कानून बमोजिम लाभ प्राप्त गर्न पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| १८. | **रोजगारी सम्बन्धी हक** | **रोजगारी सम्बन्धी हक:** (१) **प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*** | | रोजगारीको हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । बेरोजगार बस्नु नपर्ने अवस्था सिर्जना गर्दै प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न तथा रोजगारीका शर्त र अवस्था आवश्यकतानुसार कानूनद्वारा निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।** | | रोजगारी छनौटको हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । आफ्नो इच्छा अनुसार रोजगारी गर्न पाउने तथा आफ्नो इच्छा विपरित कुनै रोजगारी गर्न बाध्य नहुने प्रत्येक नागरिकको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(३) प्रत्येक बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम भत्ता पाउने हक हुनेछ ।** | | यो हक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । आफ्नो इच्छा अनुसार रोजगारी गर्न पाउने अधिकार सुनिश्चित गरिसकिएको सन्दर्भमा सरकारी, गैरसरकारी वा स्वरोजगारी लगायतमा कुनै रोजगारीको अवसर नपाएको अवस्थामा जीविकोपार्जनका लागि कानूनमा व्यवस्था भए बमोजिम राज्यबाट संरक्षण स्वरुप न्यूनतम् रुपमा बेरोजगार भत्ता पाउने व्यवस्था गर्नका लागि यो व्यवस्था गरिएको छ । |
| १९. | **श्रम सम्बन्धी हक** | **श्रम सम्बन्धी हक:** (१) **प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।** | | यो हक शारीरिक वा मानसिक जुनसुकै प्रकारको श्रम गर्ने तथा संगठित वा असंगठित जुनसुकै क्षेत्रमा काम गर्ने श्रमिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक श्रमिकलाई आफ्ना इच्छा, योग्यता, क्षमता र स्तर सुहाउँदो कामको छनौट गर्न पाउने, समुचित काम, मनोरञ्जन र आराम गर्न |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | पाउने, श्रमिकको उमेर र शारीरिक अवस्था अनुसार जोखिमपूर्ण काम गर्न वाध्य नहुने, आफ्नो स्तरसँग नमिल्ने काम गर्न वाध्य नहुने, बालबालिकाले श्रमिकका रुपमा प्रयोग हुनबाट संरक्षण पाउने, कार्यस्थल सुरक्षित, मर्यादित एवं अपाङ्गमैत्री हुनु पर्ने, कार्यस्थलमा कुनै पनि प्रकारको विभेद गर्न नपाउने, श्रम संझौता अनुसार काम गर्ने लगायतका अधिकारहरूको व्यवस्था सहितको उचित श्रम अभ्यासको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुनेछ ।** | | यो हक प्रत्येक श्रमिकलाई प्रत्याभूत हक हो । संगठित वा असंगठित जुनसुकै क्षेत्रमा कार्यरत शारीरिक वा मानसिक श्रम गर्ने प्रत्येक श्रमिकलाई प्रचलित बजार मूल्य, आफूले गर्ने श्रमको प्रकृति, श्रम समय समेतलाई आधार लिई जीविकोपार्जनको सिद्धान्त (Subsistence theory), ज्यालाकोष सिद्धान्त (Wage fund theory), अतिरिक्त मूल्यको सिद्धान्त (Surplus value theory), सीमान्त उत्पादकत्व सिद्धान्त (Marginal productivity theory), सौदावाजी सिद्धान्त (Bargaining theory) जस्ता उपयुक्त सिद्धान्तका आधारमा राज्यले श्रमिकको जीवनोपयोगी न्यूनतम् पारिश्रमिकको व्यवस्था गर्नु पर्ने, समान काममा लागि समान पारिश्रमिक पाउने, पारिश्रमिकमा लैङ्गिक विभेद नहुने, श्रमिकलाई प्रचलित कानून बमोजिम आफू कार्यरत प्रतिष्ठान वा संस्थाबाट विदा, अतिरिक्त श्रम गरे वापत थप भत्ता लगायतका समुचित सुविधाहरू प्राप्त गर्ने तथा विरामी, दुर्घटना, अशक्तता, प्रसूति, आम्दानी घटेको वा रोकिएको अवस्था, परिवार तथा बालबच्चाको रेखदेखको अवस्था र वृद्धावस्था एवं श्रम सम्बन्धी सेवाबाट निवृत्त अवस्थामा सामाजिक सुरक्षा पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । साथै आफू कार्यरत प्रतिष्ठानको वित्तीय अवस्था समेतका आधारमा श्रमिकलाई त्यस्तो प्रतिष्ठानको नाफाको अनुपातमा बोनस, आवास, थप सुविधा तथा प्रोत्साहन समेतका मौद्रिक तथा गैरमौद्रिक सुविधा र प्रोत्साहन प्राप्त गर्ने हक सुनिश्चित गर्नका लागि यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) **प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा कानूनमा व्यवस्था भए बमोजिम सामुहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक हुनेछ ।** | | यो अधिकार प्रत्येक श्रमिकलाई सुनिश्चित गरिएको हक हो । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि नं. ८७ र ९८ अनुसार आफ्नो हकहित रक्षाका लागि ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदावाजी गर्ने अधिकार श्रमिकको आधारभूत अधिकार हो । श्रमिकहरूले विचार अव्यिक्तिको स्वतन्त्रता, संगठन खोल्न पाउने, त्यसमा सहभागी हुन पाउने वा त्यसबाट अलग रहन पाउने, सामूहिक रुपमा आफ्नो हकहितको लागि उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न पाउने लगायतका अधिकारहरू यस हक अन्तर्गत पर्दछन् । श्रमिकहरूमाथि हुने शोषण, अन्यायको अन्त्य गर्दै श्रमिक वर्गका सामुहिक अधिकारको रक्षा गर्न, श्रमिक तथा व्यवस्थापन बीचको श्रम सम्बन्ध स्थापना गर्न, श्रमिक र रोजगारदाता बीचका विवाद एवं द्वन्द्वहरू शान्तिपूर्ण रुपमा समाधान गर्न तथा गुणस्तरीय वस्तु र सेवाको उत्पादन गरी मुनाफा अभिवृद्धि गर्ने र सोबाट श्रमिक वर्गसमेत लाभान्वित गर्न ट्रेड यूनियन अधिकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । साथै सामूहिक हित प्रवर्द्धन गर्न, श्रमिकका सामूहिक समस्या र गुनासोहरूलाई समाधान गर्न, काममा दोहोरोपन हटाउन, औद्योगिक विवादहरूलाई शान्तिपूर्ण र सहभागीतामूलक रुपमा समाधान गर्न सामुहिक सौदाबाजी गर्ने अधिकारको प्रत्याभूति आवश्यक पर्दछ । सामूहिक प्रकृतिका समस्या, गुनासो एवं मागहरूलाई शान्तिपूर्ण रुपमा व्यवस्थापन समक्ष राखी समाधान गर्ने सन्दर्भमा प्रकृयागत रुपमा विवाद समाधानका अन्य उपयुक्त विकल्प नरहेको अवस्थामा दवावमूलक कार्यक्रम सञ्चालन गर्ने एवं हड्ताल गर्ने सम्मका अधिकारहरू श्रमिक वर्गका आधारभूत अधिकारहरू हुन् । ट्रेड यूनियनको गठन, यसका पूर्वाधारहरू, सामूहिक सौदावाजी सम्बन्धी विषयहरू एवं हड्ताल गर्न पाइने नपाइने क्षेत्र समेतका विषयमा कानूनद्वारा व्यवस्था हुने गरी प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने, सामुहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| २०. | **स्वास्थ्य सम्बन्धी हक** | **स्वास्थ्य सम्बन्धी हक:** (१) **प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।** | | निःशुल्क आधारभूत स्वास्थ्यको हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक नागरिकको प्रजनन स्वास्थ्य सेवा, खोप सेवा, कुष्ठरोगको उपचार, क्षयरोगको उपचार, बालरोगको उपचार, गर्भवती आमा तथा बालबालिकालाई पोषण, पाठेघर खस्ने रोगको उपचार, प्राथमिक दन्त उपचार, बहिरोपनको प्राथमिक उपचार, नाक कान र घाँटी सम्बन्धी आधारभूत उपचार, अन्धोपनको उपचार, सक्रामक रोग तथा महामारीको उपचार, सामान्य रोग र चोटपटकको उपचार, औलो तथा कालाज्वर लगायतका कीटजन्य रोगको उपचार, मानसिक रोगको प्रारम्भिक उपचार (एच.आई..भी. ⁄एड्सको उपचार) लगायतका राज्यले आधारभूत स्वास्थ्य सेवा भनी निर्धारण गरेका स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ सेवाको रुपमा परिभाषित गर्दै राज्यका स्वास्थ्य संस्थाहरूबाट उपचारको प्रकृति, उपलब्ध साधन स्रोत तथा प्रविधि समेतका आधारमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ ।<br><br>साथै दुर्घटनाजन्य र अपराधजन्य घाइतेको तत्कालको उपचार, सर्पदंशको उपचार, प्राकृतिक तथा मानवीय विपत्ति जस्ता आकस्मिक स्वास्थ्य सेवाका रुपमा राज्यले निर्धारण गरेका स्वास्थ्य सेवाहरू निःशुल्क हुने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । उपलब्ध स्रोत, साधन र क्षमता अनुसार राज्यले आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको परिभाषालाई विस्तृत गर्दै थप औषधी एवं सुविधाहरू पनि क्रमशः निःशुल्क उपलब्ध गराउँदै जाने व्यवस्थाका लागि समेत यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यको हक हुनेछ ।** | | प्रजनन स्वास्थ्यको अधिकार विना लैङ्गिक विभेद प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक व्यक्तिलाई उच्चतम् प्राप्यस्तरको यौनजन्य तथा शारीरिक एवं मानसिक स्वास्थ्यको अधिकार, प्रसुति सेवा, सुत्केरी सेवा र नवजात शिशु सेवा सहितको सुरक्षित मातृत्व एवं नवजात शिशुको स्वास्थ्य सम्बन्धी अधिकार, सुरक्षित गर्भपतन सेवा, परिवार |

| | | | | |
|---|---|---|---|---|
| | | | | नियोजन सेवा, एच.आई.भी.र अन्य यौनजन्य सरुवा रोग एवं बाँझोपनको रोकथाम र उपचार सम्बन्धी अधिकार, किशोरकिशोरी, युवा एवं प्रौढावस्थाको स्वास्थ्य सम्बन्धी अधिकार, यौन शोषण तथा बलपूर्वकको देहव्यापार विरुद्धको अधिकार, यौनस्वास्थ्य सम्बन्धी सूचनामा पहुँचको अधिकार सघन यौनिक शिक्षामा पहुँचको अधिकार एवं स्वास्थ्य सम्बन्धी गोपनीयताको अधिकार समेतका अधिकारहरू सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **प्रत्येक व्यक्तिलाई सूचित स्वास्थ्य सेवाको हक हुनेछ ।** | | स्वास्थोपचारको लागि आएको प्रत्येक व्यक्तिलाई स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सम्बन्धी सम्पूर्ण जानकारीहरू स्पष्ट रुपमा प्रदान गर्न र स्वास्थ्यको बारेमा सूचित निर्णय गर्न पाउने गरी स्वास्थ्य सम्बन्धी सूचना प्रदान गर्नु पर्ने दायित्व सिर्जना गरी प्रत्येक व्यक्तिलाई स्वास्थ्योपचारको सन्दर्भमा उपलब्ध सबै विकल्पहरू एवं स्वास्थ्योपचार सम्बन्धी प्रविधि समेतको पूर्ण जानकारी प्राप्त गरी आफ्नो स्वास्थ्यको विषयमा आफैं सूचित निर्णय (Informed decision) गर्न पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) **प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।** | | नेपालको जुनसुकै क्षेत्र, लिङ्ग, वर्ग वा समुदायको वा जुनसुकै सामाजिक, शारीरिक अवस्था वा अपाङ्गता भएका नागरिकलाई विना विभेद स्वास्थ्य सेवामा समान पुहँच सुनिश्चित गर्न र संविधान वा कानून बमोजिम बाहेक कसैलाई पनि स्वास्थ्य सेवामा विभेद गर्न नपाइने व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) **प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ ।** | | स्वच्छ खानेपानी र सरसफाई विना स्वास्थ्यको हक सुनिश्चित हुन नसक्ने भएकोले प्रत्येक व्यक्तिलाई राष्ट्रिय मापदण्डका आधारमा स्वस्थ पिउने पानी तथा सरसफाई सम्बन्धी सुविधामा समानता र अविभेदका आधारमा पहुँच सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| २१. | **खाद्य सम्बन्धी हक** | **<u>खाद्य सम्बन्धी हक:</u>** (१) **प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ ।** | | यो हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक नागरिकलाई आफ्नो शारीरिक अवस्था अनुसार सबै अवस्थामा साँस्कृतिक रुपले स्वीकार्य एवम पोषणयुक्त पर्याप्त खाद्यान्नको आपूर्ति हुनु पर्ने, खाद्यान्नमा सबैको भौतिक पहुँच हुनु पर्ने, खाद्यान्न आर्थिक रुपले सुलभ र सुपथ मूल्यमा प्राप्त गर्नका लागि राज्यले स्वस्थ, सुरक्षित र पोषणयुक्त खाद्यान्नको समुचित सञ्चय, वितरण र यसको प्रभावकारी नियमन समेतको दायित्व निर्वाह गरी प्रत्येक नागरिकलाई जुनसुकै अवस्थामा पनि सुपथ मूल्यमा स्वच्छ, स्वस्थ र पर्याप्त मात्रामा खाद्यान्न उपलब्ध हुने अवस्था र खाद्यान्न प्राप्त गर्न असमर्थ नागरिकहरूको लागि राज्यले खाद्यान्नको समुचित व्यवस्था गर्ने सुनिश्तिचतताको लागि यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।** | | खाद्य सम्बन्धी अधिकार प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । खाद्य प्रत्येक व्यक्तिको आधारभूत आवश्यकता भएकोले खाद्यान्नको अधिकारको अभावमा व्यक्तिको जीवन नै जोखिममा परी उसका राजनीतिक, नागरिक तथा अन्य अधिकारहरू पनि प्रत्यक्ष रुपले प्रभावित हुन्छन् । तसर्थ भोकमरी, अनिकाल, महामारी, खडेरी, जस्ता विपत्तिमा समेत खाद्यको अभावबाट कुनै नागरिकले ज्यान गुमाउनु पर्ने अवस्था नहुने कुराको सुनिश्चित गर्दै राज्यले प्रत्येक नागरिकलाई खाद्यान्नको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहन पाउने अवस्था सुनिश्चित गर्नका लागि यो हकको व्यवस्था गरिएको छ । |
| | | (३) **प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।**¯ | | खाद्य सम्प्रभुताको हक मूलतः खाद्यान्न उत्पादन, वितरण तथा नियमनसँग सम्बन्धित हक हो । प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो राष्ट्रिय, सामाजिक आवश्यकता अनुसार तथा आफ्नो विशिष्ट वातावरणीय, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था अनुरुप कृषि, खाद्य तथा भूमि उपयोग सम्बन्धी विषयहरू निर्धारण गर्ने, आफ्ना रैथाने |

¯ यो प्रावधान हटाउने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | बीउ बिजनहरू संरक्षण गर्न पाउने, यसका लागि राज्यले प्रभावकारी कानूनी संरक्षणको व्यवस्था मिलाउनु पर्ने लगायतका अधिकारहरू सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| २२. | **आवास सम्बन्धी हक** | **आवास सम्बन्धी हक:** (१) **प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ ।** | | आवास सम्बन्धी हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । स्वस्थ, सुरक्षित र उपयुक्त आवास प्रत्येक नागरिकको आधारभूत आवश्यकता हो । प्रत्येक नागरिकलाई अवधिको कानूनी सुनिश्चितता, पुर्वाधारको उपलब्धता, सुपथ मूल्ययुक्त, बसोबासयोग्य, पहुँचयोग्य, उपयुक्त स्थान र साँस्कृतिक रुपमा उपयुक्त तथा स्वस्थ, सुरक्षित, एवं उपयुक्त आवासमा पहुँच सुनिश्चित गर्दै आवासको व्यवस्था आफैं गर्न नसक्ने नागरिकहरूलाई वस्तुगत र निश्चित आधारमा पहिचान गरी राज्यको स्रोत, साधन र क्षमताका आधारमा क्रमशः आवासको व्यवस्था गर्दै यो हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **कानून बमोजिम वा अदालतले आदेश दिएमा बाहेक कुनै पनि नागरिकलाई वासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण गरिने छैन ।** | | यो हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक नागरिकलाई सम्मानपूर्वक तथा मर्यादित रुपमा बाँच्न पाउने हक सुनिश्चित गर्दै उपयुक्त आवासको अधिकार प्रत्याभूत गर्दै आफ्नो स्वामित्व तथा कानूनी भोगमा रहेको वासस्थानबाट मनोमानी वा जर्वजस्ती रुपमा नहटाइने एवं नागरिकको वासस्थानउपर कुनै प्रकारको अतिक्रमण नहुने अवस्था सुनिश्चित गर्न कानूनले तोकेको अवस्थामा वा अदालतको आदेश बमोजिम बाहेक कुनै पनि नागरिकलाई आफ्नो वासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण नगरिने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| २३. | **महिला सम्बन्धी हक** | **महिला सम्बन्धी हक:** (१) **प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ ।** | | प्रत्येक सन्तानले आमा र बाबुबाट समान रुपमा रक्तकोष प्राप्त गर्ने, सन्तानोत्पादन प्रकृयामा महिला र पुरुषको समान सहभागिता हुने एवं सन्तानको जन्म र पालनपोषणमा बाबुको तुलनामा आमाको भूमिका अझमहत्वपूर्ण हुने भएकोले विद्यमान लैङ्गिक विभेदलाई अन्त्य गर्दै सन्तानमाथि जैविक आधारमा महिलालाई समान वंशीय अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) **महिला विरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव गरिने छैन ।** | | लैङ्गिक आधारमा जुनसुकै क्षेत्रमा हुने सबै किसिमका भेदभावहरूलाई अन्त्य गर्न तथा महिला विरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव नगरिने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **प्रत्येक महिलालाई प्रजनन सम्बन्धी हक हुनेछ ।** | | प्रजनन सम्बन्धी विषय महिलाको प्राकृतिक र जैविक अधिकार एवं दायित्वको विषय हो । जैविक रुपमा प्राप्त यस अधिकार तथा दायित्व अन्तर्गत प्रजननको अधिकार, सन्तान जन्माउने वा जन्माउनबाट अलग रहने, विना विभेद र दवाव राष्ट्रिय नीति अनुरुप कति जना सन्तान जन्माउने, कति समयान्तरमा जन्माउने भन्ने आफैं निर्धारण गर्न पाउने अधिकार, सुरक्षित मातृत्व एवं नवजात शिशुको स्वास्थ्य सम्बन्धी अधिकार, सुरक्षित गर्भपतनको अधिकार, परिवार नियोजनको अधिकार लगायतका निर्णय गर्न पाउने अधिकार, परिवार नियोजन सम्बन्धी अधिकार, सुरक्षित प्रजननको अधिकार, आमा र सन्तान सुरक्षित रहन पाउने अधिकार, अनिच्छित गर्भधारण विरुद्धको अधिकार समेतका अधिकार सुरक्षित र संरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) **महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा जुनसुकै अवस्थाका महिला विरुद्ध तथा महिला उपर हुने शारीरिक, यौनजन्य, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणलाई नियन्त्रण गर्न एवं महिलाको विशिष्ट शारीरिक अवस्थाहरू - सुत्केरी अवस्था वा रजस्वलाको अवस्थामा नेपाली महिलाहरू उपर हुँदै आएको शोषण र अन्याय समेतलाई अन्त्य गर्दै त्यस्तो कार्यलाई दण्डनीय बनाउन र त्यस्तो हिंसाजन्य कार्य वा शोषणबाट पीडित महिलाले कानून बमोजिम क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) **राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ ।** | | पुर्नस्थापित संसदवाट समेत पारित संकल्प प्रस्तावमा उल्लिखित समानुपातिक सहभागिताको लक्ष्यसहित राज्य संयन्त्रका सबै अंग तथा निकायहरूमा महिला समुदायको कम्तीमा एकतिहाई सहभागिता सुनिश्चित गर्ने प्रतिवद्धता कार्यान्वयन गर्दै राज्यसंयन्त्रका सबै अङ्ग तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | निकायमा विभिन्न क्षेत्र, वर्ग र समुदायका महिलालाई समानुपातिक समावेशी मान्यताका आधारमा सहभागिता सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।** | | शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा महिलाले तत्कालीन तथा दीर्घकालीन रुपमा विशेषाधिकार प्राप्त गर्ने हक सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| **२४.** | **बालबालिका सम्बन्धी हक** | **बालबालिका सम्बन्धी हक: (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।** | | प्रत्येक बालबालिकालाई आफ्नो धार्मिक, सामाजिक तथा उत्पत्तिगत पहिचान सहितको नामाकरण र जन्मदर्ताको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।** | | प्रत्येक बालबालिकाकालाई आमा, बाबु, संरक्षक तथा परिवारका अन्य सदस्यहरूबाट र त्यस्तो कोही नभएको अवस्थामा राज्यको संरक्षकीय दायित्व (Doctrine of parens patriae) को मान्यताका आधारमा राज्यबाट संरक्षण प्राप्त गर्ने तथा बालबालिकाको शिक्षा, स्वास्थ्य, उचित पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको लागि पर्याप्त अवसर प्राप्त गर्ने हक सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(३) प्रत्येक बालबालिकालाई उचित स्याहार सहितको प्रारम्भिक बालबिकासको हक हुनेछ ।** | | प्रारम्भिक बाल्यावस्था मानवविकासको ज्यादै महत्वपूर्ण चरण भएको र यो अवधिमा बालबालिकाको प्रमुख विकास हुने भएकोले बालबिकासको लागि गर्भावस्थादेखि विद्यालय जाने उमेरसम्मका बालबालिकालाई पोषणयुक्त आहार, शिशुस्याहार, बालउद्यान लगायतका विभिन्न व्यवस्था मार्फत बालबालिकाको पूर्ण विकास हुने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(४) प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा पाउने हक हुनेछ ।** | | प्रत्येक बालबालिकालाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(५) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।** | | बाल्यावस्था शारीरिक मानसिक श्रम गर्न योग्य नभइसकेको अवस्था भएकोले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा अन्य कुनै प्रकारको जोखिमपूर्ण काममा लगाउन नपाइने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (६) **कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।** | | कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसार पसार, अपहरण, बन्धक लगायतका कार्य विरुद्धका हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (७) **कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।**[+] | | कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गरेर वा राजनीतिक प्रयोजनका लागि वा सशस्त्र द्वन्द्वमा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै प्रकारको दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक वा अन्य कुनै प्रकार वा माध्यमले बालबालिकालाई यातना र दुर्व्यवहार, शोषण वा अनुचित प्रयोग विरुद्ध हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (८) **कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।** | | बालबालिकालाई सजाय वा रक्षा शिक्षा जस्ता कुनै पनि नाममा घर, विद्यालय वा अन्यत्र जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य जुनसुकै प्रकारको यातना दिन नपाइने गरी रोक लगाउँदै यातना विरुद्धको बालबालिकाको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (९) **प्रत्येक बालबालिकालाई बालमैत्री न्यायको हक हुनेछ ।** | | यो हक प्रत्येक बालबालिकालाई प्रत्याभूत गरिएको हक हो । बालबालिकाले गरेको कुनै कसूर वा बालविज्याइं (Juvenile delinquency) को विषयलाई प्रशासनिक वा अर्धनयायिक निकायबाट सुनुवाई नगर्ने, त्यस्ता विवादहरू विशिष्टिकृत अदालतबाट मात्र गर्ने, बन्द इजलास (in camera hearing) लगायतको बालमैत्री वातावरणमा सुनुवाई गर्ने, त्यस्ता विवादहरूको सुनुवाई गर्दा बालविज्याईंको अभियोग लागेको बालबालिकाको कानून व्यवसायीको प्रतिनिधित्व अनिवार्य गर्ने, त्यस्ता विवादहरूमा आवश्यकता अनुसार मनोवेत्ता समेतको सहभगिता गराउने, बालकसूर वा बालविज्याईंको अभियोगमा बालबालिकाको उमेर सापेक्ष सुधार वा उपयुक्त सजायको व्यवस्था गर्ने तथा बाल मनोविज्ञान, बालबालिकाको चरित्र लगायत बालबालिकाको विकाससँग प्रत्यक्ष सम्बन्ध |

[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | राख्ने बलबालिका विरुद्ध भएका अपराधहरूमा समेत आवश्यकतानुसार बालमैत्री वातावरणमा सुनुवाई हुने समेतको बालमैत्री न्याय प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(१०) असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।** | | बालबालिकाको भविष्य सुनिश्चित गर्नका लागि असहाय, अनाथ, सुस्त मनस्थितिका, शारीरिक वा मानसिक अपाङ्गता भएका बालबालिका एवं द्वन्द्वको चपेटामा परेका, विभिन्न कारणले विस्थापित भएका, विभिन्न कारण र अवस्थाले जोखिममा बाँचिरहेका बालबालिकाहरूलाई वालकल्याण गृह, बाल आवास गृह आदिको स्थापना तथा अन्य उपयुक्त माध्यमबाट विशेष संरक्षण र सुविधा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्न तथा त्यस्ता बालबालिकाहरूप्रति राज्यको दायित्व सिर्जना गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(११) उपधारा (५), (६), (७) र (८) बमोजिमका कार्य कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक लागायतका कुनै पनि यातना दिने, बालबालिकालाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउने वा सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्ने, कुनै सशस्त्र समूह वा द्वन्द्वमा प्रयोग गर्ने वा बालविवाह वा साँस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै प्रकारको दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा दुरुपयोगलाई कानून बमोजिम दण्डनीय बनाउँदै पीडितलाई क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **२५.** | **दलित समुदाय सम्बन्धी हक** | **दलित समुदाय सम्बन्धी हक: (१) दलित समुदायमाथि जातपात र छुवाछूतका आधारमा कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव गरिने छैन । यस्तो व्यवहार सामाजिक अपराध मानिनेछ र कानूनद्वारा दण्डनीय हुनेछ ।** | | यो हक प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक व्यक्ति अधिकार र प्रतिष्ठामा समान हुने भएकोले कुनै पनि व्यक्तिलाई निजको जात जाति वा सामाजिक उत्पत्ति वा निजको समुदाय वा निजले अवलम्बन गर्ने पेशा विशेषका आधारमा सार्वजनिक वा निजी कुनैपनि स्थानमा कुनै पनि कसिमको जातीय भेदभाव नहुने कुनैपनि किसिमको |

| | | | | |
|---|---|---|---|---|
| | | **पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।** | | विभेद, अवहेलना, हेला-होचोजन्य अभिव्यक्ति (Hate speech), असहिण्णु व्यवहार वा भेदभाव गरिने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । साथै दलित समुदायमाथि हुने भेदभाव छुवाछुतजन्य कार्यलाई सामाजिक अपराध मान्दै कानून बमोजिम दण्डनीय बनाउन र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट उचित क्षतिपूर्ति पाउन यो व्यवस्था गरिएको छ । |
| | | **(२) दलित समुदायलाई राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा समावेशी समानुपातिक आधारमा क्षतिपूर्ति सहित सहभागिताको हक हुनेछ । क्षतिपूर्ति सम्बन्धी व्यवस्था कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।** | | विगतमा राजनीतिक, आर्थिक, सामाजिक रुपमा उत्पीडनमा परेका तथा आर्थिक, सामाजिक तथा मानव विकासको दृष्ट्रिले पछाडि परेका दलित समुदायलाई राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा समावेशी समानुपातिक आधारमा र दलित समुदायमाथि विगतमा भएको ऐतिहासिक उत्पीडनको बापत क्षतिपूर्ति सहित सहभागिताको हक सुनिश्चित गर्न तथा त्यस्तो क्षतिपूर्ति सम्बन्धी पद्धति र प्रकृया कानूनले निर्धारण गर्ने गरी दलित समुदायलाई क्षतिपूर्ति सहित नेपाल राज्यको सबै अङ्गनिकाय र क्षेत्रहरूमा समानुपातिक सहाभागीताको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(३) दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।** | | दलित समुदायलाई सकारात्मक विभेदका आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा राज्यबाट विशेष अधिकार प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(४) उपधारा (३) बमोजिमको व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता प्रदान गरिनेछ ।** | | शिक्षा, स्वास्थ्य, रोजगारी एवं सामाजिक सुरक्षामा सकारात्मक विभेका आधारमा विशेष अवसर प्रदान गर्दा दलित समुदायका व्यक्तिहरू मध्ये पनि आर्थिक रुपले विपन्न नागरिकलाई प्रदान गर्न निश्चित सूचकहरू विकास गरी सोही सूचकका आधारमा बिपन्नहरूको पहचान गरी बिपन्न दलित नागरिकहरूले त्यस्ता अवसरहरू पाउने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(५) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासको लागि विशेष अवसर प्राप्त गर्ने र सोबाट कानून** | | दलित समुदायको परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोगलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न राज्यबाट विशेष अवसर प्राप्त गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | **बमोजिम व्यवसायिक लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | अधिकार सुनिश्चित गर्दै अधिकार सुनिश्चित गर्दै दलित समुदायको पेशा, ज्ञान, सीप र प्रविधिको व्यवसायिक प्रयोग गर्न र त्यस्तो व्यवसायिक प्रयोगबाट प्राप्त हुने लाभको न्यायेचित हिस्सा दलित समुदायलाई प्राप्त हुने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| २६. | **परिवार सम्बन्धी हक** | **परिवार सम्बन्धी हक:** (१) **कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न पाउने छैन ।** | | एकै पटकमा एकभन्दा बढी व्यक्तिहरूसँग विवाह गर्न वा एक व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम भएको अवस्थामा अर्को व्यक्तिसँग विवाह गर्न नपाउने गरी बहुपति तथा वहुपत्नी प्रथा उन्मुलन गर्न यो व्यवस्था गरिएको छ । यो संविधान प्रारम्भ भए पश्चात कुनै पनि व्यक्तिले एकैसाथ एक भन्दा बढी व्यक्तिसँग वा एक व्यक्तिसँग वैवाहिक सम्बन्ध कायमै रहेको अवस्थामा अर्को विवाह गर्न नपाउने गरी प्रतिबन्ध लगाउँदै कसैले त्यस्तो विवाह गरेमा त्यस्तो विवाहले कानूनी मान्यता नपाउने भई स्वत: बदर हुने तथा त्यस्तो कार्यलाई कानून बमोजिम दण्डनीय बनाउन यो व्यवस्था गरिएको छ । |
| | | (२) **प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुनेछ ।** | | कानूनले तोकेको न्यूनतम् उमेर तथा अन्य शर्तहरू पूरा गरेको प्रत्येक व्यक्तिलाई आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने, कानून बमोजिम विवाह गर्न योग्यता पुगेको व्यक्तिलाई विवाह गर्नबाट रोक लगाउन नपाइने तथा आफूले चाहेको अवस्थामा कानूनले तोकेको प्रकृया बमोजिम त्यस्तो वैवाहिक सम्बन्ध विच्छेद गर्न पाउने, सम्बन्ध विच्छेद गर्नबाट कसैलाई पनि रोक लगाउन नपाइने गरी प्रत्येक व्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **विवाह गर्ने पक्षको इच्छा विपरित वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गराउन पाइने छैन ।** | | विवाह गर्ने वा नगर्ने अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । विवाह गर्न योग्य कुनै पनि व्यक्तिले आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाइने तथा कुनै पनि व्यक्तिको इच्छा विपरित वा विवाह गर्ने पक्षको पूर्ण एवं स्वतन्त्र सहमति विना विवाह गर्न गराउन नपाइने गरी रोक लगाउन यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (४) **सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।** | | परिवारका सदस्यको रुपमा दम्पत्तिको हैसियत समान हुने भएकोले दम्पत्तिबीचमा लैङ्गिक आधारको विभेदलाई अन्त्य गर्दै पारिवारिक सम्पत्ति तथा अन्य सबै प्रकारका पारिवारिक मामिलाहरूमा दम्पत्तिको समान भूमिका र अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) **सन्तानको पालन पोषण, स्याहार संभार तथा सर्वाङ्गिण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुनेछ साथै अभिभावकको सम्मान र पालनपोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुनेछ ।** | | परिवारलाई माया र प्रेमको प्रतीक तथा सन्तानको लागि परिवार र पारिवारिक वातावरण उनीहरूको संरक्षक र पाठशालाको रुपमा लिइन्छ । आफ्ना सन्तानहरूको पालन पोषण, स्याहार संभार तथा उनीहरूको सर्वाङ्गिण विकासको लागि परिवारको प्राथमिक भूमिकालाई आत्मसात् गर्दै आफ्ना सन्तानका आर्थिक, सामाजिक अधिकारहरूको उपभोगमा पहिलो दायित्व परिवारलाई सुम्पदै सन्तान उपरको अधिकार र दायित्वमा लैङ्गिक विभेदलाई अन्त्य गर्दै आमा बाबुको समान अधिकार र दायित्व सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । साथै प्रत्येक सन्तानलाई आफ्नो आमा बाबु तथा परिवारका अन्य अभिभावकहरूप्रति सम्मान गर्ने, आदरभाव राख्ने तथा अशक्तावस्थामा पालन पोषण गर्ने जिम्मेवारीबाट मुक्त हुन नसक्ने गरी पारिवारिक दायित्व निर्धारण गर्न समेत यो व्यवस्था गरिएको छ । |
| | | (६) **उपधारा (१) र उपधारा (३) विपरितको कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।** | | यो संविधान प्रारम्भ भए पश्चात कुनै पनि व्यक्तिले एकैसाथ एक भन्दा बढी व्यक्तिसँग एकै पटक वा एक व्यक्तिसँग वैवाहिक सम्बन्ध कायमै रहेको अवस्थामा अर्को विवाह गर्न नपाउने गरी बहुपति तथा बहुपत्नी प्रथा उन्मुलन गरिसकिएको तथा कुनै पनि व्यक्तिको इच्छा विपरित वा विवाह गर्ने पक्षको पूर्ण एवं स्वतन्त्र सहमति विना विवाह गर्ने गराउन कार्य मानव अधिकारको गंभीर उल्लघन भएकोले त्यस्तो कार्यलाई कानून बमोजिम दण्डनीय बनाई त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको सजाय गर्नको लागि यो व्यवस्था गरिएको छ । |
| **२७.** | **सामाजिक** | **सामाजिक न्यायको हक:** (१) **सामाजिक रुपले पछाडि** | | यो हक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । सामाजिक न्यायकालागि |

| | | | | |
|---|---|---|---|---|
| | **न्यायको हक** | **परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।*** | | सहभागिता (Participation) र समावेशीकरण (Inclusion) प्रमुख माध्यम भएकोले राजनीतिक, आर्थिक, सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका सम्पूर्ण राजनीतिक संरचनाहरू र सार्वजनिक सेवामा सहभागीताको हक प्रत्याभूत गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **उपधारा (१) बमोजिमको व्यवस्था गर्दा आर्थिक रुपले विपन्न नागरिकलाई प्राथमिकता दिइनेछ ।** | | उपधारा (१) बमोजिम राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागीताको लागि आवश्यक व्यवस्था गर्दा उपधारा (१) मा उल्लिखित सम्पूर्ण समुदाय, वर्ग र क्षेत्रभित्रका विपन्न नागरिकलाई प्राथमिकता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | (३) **विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | सामाजिक न्याय प्रत्याभूत गर्दा महिला, दलित, मधेशी, उत्पीडित क्षेत्र, किसान, मजदूर लगायत जुनसुकै लिङ्ग, वर्ग, क्षेत्र वा समुदायका विपन्न नागरिक, शारीरिक वा मानसिक अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासकालागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा प्राथमिकता, विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक प्रत्याभूत गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) **प्रत्येक किसानलाई कृषि कार्यको लागि भूमिमाथिको हक, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तिकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | प्रत्येक किसानलाई कृषि कार्यको लागि भूमिमाथिको हक, परापूर्वकालदेखि किसान वा किसान समूह वा समुदायलाई जैविक विविधता, अनुवांशिक श्रोत र त्यसको उपभोगबाट प्राप्त हुने लाभबाट आर्थिक, सामाजिक, पर्यावरणीय, साँस्कृतिक विकासको हक, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट, पशु तथा पंक्षीपालन, मत्स्यपालन र त्यस्तो पेशा व्यवसायको संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | सशक्तिकरण र विकासको लागि राज्यबाट विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) **आदिबासी, जनजातिलाई आृनो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।**+ | | नेपालमा बसोबास गर्ने प्रत्येक आदिबासी, जनजाति समुदायलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृति, आफ्नो साँस्कृतिक सम्पदा, आविष्कार, कला, साहित्यको संरक्षण, सम्वर्द्धन र विकास गर्ने, आदिवासी, जनजातिको मौलिक तथा परम्परागत ज्ञान, सीप र अभ्यासको उपयोगबाट हुने लाभ प्राप्त गर्ने, वीउ, वीजन औषधी, जीवजन्तु तथा वनस्पति सम्बन्धी ज्ञान, सीपको संरक्षण र विकास गर्ने, आफ्नो आध्यात्मिक, धार्मिक, सामाजिक र साँस्कृतिक सम्पदाहरूको अवलम्वन तथा विकास गर्ने, आदिवासीहरूसँग सरोकार राख्ने निर्णय प्रकृयामा सहभागि हुने, सुसूचित हुने, नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक वा अध्यात्मिक प्रभाव परेमा न्यायपूर्ण क्षतिपूर्ति प्राप्त गर्ने लगायतका हकहरूको व्यवस्था गर्दै राज्यबाट प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (६) **अल्पसंख्यक समुदायलाई आृनो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगका लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | मुस्लिम लगायत जातीय, भाषिक, धार्मिक तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यक समुदायलाई आफ्नो स्वतन्त्र पहिचान कायम राखी आफ्नो समुदायका सदस्यहरूसँग मिलेर आफ्नो धर्म मान्ने, संस्कृतिको अवलम्बन र अभ्यास गर्ने लगायतका सामाजिक र सांस्कृतिक अधिकार प्रयोगका लागि राज्यबाट विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (७) **मधेशी समुदायलाई आर्थिक, सामाजिक साँस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदाय भित्रका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।**+ | | मधेशी समुदायलाई अन्य समुदायका नागरिकहरू सरह आर्थिक, सामाजिक साँस्कृतिक अवसर र लाभको समान वितरण हुने तथा मधेसी समुदाय भित्रका आदिवासी, दलित, मुस्लिम, अन्य अल्पसंख्यक समुदाय लगायतका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि राज्यबाट विशेष अवसर र लाभ प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | (८) **उत्पीडित क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।** | | कर्णाली लगायत उत्पीडित क्षेत्रमा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी तथा खाद्यान्नको समुचित व्यवस्था एवं विकासका पूर्वाधारहरूको व्यवस्था गर्दै त्यस क्षेत्रमा बस्ने नागरिकहरूको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता<br>परिपूर्तिको लागि राज्यबाट विशेष अवसर र लाभ प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (९) **अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।** | | अपाङ्गता भएका व्यक्तिलाई आफ्नो अपाङ्गता सम्बन्धी अवस्थाको आधारमा विविधताको पहिचान सहित समाजका अन्य नागरिक सरह मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समाजका अन्य नागरिकहरू सरह समान पहुँचको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | (१०) **प्रत्येक युवालाई सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्राप्त गर्दै व्यक्तित्व विकासको हक हुने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसरको हक हुनेछ ।** | | प्रत्येक युवालाई सशक्तिकरण र विकासको लागि राज्यबाट शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्राप्त गर्ने हक सुनिश्चित गर्न तथा अतिरिक्त क्रियाकलाप तथा खेलकुदको अवसर, उद्यमशिलता तथा क्षमताको विकास, स्वरोजगारको अवसर, शैक्षिक तथा व्यवसायिक प्रमाणहरू धितो राखी शैक्षिक तथा व्यवसायिक ऋण लिन पाउने, युवाहरूको पलायन रोकी देशभित्रै रोजगारी र व्यक्तित्व विकासको समान अवसर, प्रजनन तथा यौनिक शिक्षा तथा सेवामा पहुँच, लागू पदार्थ लगायत अन्य दुर्व्यसनको नियन्त्रण, अपराधिक गतिविधीमा प्रयोगलाई नियन्त्रण, स्वस्थ मनोरोञ्जनको सुविधा, सूचना तथा सम्वाद केन्द्रहरूको स्थापना एवं परिवार तथा समुदायसँगको सहकार्य गरी युवाहरूको विकास, सम्बर्द्धन तथा प्रोत्साहन गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा युवाहरूको साझेदारी सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (११) **विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेलाई राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरणको हक हुनेछ ।**[*+] | | विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेहरूलाई लागि राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरणको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| २८. | **सामाजिक सुरक्षा सम्बन्धी हक** | **सामाजिक सुरक्षा सम्बन्धी हक: विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।** | | मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्येक व्यक्तिको नैसर्गिक हक हो । समुचित आर्थिक, सामाजिक तथा साँस्कृतिक वातावरणको अभावमा कुनै पनि व्यक्तिको जीवन मर्यादित र सम्मानपूर्ण हुन सक्तैन । जीवनयापनका लागि आधारभूत आवश्यकता पूरा गर्न नसक्ने नागरिकलाई राज्यले संरक्षकको रुपमा सामाजिक सुरक्षाको व्यवस्था गर्नु राज्यको दायित्व हुन्छ । विशेष आवश्यकता भएका नागरिकलाई आधारभूत आवश्यकता परिपूर्तिको लागि उपलब्ध साधन स्रोत र क्षमता अनुसार राज्यबाट खाद्यान्न, लत्ता कपडा, आवास, आधारभूत स्वास्थ्य, शिक्षा, बेरोजगार भत्ता, निवृत्तभरण, सामाजिक वीमा आदि प्राप्त गर्न सक्ने गरी आर्थिक, सामाजिक रुपमा पछाडि परेका विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम राज्यबाट सामाजिक सुरक्षा पाउने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

[*] यस प्रवधानको सट्टामा फरक मत रहेको ।
[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| २९. | **उपभोक्ताको हक** | **<u>उपभोक्ताको हक</u>: (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।** | | नागरिक वा व्यक्ति जो सुकै भए तापनि यो हक प्रत्येक उपभोक्तालाई प्रत्याभूत गरिएको हक हो । यस हकको विस्तार सरकारी वा निजी जुनसुकै क्षेत्रबाट कुनै मुल्य लिई वा नलिई उपलब्ध गराइने वस्तु वा सेवासँग सम्बन्धित रहेको छ । प्रत्येक उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि वारे सूचना वा जानकारी पाउने, प्रतिस्पर्धात्मक तथा सुपथ मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्ने अवसर पाउने, उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई हुने, उपभोग्य वस्तु वा सेवाको बारेमा शिक्षा पाउने, आफ्नो जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने तथा राज्यबाट बजारको प्रभावकारी नियमनको व्यवस्था सहित प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।** | | गुणस्तरहीन वस्तु वा सेवाको लागि उत्पादक, वितरक तथा बिक्रेताहरूलाई जिम्मेवार बनाउँदै त्यस्तो गुणस्तरहीन वस्तु वा सेवाको उपभोग गर्दा उपभोक्तामा पुग्न गएको क्षति वापत पीडितले त्यस्तो वस्तु वा सेवाको उत्पादक, वितरक तथा बिक्रेताबाट उचित क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| ३० | **देश निकाला विरुद्धको हक** | **<u>देश निकाला विरुद्धको हक:</u> कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।** | | कुनै पनि नागरिकलाई कुनै अपराधको सम्बन्धमा सजाय स्वरुप वा अन्य कुनै पनि कारणले देश निकाला नगरिने कुरा सुनिश्चित गर्दै कानून विपरित बसेका विदेशीहरूलाई आवश्यकता अनुसार देश निकाला गर्न यो व्यवस्था गरिएको छ । |
| ३१ | **मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक** | **<u>मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक:</u> (१) यस भागद्वारा प्रदत्त शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ ।** | | नागरिक तथा राजनीतिक प्रकृतिका मौलिक हकको उपभोगमा राज्यले अनुचित हस्तक्षेप नगर्ने मान्यता रहेको र आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रकृतिका मौलिक हकको उपभोगका लागि राज्यको सकारतमक भूमिका (Positive role) रहने भएकोले यस भागद्वारा प्रदत्त मौलिक हक अन्तर्गतका शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सम्बन्धी, सामाजिक न्याय र सामाजिक सुरक्षा सम्बन्धी हकको |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यान्वयनका लागि राज्यले उपयुक्त कानूनी तथा अन्य व्यवस्था गर्ने प्रयोजनका लागि यो व्यवस्था गरिएको छ। |
| | | (२) **यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई बर्ष भित्र कानूनी व्यवस्था गर्नेछ ।** | | कतिपय मौलिक हकहरूको प्रभावकारी कार्यान्वयनको लागि कानूनी व्यवस्था समेत गर्नु पर्ने भएको सन्दर्भमा यस भागमा उल्लिखित हकहरूको कार्यान्वयनको लागि राज्यले यो संविधान जारी भएको दुई वर्ष भित्रै सबै कानूनहरू निर्माण गरी सक्नु पर्ने दायित्व र अवधीका सम्बन्धमा व्यवस्था गर्न यो व्यवस्था गरिएको छ। |
| | | (३) **यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा .. (संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा ...(प्रादेशिक/राज्यस्तरको सर्वोच्च/उच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) मा लेखिए बमोजिम कारबाही चलाउन पाउने हक सुरक्षित गरिएको छ ।** | | कुनै पनि हकको प्रयोजन त्यसको सफल प्रचलनमा रहने भएकोले उपचार सहितको हक सुनिश्चित गर्न र उपचार प्राप्त गर्ने हक राज्यतर्फबाट उल्लंघन हुन नदिने उद्देश्यका लागि यस भागमा उल्लिखित प्रत्येक मौलिक हकको प्रचलनलाई प्रभावकारी बनाउन संघीय सर्वोच्च अदालत तथा सम्बन्धित संघीय इकाइको उच्च अदालतबाट रिट क्षेत्राधिकारको माध्यमबाट प्रभावकारी न्यायिक उपचार प्राप्त गर्ने हकलाई पनि मौलिक हककै रुपमा सुनिश्चित गर्न यो हकको व्यवस्था गरिएको छ। |

# (ग) मौलिक कर्तव्य सम्बन्धी मस्यौदा

## भाग ......

## मौलिक कर्तव्य

| सि.नं | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | **मौलिक कर्तव्य** | **नागरिकका कर्तव्यः प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन् -** | **मौलिक कर्तव्य** | अधिकार र कर्तव्य एक अर्काका परिपूरक भएकोले एक नागरिकको कर्तव्य पालनबाट अर्को नागरिकको अधिकार उपभोगलाई बल पुग्ने र सम्बन्धित नागरिकलाई समेत मौलिक हक प्रयोग गर्ने आधार प्राप्त हुने एवं कर्तव्यको उल्लेखबाट नागरिकलाई समाज र राष्ट्रप्रतिको कर्तव्यबोध गराई प्रत्येक नागरिकलाई अनुशासित, मर्यादित, नैतिक र कर्तव्यनिष्ट बनाउन नागरिकको कर्तव्य सम्बन्धी व्यवस्था गरिएको छ । |
| | | **(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,** | | हरेक नागरिकलाई राष्ट्रप्रति निष्ठावान (Loyal and allegiance) बनाउँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता कायम राखी राष्ट्रिय एकता प्रवर्द्धन गर्नका लागि नागरिकको कर्तव्य निर्धारण गर्न यस्तो व्यवस्था गरिएको छ । |
| | | **(ख) राष्ट्रिय गोपनीयता कायम राख्नु,** | | राष्ट्रको सुरक्षा, सार्वभौमसत्ता र अखण्डताको रक्षाका लागि संवेदनशील विषयहरूमा नागरिकले प्राप्त गरेका सूचना वा जानकारीले राष्ट्रको सुरक्षा समेतमा असर पार्न सक्ने भएकोले यस्ता सूचना र जानकारीहरू प्रकट नगरी राष्ट्रिय गोपनीयता कायम राख्नु पर्ने नागरिकको कर्तव्य निर्धारण गर्न यसप्रकारको व्यवस्था गरिएको छ । |
| | | **(ग) संविधान र कानूनको पालना गर्नु,** | | अधिकार र कर्तव्य एक अर्काका परिपूरक भएकोले संविधान र कानूनले नागरिकका अधिकार र कर्तव्य समेतलाई निर्धारण गर्ने हुँदा संविधान र कानूनको पालन गरी संवैधानिक सर्वोच्चता र कानूनी शासनलाई आत्मसात् गर्नका लागि संविधान र कानूनको पालना गर्ने नागरिकको कर्तव्य हुने गरी यसप्रकारको व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (घ) **राष्ट्रले चाहेका वखत अनिवार्य सेवा गर्नु,*** | | नागरिकहरू राज्यका निर्माता मात्र नभई राज्यबाट संरक्षण पाउने हकदार पनि हुन् । राष्ट्र रहे मात्र नागरिकले आफ्ना अधिकार, सुविधा र अवसर प्राप्त गर्न सक्छन् । विभिन्न कारणले राष्ट्रमा पर्न आउने कठिन अवस्थाबाट सृजित परिस्थितिको सामना गर्न नागरिकलाई तत्पर बनाई राख्न प्रकोप, विपत्ति वा राष्ट्रिय संकट जस्ता र राष्ट्रलाई आवश्यक परेका वखत अनिवार्य सेवा गर्नु पर्ने नागरिकको कर्तव्य निर्धारण गर्न यस प्रकारको व्यवस्था गरिएको छ । |
| | | (ङ) **सार्वजनिक तथा राष्ट्रिय सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नु,** | | सार्वजनिक तथा राष्ट्रिय सम्पत्तिको संरक्षण र सम्बर्द्धनबाट नागरिकका अधिकार उपभोग गर्न सघाउ पुग्ने र यस्ता सम्पत्ति देशका साझा सम्पत्तिको रुपमा रहने भएकोले नागरिकले पूरा गर्नु पर्ने कर्तव्य अन्तर्गत सार्वजनिक तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गर्ने कर्तव्य निर्धारण गर्न यस प्रकारको व्यवस्था गरिएको छ । |
| | | (च) **कानून बमोजिम कर तिर्नु,** | | राज्य व्यवस्था सञ्चालनका लागि स्रोत साधनको आवश्यकता पर्ने भएकोले राज्यको दैनिक प्रशासन सञ्चालन गर्न, राष्ट्रिय सुरक्षा सुदृढ गरी नागरिकका अधिकार उपभोगको वातावरण सुनिश्चित गर्न, विपन्न वर्गलाई विशेष व्यवस्था गरी परिणाममा समान बनाउन एवं राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउन नागरिकहरूले कानून बमोजिम राज्यलाई कर तिर्नु पर्ने कर्तव्य निर्धारण गर्न यसप्रकारको व्यवस्था गरिएको छ । |
| | | (छ) **राष्ट्र, समाज र अन्य व्यक्तिको अधिकारमा आघात नपुग्ने गरी आफ्नो स्वतन्त्रता र अधिकारको प्रयोग गर्नु,** | | आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा राष्ट्र र समाजप्रति निर्वाह गर्नु पर्ने कर्तव्यको साथै अन्य व्यक्तिको अधिकारमा आघात नपुऱ्याउने कुराको हेक्का राखी आफ्नो अधिकारको प्रयोग र अरुको अधिकार एवं स्वतन्त्रताबीच समुचित सन्तुलन कायम राख्न नागरिकले आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा राष्ट्र, समाजको साथै अन्य व्यक्तिको अधिकार र स्वतन्त्रतालाई सम्मान गर्दै आफ्नो हकको प्रयोग गर्न यो कर्तव्यको व्यवस्था गरिएको छ । |

* यस प्रवधानको सट्टामा फरक मत रहेको । फरक मत सम्बन्धी विवरणहरू फरक मत खण्डमा दिइएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | (ज) **श्रमको सम्मान गर्नु,** | | मानव उपयोगी जुनसुकै प्रकारको श्रम भए पनि श्रमको सम्मानद्वारा नागरिकलाई अनुशासित, मर्यादित र उद्यमशील बनाउन श्रमले मद्दत पुऱ्याउने भएकोले सबै किसिमका श्रमको सम्मान गर्ने एवं प्रत्येक नागरिकको कर्तव्य हुने गरी यसप्रकारको व्यवस्था गरिएको छ । |
| | | (झ) **आमा, बाबु, बालबालिका, जेष्ठ नागरिक, महिला, अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति तथा मानव समुदायप्रति आदर र सम्मान गर्नु,** | | परिवार नै व्यक्तिको पहिलो पाठशालाको हुने तथा जन्म, पालन, पोषण, शिक्षा दीक्षामा प्रमुख भूमिका हुने आमा, बाबु तथा अभिभावकप्रति उचित आदर र सम्मान प्रकट गर्ने, बालबालिका, जेष्ठ नागरिक, महिला, अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति तथा मानव समुदायप्रति आदर र सम्मान प्रकट गरी सभ्य, सुसंस्कृत र नैतिकवान नागरिकको भूमिका निर्वाह गर्नु पर्ने कर्तव्य निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | (ञ) **वातावरण संरक्षण र प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु,**[+] | | वनस्पति, जीवजगत र पर्यावरणबीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरताले वातावरण संरक्षणमा सहयोग पुऱ्याउने भएकोले हरित (Green) तथा गैर हरित (Brown) वातावरण संरक्षणका साथै नागरिकलाई प्रकृति अनुकूल सम्मानपूर्वक बाँच्नका लागि आवश्यक प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि कर्तव्यनिष्ठ बनाउन यस्तो कर्तव्यको व्यवस्था गरिएको छ । |

[+] प्रावधान थप गर्ने गरी फरक मतहरू रहेका ।

# (घ) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी मस्यौदा

## भाग .......

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

| सि.नं | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १ | **मार्ग निर्देशनका रुपमा रहने** | **मार्ग निर्देशनका रुपमा रहने:** (१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त र नीति राज्य सञ्चालनका मार्ग निर्देशनका रुपमा रहनेछन् । | **राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व** | यस भागमा उल्लिखित सिद्धान्त तथा नीतिहरू भविष्यको लागि निर्धारण गरिएका राज्यका मार्ग चित्रका रुपमा रहेकोले यी सिद्धान्त र नीतिहरूका आधारमा राज्य व्यवस्था सञ्चालन गर्नु पर्ने गरी राज्यलाई मार्ग निर्देश गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त र नीतिको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने वा गराउनेछ । | | राज्यले उपलब्ध साधन स्रोतमा मात्र सीमित नरही थप साधन स्रोतको समुचित व्यवस्था गर्दै यस भागमा उल्लिखित सिद्धान्त तथा नीति कार्यान्वयन गर्ने व्यवस्थाका लागि यस प्रकारको व्यवस्था गरिएको छ । |
| २ | **निर्देशक सिद्धान्तहरू** | **निर्देशक सिद्धान्तहरू:** (१) देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी | | नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी विधिको शासन, मौलिक हक तथा मानव अधिकारका मुल्य मान्यता, राज्यका सबै अङ्ग तथा निकायहरूमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशीकरण तथा सहभागिता एवं सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी व्यवस्थाको स्थापना गर्ने साथै परस्पर सहयोगमा आधारित संघात्मकता (Cooperative Federalism) को मान्यताका आधारमा |

| | | | | |
|---|---|---|---|---|
| | | **राज्यव्यवस्थाको स्थापना गर्ने एवं परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइ*हरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रिकरण को आधारमा शासन व्यवस्थामा जनताको समावेशी, समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतन्त्रका लाभ उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्था स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।**+ | | राज्य-राज्यकाबीचको सम्बन्ध सुदृढ गर्दै विकेन्द्रीकरण र स्थानीय स्वायत्तता मार्फत राज्यको शासन व्यवस्थामा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका जनताको समावेशी समानुपातिक सहभागीताको सिद्धान्तलाई आत्मसात् गर्दै लोकतन्त्रका लाभहरू उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरूको विकास गर्ने तथा साँस्कृतिक विविधताको सम्मान गर्दै साम्प्रदायिक सद्भाव, ऐक्यवद्धता र सामञ्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक साँस्कृतिक उद्देश्य हुनेछ ।** | | धर्म, सँस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा समाजमा हुने गरेका तथा हुन सक्ने सबै किसिमका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माण गर्ने एवं नेपालको राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, जुनसुकै व्यक्ति वा वर्गले गर्ने श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मानवीय मर्यादा र पारस्परिक सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्य मान्यताको विकास गर्ने तथा नेपाली समाजमा रहेको साँस्कृतिक विविधताको सम्मान गर्दै नेपालका विभिन्न जात जाति, धर्म, वर्ग र क्षेत्रका समुदायहरूबीच साम्प्रदायिक सद्भाव, सामाजिक तथा साँस्कृतिक ऐक्यवद्धता र पारस्परिक सामञ्जस्यता कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्ने राज्यको सामाजिक साँस्कृतिक उद्देश्य निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |

* यस भागमा प्रयुक्त "संघीय इकाई" भन्नाले संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरूलाई जनाउँनेछ ।

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **(३) स्रोत साधनको न्यायोचित वितरण, सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारी तथा सहकारी र निजी क्षेत्रको स्वतन्त्र विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गर्दै शोषणरहित समाजको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।** | | देशमा उपलब्ध उत्पादनका स्रोत साधनहरूको न्यायोचित वितरण गर्ने, समाजमा विद्यमान सबै प्रकारका आर्थिक शोषणहरूको अन्त्य गर्ने तथा सहकारी क्षेत्र र निजी क्षेत्रको स्वतन्त्र विकासका साथै सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्रको साझेदारीका माध्यमबाट उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग (Optimum use) गर्दै दिगो आर्थिक विकास (Sustainable economic development) गर्ने साथै आर्थिक विकासका उपलब्धिहरूको न्यायपूर्ण वितरणको व्यवस्था मिलाई शोषण रहित समाज निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख अर्थतन्त्र अवलम्वन र विकास गर्ने राज्यको आर्थिक उद्देश्य निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(४) देशको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।** | | नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनतालाई सर्वोपरि राखी राष्ट्रिय हितको प्रवर्द्धन गर्दै सार्वभौमिक समानता (Sovereign equality) को आधारमा सबै मित्रराष्ट्रहरूसँग सम्बन्ध विकास र विस्तार गर्ने तथा छिमेकी मित्रराष्ट्रहरूसँग समनिकटताका आधारमा सम्बन्ध कायम गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय सम्मान अभिबृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित गर्न यो व्यवस्था गरिएको छ । |
| **३.** | **राज्यका नीतिहरू** | **राज्यका नीतिहरू: राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ : -**<br>**(क) राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता सम्बन्धी नीति:**<br>१. **देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,** | | आन्तरिक वा वाह्य जुनसुकै अवस्था वा कारणले राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा आँच आउन नदिनु प्रत्येक राष्ट्रको प्राथमिक कार्य भएको तथा सार्वभौम र स्वाधीन राष्ट्र विना नागरिक र नागरिकका अधिकारहरूको परिकल्पना गर्न नसकिने भएकोले नेपालको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | २. **विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गरी संघीय इकाईहरूबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,** | | धार्मिक, सामाजिक एवं साँस्कृतिक रुपले विविधतायुक्त मुलुकमा धार्मिक, सामाजिक एवं साँस्कृतिक विविधतालाई आत्मसात् गर्दै जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गरी संघीय इकाईहरूबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्न यो व्यवस्था गरिएको छ । |
| | | ३. **राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,** | | मुलुक संघीयतामा प्रवेश गरिसकेको परिवर्तित अवस्थामा समग्र राष्ट्रको एकीकृत सुरक्षा व्यवस्थापनका लागि राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी त्यसलाई सवल, सक्षम र प्रभावकारी बनाउँदै शान्ति सुरक्षा र अमन चयन स्थापना र कायम गर्ने राज्यको प्रमुख नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **सर्वाङ्गीण मानवीय सुरक्षा प्रत्याभूत गर्ने,** | | सुरक्षा सम्बन्धी वद्लिँदो मान्यता र सन्दर्भ अनुरुप राष्ट्रिय सुरक्षा सुदृढ गर्दै नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, खाद्य सम्बन्धी, स्वास्थ्य, वातावरणीय सुरक्षा, प्रकोपको अवस्थामा राहत एवं व्यक्तिगत तथा सामुहिक सुरक्षा समेतकोसमग्र मानवीय सुरक्षा (Human Security) सुनिश्चित गर्न सुरक्षा सम्बन्धी राष्ट्रिय नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ५. **राष्ट्रिय सुरक्षा नीतिका आधारमा सेना, प्रहरी लगायत सबै सुरक्षा अङ्गहरूलाई सबल, सुदृढ, व्यवसायिक, समावेशी र जनउत्तरदायी बनाउने,**[+] | | सेना, प्रहरी लगायत सबै सुरक्षा अङ्गहरूलाई सबल, सुदृढ, व्यवसायिक, समावेशी र जनउत्तरदायी बनाउँदै राष्ट्रिय र सार्वजनिक सुरक्षा प्रत्याभूत गर्न यो व्यवस्था गरिएको छ । |

[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | ६. **राष्ट्रिय आवश्यकता अनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम राख्ने ।** | | राष्ट्रिय हित सदैव सर्वोपरि हुने भएको, राष्ट्रिय प्रकोप, कट र विपत्तिमा सहयोग गर्नु प्रत्येक नागरिकको मातृभूमिप्रतिको प्राथमिक कर्तव्य भएकोले राष्ट्रिय आवश्यकता अनुरुप राष्ट्रिय संकट र विपत्तिको जुनसुकै समयमा पनि राष्ट्रको सेवा गर्न तत्पर, जागरुक र प्रतिबद्ध नागरिक तयार गरी निश्चित उमेरका प्रत्येक नागरिकलाई अनिवार्य रुपमा उसको योग्यता र क्षमताका आधारमा राष्ट्रिय सेवामा लगाउने व्यवस्था गर्न समेत यो नीतिको व्यवस्था गरिएको छ । |
| | | **(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिः**<br>१. **प्राप्त राजनीतिक उपलब्धीहरूको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,** | | नेपाली जनताको बलिदानी संघर्षबाट प्राप्त भएका महत्वपूर्ण राजनीतिक उपलब्धीहरूको रक्षा, सुदृढीकरण र विकास गर्दै सामाजिक, आर्थिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्न यो व्यवस्था गरिएको छ । |
| | | २. **मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने,** | | राज्यको शासनव्यवस्था सञ्चालन गर्दा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै विधिको शासन कायम गर्ने विषयलाई प्रमुख नीति निर्धारण गरी यो व्यवस्था गरिएको छ |
| | | ३. **नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि संझौताहरूको कार्यान्वयन गर्ने,** | | नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन गर्ने विषयलाई राज्यको नीतिको रुपमा निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, तदारुक, पारदर्शी, जनउत्तरदायी, र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान, सरल र निर्बाध पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,** | | सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, तदारुक, पारदर्शी, जनउत्तरदायी, र सहभागितामूलक बनाउँदै मानव स्रोत, सूचना प्रविधि लगायतका उपलब्ध सबै साधन स्रोतको अधिकतम् परिचालन गर्दै राज्यबाट प्राप्त हुने सेवा सुविधामा सर्वसाधारण जनताको सहज, सरल, समान र निर्वाध पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति प्रदान गर्न यो नीतिको व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ५. **आमसञ्चारलाई स्वच्छ, स्वस्थ, सुरक्षित, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्दै सुसूचित हुन पाउने जनताको अधिकार सुनिश्चित गर्ने,** | | जनताको विचार अभिव्यक्ति तथा सूचनाको हक उपभोग गर्ने सशक्त माध्यमको रुपमा रहेको सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित छापा, विद्युतीय प्रकाशन प्रशारण लगायतका सम्पूर्ण आम सञ्चार क्षेत्रलाई स्वच्छ, स्वस्थ, सुरक्षित, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्दै जनताको सुसूचित हुन पाउने हक सुनिश्चित गर्नका लागि यो नीतिको व्यवस्था गरिएको छ। |
| | | ६. **खुल्ला र पारदर्शी समाजको निर्माण र विकास गर्न राज्य संयन्त्रमा रहेका सूचनाहरू प्रवाह गर्ने तथा सञ्चारको विकास र विस्तार गरी सूचनामाथि आम जनताको पहुँच सुनिश्चित गर्ने,** | | खुल्ला र पारदर्शी समाजको निर्माण र विकास गर्न राज्य संयन्त्रमा रहेका सूचनाहरू प्रवाह गर्ने तथा सञ्चारको विकास र विस्तार गरी दुर्गम र पछाडि पारिएका वा परेका क्षेत्रका एवं अपाङ्गता भएका जनताहरूको सूचना र सञ्चार सुविधामाथि पहुँच सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ। |
| | | ७. **संघ र संघीय इकाइहरूबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने,** | | राज्य एकात्मक स्वरुपबाट संघात्मक स्वरुपमा रुपान्तरण भएको सन्दर्भमा संघ तथा संघीय इकाइहरू-प्रादेशिक इकाइ तथा स्थानीय इकाईहरूबीच एवं संघीय इकाइहरूबीचको पारस्परिक सहयोग र सम्बन्ध एक महत्वपूर्ण पक्षको रुपमा रहेकोले हाम्रो जस्तो आर्थिक रुपले सम्पन्न भइनसकेको राष्ट्को लागि संघ तथा संघीय इकाइहरू बीच तथा संघीय इकाइहरू एक अर्काबीच स्रोत साधन, जिम्मेवारी तथा कतिपय प्रशासनिक साझेदारी आवश्यक पर्ने भएकोले संघ तथा संघीय इकाइहरूबीच सहयोगात्मक रुपले सुमधुर सम्बन्ध सञ्चालन हुने व्यवस्था गर्न यो नीति निर्धारण गरिएको छ। |
| | | **(ग) सामाजिक, साँस्कृतिक रुपान्तरण सम्बन्धी नीति:**<br>१. **समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति वा संस्कारको नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने,** | | धर्म, प्रथा, परम्परा, रीति, संस्कार वा संस्कृतिका नाममा समाजमा हुने जातीय भेदभाव, छुवाछुत, भाषिक, धार्मिक, लैङ्गिक लगायत सबै प्रकारका असमानताहरू, विभेद, शोषण र अन्यायको अन्त्य गर्ने सामाजिक साँस्कृतिक नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ। |

| | | | | |
|---|---|---|---|---|
| | | २. **लोकतान्त्रिक संस्कृतिको विकास गरी स्वस्थ र सुमधुर सामाजिक सम्बन्धमा आधारित सुसंस्कृत सभ्य समाजको निर्माण गर्ने,+** | | लोकतान्त्रिक संस्कृतिको विकास गरी स्वस्थ र सुमधुर सामाजिक सम्बन्धमा आधारित सुसंस्कृत सभ्य समाजको निर्माण गर्ने नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ३. **देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जात, जाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने,** | | समाजमा विद्यमान रहेको साँस्कृतिक विविधता कायम राख्दै समानता र सहअस्तित्वका आधारमा बहुभाषिक मूल्य मान्यताका आधारमा विभिन्न जात, जाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य र कलाको संरक्षण र विकास गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकासको लागि त्यस्ता सम्पदाहरूको अध्ययन, अनुसन्धान, उत्खनन्, संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्ने,** | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन, अध्ययन, अनुसन्धान, उत्खनन एवं प्रचार प्रसार गरी त्यस्ता सम्पदाहरूलाई राष्ट्रिय विकासमा प्रयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | ५. **सामाजिक, साँस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,** | | सामुदायिक, सामाजिक, साँस्कृतिक तथा परोपकारी कार्यमा स्थानीय जनसहभागिता अभिवृद्धिका माध्यमबाट सामुदायिक रुपमा जनताहरू आफैले विभिन्न सेवा तथा सुविधाहरूको उत्पादन एवं वितरण गर्न सक्ने तथा आर्थिक, सामाजिक, सँस्कृतिक प्रकृतिका अधिकारहरूको संरक्षण गर्दै जनताको जीवनस्तर अभिबृद्धि गर्न यसबाट महत्वपूर्ण सहयोग पुग्न सक्ने भएकोले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, सामुदायिक सेवा, परोपकारी कार्यहरू समेतका लागि स्थानीय जनताहरूको अग्रसरता तथा कृयाशीलतामा स्थानीय तहमा हुने सिर्जनशीलतालाई राज्यले प्रवर्द्धन र उपयोग गरी सामुदायिक विकास गर्न यो व्यवस्था गरिएको छ । |
| | | ६. **राष्ट्रिय सम्पदाको रुपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,** | | कला, साहित्य र सङ्गीत जस्ता राष्ट्रिय सामाजिक, साँस्कृतिक सम्पदाहरूको विकास र विस्तारमा राज्यले जोड दिने नीति निर्धारण गन यो व्यवस्था गरिएको छ । |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **(घ) अर्थ वाणिज्य सम्बन्धी नीति:**<br>१. **सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारी र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,*** | | सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारी तथा यिनीहरूको स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्न यो व्यवस्था गरिएको छ । |
| | | २. **साधन स्रोतको अधिकतम् परिचालन गर्दै आर्थिक समृद्धि हासिल गर्ने,** | | सार्वजनिक, सहकारी र निजीक्षेत्रसँग उपलब्ध साधन, स्रोतको अधिकतम् (Optimum) परिचालन गर्दै आर्थिक बृद्धि हासिल गर्ने नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ३. **सहकारी क्षेत्रलाई प्राथमिकता दिँदै यस क्षेत्रको पूँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्ने,** | | लघुवित्त, कृषि लगायतका सम्पूर्ण क्षेत्रमा सहकारितालाई प्राथमिकता दिँदै यस क्षेत्रको विकास गर्ने तथा राष्ट्रिय अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहेको सहकारी क्षेत्रको पूँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **निजी क्षेत्रको लगानी र योगदानमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,** | | राष्ट्रिय विकासका सम्पूर्ण क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने सन्दर्भमा राष्ट्रको आवश्यकता र प्राथमिकताको आधारमा विकासको साझेदारको रुपमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा निजी क्षेत्रमा व्यवसायिकता, जवाफदेहिता र स्वच्छ प्रतिस्पर्धा कायम गर्न यसको प्रभावकारी नियमन गर्ने व्यवस्था गर्दै निजी क्षेत्रमा रहेको श्रम, पूँजी र प्रविधिलाई सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने यो व्यवस्था गरिएको छ । |
| | | ५. **आर्थिक साधन स्रोत तथा विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने,** | | देशमा उपलब्ध आर्थिक साधन स्रोतहरू कुनै व्यक्ति वा समूह विशेषमा केन्द्रित हुन नदिई आर्थिक शोषण हुन नपाउने अवस्था सुनिश्चित गर्दै त्यस्ता साधन स्रोतको न्यायोचित वितरण गर्ने तथा राष्ट्रिय जीवनका सबै क्षेत्रमा हासिल भएको विकासको प्रतिफल न्यायोचित रुपमा वितरण गर्न यो व्यवस्था गरिएको छ । |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | ६. **तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने** | | तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा लगानी अभिबृद्धि गर्दै निर्यात प्रवर्द्धन गर्ने तथा देशमा उत्पादित वस्तु तथा सेवाहरूको निर्यात प्रवर्द्धनका लागि बजारको विविधिकरण र विस्तार गर्न यो व्यवस्था गरिएको छ । |
| | | ७. **कालाबजारी, सीण्डिकेट, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने जस्ता बिकृति र विसङ्गतिलाई नियन्त्रण गर्दै व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,** | | कालाबजारी, सीण्डिकेट, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने, कार्टेलिङ्ग, (Cartelling) लगायतका विकृति र विसङ्गतिलाई नियन्त्रण गर्दै व्यापारिक क्षेत्रमा स्वच्छता, प्रतिस्पर्धा तथा अनुशासन कायम गर्न व्यवस्थापन, नियमन, अनुगमन समेतका समुचित उपायहरू अवलम्वन गर्दै उपभोक्ताका अधिकारहरू संरक्षित र सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| | | ८. **राष्ट्रिय अर्थतन्त्रको  विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,** | | राष्ट्रिय अर्थतन्त्रको विकासको लागि नेपाली श्रम, सीप र स्वदेशी कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिन तथा राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | ९. **राष्ट्रिय अर्थतन्त्रको  विकासको लागि सेवा क्षेत्रमा स्वदेशी लगानीलाई प्राथमिकता दिँदै उद्योगको रुपमा विकास गरी प्रतिस्पर्धी बनाउँदै लैजाने,** | | राष्ट्रिय अर्थतन्त्रको  विकासको लागि सेवा क्षेत्रमा स्वदेशी लगानीलाई प्राथमिकता दिँदै उद्योगको रुपमा विकास गरी प्रतिस्पर्धी बनाउँदै लैजान यो व्यवस्था गरिएको छ । |
| | | १०. **राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका  क्षेत्रमा वैदेशिक पूँजी र प्रविधिको लगानीलाई परिचालन गर्ने,** | | राष्ट्रिय हितलाई सर्वोपरि राख्दै वैदेशिक आयातलाई प्रतिस्थापन गर्ने तथा वैदेशिक निर्यात प्रवर्द्धन गर्ने क्षेत्रमा प्राथमिकता दिँदै वैदेशिक पूँजी र प्रविधिलाई परिचालन गर्दै औद्योगिकरण गर्ने नीति अवलम्वन गर्न यो व्यवस्था गरिएको छ । |
| | | ११. **वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,** | | राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा पारदर्शी रुपमा वैदेशिक सहायता लिन सकिने,  यसलाई पारदर्शी बनाउने तथा वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्दै त्यसको प्रभावकारिता वृद्धि गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | १२. **सबै लिङ्ग, क्षेत्र, जाति र समुदाय भित्रका विपन्न वर्गका नागरिकलाई विशेष प्राथमिकता दिँदै राष्ट्रिय आयको न्यायोचित वितरण गर्ने,**[+] | | समाजका सबै लिङ्ग, क्षेत्र, जाति र समुदायभित्रका विपन्न वर्गका नागरिकहरूलाई प्राथमिकता दिँदै राष्ट्रिय आयको न्यायोचित वितरण गर्न यो व्यवस्था गरिएको छ । |
| | | १३. **गैरआवाशीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने ।** | | गैरआवासीय नेपालीको रुपमा रहेका नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका नेपाली मुलका विदेशी नागरिकहरू तथा विदेशमा बस्ने नेपाली नागरिकहरूको ज्ञान, सीप, पूँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गर्ने नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(ङ) कृषि र भूमि सुधार सम्बन्धी नीतिः** **भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार गर्ने,**[*+] | | भूमिमा रहेको जग्गाधनी र मोहीको दोहोरो स्वामित्वको अविलम्व अन्त्य गर्न तथा जमिनमा जोताहा किसानको अधिकार स्थापित गराउँदै राष्ट्रिय आवश्यकता अनुरुप वैज्ञानिक आधारमा जमिनको हदबन्दी निर्धारण गरी वैज्ञानिक भूमिसुधार गर्न यो व्यवस्था गरिएको छ । |
| | | १. **अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,** | | जमीनमा स्वामित्व भए तापनि त्यस्तो जमीनको कुनै उपयोग नगरी जमीनलाई बाँझो रुपमा छाड्ने, जमीनको उत्पादन र उत्पादकत्व घटाउने गरी विद्यमान रहेको अनुपस्थित भू-स्वामित्वलाई दुरुत्साहित गर्दै अव्यवस्थित र छरिएर रहेका नागरिकहरूको जमीनका टुक्राहरूलाई उपलब्ध सिँचाई सुविधा सापेक्ष व्यवस्थित र वैज्ञानिक ढङ्गले चाक्लबन्दी गरी जमीनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न यो व्यवस्था गरिएको छ । |
| | | २. **किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिलाई व्यवसायिकरण र कृषिजन्य औद्योगिकरण गर्ने,** | | कृषि उत्पादन र कृषकका आधारभूत आवश्यकताका रुपमा रहेका कृषि औजार, मल खाद, बीउ बिजन, रसायन, औषधी जस्ता कृषि सामग्रीहरू सुपथ, सहज र सरल ढङ्गले उपलब्ध गराउँदै किसानलाई तालीम, प्रशिक्षण, अध्ययनको व्यवस्था गरी सुलभ कृषि ऋण, अनुदान, कृषि तथा |

[+] केही प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | | | पशु बीमाको व्यवस्था, लागतको आधारमा न्यूनतम् मूल्य प्राप्त गर्ने कृषि बजारको व्यवस्था, आफ्नो रोजाई अनुसारको खेती गर्न पाउने, आफ्नो रैथाने बीउ बीजनको संरक्षण गर्ने, प्राविधिक सेवा प्राप्त गर्ने समेतका अधिकारहरू सुनिश्चित गर्दै राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादकत्व बढाउन राज्यले कृषकलाई प्रोत्साहित गर्ने तथा भूमिहीन किसानहरूलाई जमीन उपलब्ध गराउने, कृषि मजदूरको न्यूनतम् ज्याला निर्धारण गर्ने, सामूहिक सौदावाजीको अधिकार सुनिश्चित गर्न तथा कृषिमा सहकारिता र जैविक कृषि प्रणालीलाई प्रोत्साहित गर्दै विद्यमान निर्वाहमुखी खेती प्रणालीको सट्टा व्यवस्थित र व्यवसायिक कृषि प्रणालीको विकास गर्न कृषिको व्यवसायिकरण गर्न तथा कृषिलाई उद्योगको रुपमा विकास गर्ने नीति अवलम्बन गर्न यो व्यवस्था गरिएको छ। |
| | | **(च) विकास सम्बन्धी नीति:**<br>१. **विकासका दृष्टिले पछाडि पारिएका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातावरणमैत्री एवं दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने,** | | विगतको एकात्मक राज्य व्यवस्थाबाट मुलुकको सबै क्षेत्रमा समान रुपमा भौतिक विकास हुन नसकेकोले राष्ट्रको समग्र भौतिक विकास गर्दा विकासको दृष्टिले पछाडि पारिएको क्षेत्रलाई प्राथमिकता दिई विकास कार्यक्रम सञ्चालन गर्न तथा देशको सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास गर्न यो व्यवस्था गरिएको छ। |
| | | **विकास निर्माणको प्रकृयामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्ने,** | | विकास निर्माण सम्बन्धी योजनाको छनौट, सञ्चालन, अनुगमन लगायतका योजना चक्रका सम्पूर्ण प्रकृयाहरूमा जनसहभागीता सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ। |
| | | २. **वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा यस क्षेत्रका वैज्ञानिक, प्राविधक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,** | | वैज्ञानिक शोध, अध्ययन, अनुसन्धानले राष्ट्रिय विकासमा योगदान पुऱ्याउने भएकोले वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको उन्नयन र विकासमा राज्यले लगानी अभिवृद्धि गर्ने र यस क्षेत्रमा लगानी प्रोत्साहित गर्न एवं तथा यस क्षेत्रका वैज्ञानिक, प्राविधक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्न यो व्यवस्था गरिएको छ। |

| | | | | |
|---|---|---|---|---|
| | | ३. **राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको अधिकतम् उपयोग गर्ने ।** | | विज्ञान र प्रविधिको विकास र विस्तारको कारणले गर्दा राष्ट्रिय जीवनका सबै क्षेत्रहरूमा सूचना प्रविधिको उपयोग गर्न सकिने भएकोले राष्ट्रिय आवश्यकता अनुसार राज्यले सूचना प्रविधिको विकास र विस्तार गरी सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्न तथा राज्यका विभिन्न काम कारवाहीहरू सम्पादन गर्न सहज र सरल बनाउने मात्र होइन, राज्य व्यवस्थामा यसले जनताको सहज र सरल पहुँच समेत अभिबृद्धि गर्ने भएकोले राष्ट्रिय विकासमा सूचना प्रविधिको अधिकतम् प्रयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **विकासका प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने,** | | विकासका प्रतिफलहरूको न्यायोचित रुपमा वितरण हुने सुनिश्चितताको लागि मुलुकका आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पछाडि पारिएका वा परेका विपन्न नागरिकलाई प्राथमिकता दिई सामाजिक न्याय प्रदान गर्न राष्ट्रिय जीवनका सम्पूर्ण क्षेत्रमा भएका विकासको प्रतिफल विपन्न नागरिकले प्राप्त गर्ने गरी यो व्यवस्था गरिएको छ । |
| | | ५. **एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासंग आवद्ध गर्ने,** | | व्यवस्थित र एकीकृत सूचना प्रणालीको अभावमा नागरिकका सम्पत्ति, चालचलन तथा आर्थिक, सामाजिक अवस्था समेतको विषयमा सहज र सरल रुपमा जानकारी प्राप्त गर्न सक्ने अवस्था नभएको तथा अपराध नियन्त्रण समेतका लागि एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (Information Management System) आवश्यक भएको सन्दर्भमा नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रुपमा व्यवस्थापन गर्दै राज्यबाट उपलब्ध हुने प्रत्येक सेवा सुविधा र राष्ट्रिय विकास योजनासंग यस्तो प्रणालीलाई आबद्ध गर्ने गरी राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास र प्रयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | ६. **जनसांख्यिक तथ्यांकलाई आवधिक गर्दै राष्ट्रिय विकास योजनासंग आवद्ध गर्ने ।** | | जनसंख्या तथा अन्य विभिन्न राष्ट्रिय तथ्यांकको अभावमा राष्ट्रिय योजनाहरू तथ्यपरक र वास्तविक हुन नसक्ने र अपेक्षित उपलब्धी हासिल हुन नसक्ने भएकोले राष्ट्रिय जनगणनालाई व्यवस्थित गर्दै तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | नागरिकहरूको विभिन्न क्षेत्रको विभाजित तथ्यांक (Disaggregated data) संकलन गर्ने तथा त्यस्ता तथ्यांक एवं सूचनाका आधारमा योजना र सार्वजनिक नीति निर्धारण गर्न यो व्यवस्था गरिएको छ। |
| | | **(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति:**<br>१. **राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,**[+] | | प्रकृतिको देनको रुपमा उपलब्ध भूमि, जल, वनजङ्गल, वायु, वातावरण लगायतका सम्पूर्ण प्राकृतिक साधन स्रोतहरूलाई संरक्षण गर्ने तथा त्यस्ता प्राकृतिक साधन स्रोतको उपयोग गर्दा राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै वातावरण मैत्री र दिगो रुपमा उपयोग गर्ने तथा प्राकृतिक साधन स्रोतको उपयोगबाट प्राप्त प्रतिफल स्थानीय समुदायलाई प्राथमिकतासाथ न्यायोचित रुपमा वितरण गर्न यो व्यवस्था गरिएको छ। |
| | | २. **भूमिको अध्ययन अनुसन्धान गरी त्यसको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भूमिको नियमन र व्यवस्थापन गर्दै समुचित उपयोग गर्ने,** | | प्राकृतिक सम्पदाको रुपमा रहेको देशको भूमिको वैज्ञानिक अध्ययन अनुसन्धान गरी यसको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतलाई ध्यान दिई भूमिको उपयुक्त प्रयोगको लागि उर्वर तथा कृषियोग्य जमिनमा खेती, बासस्थानको लागि उपयुक्त स्थानमा शहर तथा बस्तीहरूको विकास एवं वन जङ्गलको लागि उपयुक्त स्थानमा वन व्यवस्थापन समेतको व्यवस्था गर्दै भूमिको नियम र व्यवस्थापन गरी वैज्ञानिक आधारमा भू-उपयोग गर्न यो व्यवस्था गरिएको छ। |
| | | ३. **जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,** | | राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रुपमा रहेको जलस्रोतको दिगो र बहुउपयोगी विकासको लागि स्थानीय जनताको सहभागिता सुनिश्चित गर्दै जलस्रोतको विकासमा स्वदेशी लगानीलाई प्राथमिकता दिने गरी यो व्यवस्था गरिएको छ। |

[+] केही प्रावधान थप गर्ने गरी फरक मत रहेको।

| | | | | |
|---|---|---|---|---|
| | | ४. **नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,** | | राष्ट्रिय आवश्यकता अनुरुप ऊर्जाको नियमित र दिगो आपूर्ति व्यवस्थाका लागि नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | ५. **जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिचाईको विकास गर्ने,** | | जल उत्पन्न प्रकोप नियन्त्रण गर्दै मनसुनी वर्षामा निर्भर खेती प्रणालीलाई अन्त्य गर्दै नदी व्यवस्थापन तथा दिगो सिँचाई व्यवस्थाका लागि जमीनको उत्पादकत्व र उत्पादन वद्धि गर्न दिगो र भरपर्दो सिंचाई सुविधा मिलाउन यो व्यवस्था गरिएको छ । |
| | | ६. **जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने,** | | वातावरण संरक्षण, यसका माध्यमहरू तथा वातावरण विनासबाट मानव जगतमा पर्न सक्ने दुष्प्रभावहरूको बारेमा जनसाधारणमा वातावरणीय चेतना अभिबृद्धि गर्ने तथा औद्योगिकरण एवं अन्य भौतिक विकासबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्ने एवं तिनीहरूको वातावरणमैत्री रुपमा दिगो उपयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | ७. **वातावरणीय सन्तुलनको लागि मुलुकको कुल भूभागको कम्तीमा चालीस प्रतिशत भूभागमा वन क्षेत्र कायम राख्ने,** | | वातावरणीय सन्तुलनको लागि मुलुकको कुल भूभागको कम्तीमा चालीस प्रतिशत भूभागमा सदैव वन क्षेत्र कायम राखी वातावरणीय सन्तुलन मिलाउन यो व्यवस्था गरिएको छ । |
| | | ८. **निरोधात्मक र उपचारात्मक उपायहरूमार्फत जलवायु परिवर्तनबाट पर्न सक्ने दुष्परिणामहरूलाई न्यूनिकरण गर्ने तथा जलवायु परिवर्तन सापेक्ष अनुकूलन गर्ने ।** | | जलवायु परिवर्तन एक प्रमुख वातावरणीय समस्याको रुपमा देखा परेको तथा यसको दुष्प्रभाव मानव जगत लगायत सम्पूर्ण क्षेत्रमा पर्ने भएकोले जलवायु परिवर्तनबाट सिर्जना हुने सबै प्रकारका दुष्परिणामहरूको बारेमा समयमै र प्रभावकारी रुपले सूचना प्रवाह गरी जनतालाई सुसूचित गराउने, जलवायु परिवर्तनका दुष्परिणामहरूलाई न्यूनिकरण |

| | | | | |
|---|---|---|---|---|
| | | | | (Mitigation) गर्न उपयुक्त निरोधात्मक र उपचारात्मक उपायहरू अवलम्वन गर्ने तथा जलवायु परिवर्तन सापेक्ष अनुकूलन (Adaptation) गर्न यो व्यवस्था गरिएको छ । |
| | | ९. **प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय परिणाम निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने,** | | **प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय परिणाम निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने नीति निर्धारण गर्न यो् व्यवस्था गरिएको छ ।** |
| | | १०. **प्रदुषकको देय, पूर्वसावधानी र पूर्वसुचित सहमति जस्ता पर्यावरणीय दीगो विकासका सिद्धान्तका आधारमा वातावरण सम्बन्धी कानून तथा नीति तर्जुमा गर्ने,** | | **प्रदुषकको देय, पूर्वसावधानी र पूर्वसुचित सहमति जस्ता पर्यावरणीय दीगो विकासका सिद्धान्तका आधारमा वातावरण सम्बन्धी कानून तथा नीति तर्जुमा गर्न यो व्यवस्था गरिएको छ ।** |
| | | **(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**<br>१. **जनसाधारणको जीवनस्तर अभिबृद्धि गर्न शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, रोजगारीका अवसर र गुणस्तर विस्तार गर्दै जाने ।** | | राज्यमा उपलब्ध साधन स्रोत तथा क्षमता अनुसार एवं थप साधन स्रोतको व्यवस्था गर्दै जनताका आधारभूत आवश्यकताका रुपमा रहेका शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, रोजगारी जस्ता अधिकारहरू सुनिश्चित गर्दै राज्यले जनसाधारणको जीवनस्तर अभिवृद्धि गर्न यो व्यवस्था गरिएको छ । |
| | | २. **कुनै पनि नागरिक निरक्षर नरहने अवस्था सुनिश्चित गर्दै गुणस्तरीय शिक्षामा सबै नागरिकको सहज, सरल र समान पहुँचको व्यवस्था गर्ने,** | | शिक्षा मानिसको ज्ञान आर्जन गर्ने र जीवन यापनका लागि आधारभूत आवश्यकताको विषय भएकोले एकतिहाई भन्दा बढी जनताहरू निरक्षर भएको हाम्रो मुलुकको सन्दर्भमा कुनै पनि नागरिक निरक्षर नरहने अवस्था सुनिश्चित गदै बहुभाषिक शिक्षा, मातृभाषामा शिक्षा, अनौपचारिक र खुल्ला शिक्षाको व्यवस्था एवं शिक्षामा सूचना प्रविधिको समेत प्रयोग गरी सबै नागरिकहरूको गुणस्तरीय शिक्षामा सहज, सरल र समान पहुँच कायम गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ३. **शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, व्यवहारिक बनाउदै सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,**[+] | | पाठ्यक्रम, शैक्षिक प्रणाली तथा मानवीय एवं भौतिक पूर्वाधारहरूको विकास गर्दै वैज्ञानिक, प्राविधिक, व्यवसायिक, व्यवहारिक शिक्षा मार्फत सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **शिक्षा क्षेत्रमा राज्यको लगानीलाई अभिबृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यापारिकरणलाई निरुत्साहित गर्ने ।** | | **शिक्षा क्षेत्रमा राज्यको लगानीलाई अभिबृद्धि गर्दै जाने तथा हाल शिक्षामा भएको निजी लगानीलाई नियमन गर्ने एवं शिक्षामा व्यापारिकरणलाई निरुत्साहित गर्न यो व्यवस्था गरिएको छ ।** |
| | | ५. **उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निशुल्क बनाउदै लैजाने,** | | आधारभूत शिक्षामा सबै नागरिकहरूको समान पहुँच कायम गर्दै औपचारिक तथा अनौपचारिक रुपमा आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने तथा प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क, माध्यमिक शिक्षालाई निःशुल्क गर्दै क्रमशः अनिवार्य बनाउँदै लैजाने र विपन्न वर्ग, महिला, दलित तथा लोपोन्मुख समुदायका नागरिकहरूलाई निःशुल्क रुपमा उच्च शिक्षा प्रदान गर्दै जान यो व्यवस्था गरिएको छ । |
| | | ६. **बालबालिकालाई मातृभाषामा शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्दै शिक्षाको विकासमा स्थानीय समुदायलाई सहभागी गराउँदै जाने,**[*] | | राज्यले बालबालिकालाई मातृभाषामा शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्दै गुणस्तरीय तथा सहभागितामूलक शिक्षा प्रणालीको विकास, विस्तार, व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउँदै जान यो व्यवस्था गरिएको छ । |
| | | ७. **नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,** | | ज्ञान र सूचनाहरूमाथिको पहुँचको कारण व्यक्तित्व विकासमा पुस्तकालय तथा सूचना केन्द्रहरूको महत्वपूर्ण भूमिका हुने भएकोले नागरिकलाई व्यक्तित्व विकास गर्न सहयोग पुग्ने गरी राज्यले सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्न यो व्यवस्था गरिएको छ । |

[+] केही प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

[*] यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | ८. **नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने,** | | स्वस्थ्य नागरिक नै समृद्ध राष्ट्र निर्माणका अभियन्ता भएकोले स्वस्थ्य नागरिक तयार गर्न राज्यले प्राथमिकताकासाथ जनस्वास्थ्यको क्षेत्रमा लगानी अभिबृद्धि गर्दै जान यो व्यवस्था गरिएको छ । |
| | | ९. **आधारभूत स्वास्थ्यलाई मानव अधिकारको रुपमा आत्मसात् गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने,** | | आधारभूत स्वास्थ्यलाई मानव अधिकारको रुपमा आत्मसात् गरी स्वस्थ एवं स्वच्छ खाद्यान्न, खानेपानी, उचित सरसफाई तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्दै स्वदेशमा नै दक्ष र व्यवसायिक स्वास्थ्यकर्मीहरूको उत्पादन, स्वास्थ्य क्षेत्रमा अध्ययन, अन्वेषण र अनुसन्धान गरी निजी क्षेत्रका स्वास्थ्य संस्थाको सामाजिक दायित्व निर्धारण गर्ने तथा मुलुकमा उपलब्ध स्वास्थ्यकर्मीहरूलाई स्वदेशमा नै परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवामा सबै लिङ्ग, वर्ग, क्षेत्र, शारीरिक अवस्था र समुदायका नागरिकहरूको सहज, सरल र समान पहुँच सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | १०. **स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिबृद्धि गर्दै यस क्षेत्रमा भएको नीजि लगानीलाई नियमन र व्यवस्थापन गरी व्यापारिकरणलाई निरुत्साहित गर्ने ।** | | स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिबृद्धि गर्दै जाने तथा स्वास्थ्य क्षेत्रमा भएको् निजी लगानीलाई नियमन गर्दै यस क्षेत्रमा भएको व्यापारिकरणलाई निरुत्साहित गर्न यो व्यवस्था गरिएको छ । |
| | | ११. **स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानलाई जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या अभिबृद्धि गर्दै जाने ।** | | स्वास्थ्य संस्थाहरूको स्थापना, गुणस्तरीयता अभिबृद्धि एवं स्वास्थ्य बीमा लगायतको व्यवस्था गर्दै स्वास्थ्य सेवालाई जुनसुकै वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूलाई सर्वसुलभ र गुणस्तरीय बनाउने, स्वास्थ्य अनुसन्धानलाई जोड दिने, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या अभिबृद्धि गर्दै जाने गरी यो व्यवस्था गरिएको छ । |
| | | १२. **मुलुकको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ, शिशु मृत्युदर घटाई औषत आयु बढाउने,** | | मुलुकको भौगोलिक क्षेत्रफल तथा उत्पादन एवं वहन क्षमता समेतका आधारमा समुचित जनसंख्या कायम गर्न परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ, शिशु मृत्युदर घटाई औषत आयु बढाउन यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | १३. **आवास नहुने नागरिकहरूको वस्तुगत आधारमा पहिचान गरी क्रमशः उपयुक्त आवासको व्यवस्था गर्ने,** | | आफ्नो आवासको व्यवस्था आफैं गर्न नसक्ने विपन्न वर्गका नागरिकहरूको निश्चित र वस्तुगत आधारमा पहिचान गरी उपलब्ध साधन, स्रोत र क्षमताका आधारमा क्रमशः उपयुक्त आवासको व्यवस्था गर्दै जान यो व्यवस्था गरिएको छ । |
| | | १४. **अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनावद्ध र व्यवस्थित वस्तीविकास गर्ने,** | | अव्यवस्थित र असुरक्षित वसाईको परम्परामा व्यवस्थापन गर्दै योजनावद्ध र व्यवस्थित रुपमा सुरक्षित र उपयुक्त वस्ती विकास गर्न यो व्यवस्था गरिएको छ । |
| | | १५. **कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्दै सुलभ र प्रभावकारी वितरणका लागि खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र वितरण व्यवस्था गर्ने,** | | कृषि क्षेत्रमा राज्यले लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्नको उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नमा आत्मनिर्भर हुँदै नागरिकलाई सरल, सुलभ र सुपथ मूल्यमा स्वच्छ, स्वस्थ तथा पर्याप्त खाद्यान्न उपलब्ध गराउने गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र वितरणको व्यवस्थापन गर्न यो व्यवस्था गरिएको छ । |
| | | १६. **आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिइ योजनाबद्ध आपूर्ति व्यवस्था गर्ने,** | | सबै नागरिकहरूलाई आधारभूत बस्तुमा तथा सेवाहरूमा जुनसुकै लिङ्ग, वर्ग, क्षेत्र र समुदाय तथा जस्तो सुकै शारीरिक अवस्था भएका नागरिकहरूको सहज र समान पहुँचको व्यवस्था गर्दै आधारभूत वस्तुको सञ्चिति सुनिश्चित गरी त्यस्ता वस्तुहरूको प्रभावकारी वितरण व्यवस्था मिलाउने तथा दुर्गम र पछाडि पारिएको क्षेत्रलाई प्राथमिकता दिँदै राज्यले योजनाबद्ध रुपमा आपूर्ति व्यवस्था मिलाउन यो व्यवस्था गरिएको छ । |
| | | १७. **यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिबृद्धि गर्ने र वातावरण मैत्री प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी** | | जुनसुकै राज्य वा क्षेत्रमा बसेका भए तापनि सबै नागरिकहरूलाई यातायातको सहज, सरल र समान पहुँचको व्यवस्था गर्दै राज्यले यातायात क्षेत्रमा सरकारी र निजी क्षेत्रको लगानी विस्तार गर्ने एवं यातायात क्षेत्रलाई वातावरण मैत्री बनाउन विभिन्न उपायहरू अवलम्वन गर्ने तथा वातावरण मैत्री प्रविधिलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै सार्वजनिक |

| | | | | |
|---|---|---|---|---|
| | | **यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित र अपाङ्गमैत्री बनाउने ।** [+] | | यातायातलाई प्रोत्साहन गर्ने तथा यस क्षेत्रमा हुन सक्ने गैर व्यवसायिक कृयाकलापहरू नियन्त्रण गर्दै सेवामुलक प्रतिस्पर्धा र व्यवसायिक स्वच्छता समेतको लागि राज्यले प्रोत्साहन, प्रभावकारी नियमनको व्यवस्था गर्दै सडक दुर्घटनाहरूको रोकथाम र नियन्त्रण गरी सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र अपाङ्गमैत्री बनाउनँदै जान यो व्यवस्था गरिएको छ । |
| | | **(झ) श्रम र रोजगार सम्बन्धी नीति:**<br>१. **सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउदै स्वदेशमा नै उपयोग गर्ने,** | | कसैले पनि बेरोजगार बस्नु नपर्ने गरी सबैलाई सार्वजनिक तथा निजी क्षेत्रमा काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको आर्थिक सामाजिक रुपान्तरणको प्रमुख शक्तिको रुपमा रहेको श्रम शक्तिलाई प्राविधिक तथा व्यवसायिक शिक्षा, तालीम जस्ता माध्यमबाट दक्ष र व्यवसायिक बनाउँदै जान यो व्यवस्था गरिएको छ । |
| | | २. **मर्यादित श्रमको अवधारणा अनुरुप सबै क्षेत्र र प्रकारका श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवसायजन्य सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,** | | प्रत्येक श्रीमकलाई रोजगारी छान्न पाउने, उचित पारिश्रीमक प्राप्त गर्ने, व्यवसायिक सीप सिक्न पाउने, सुरक्षित कार्यस्थलमा काम गर्न पाउने लगायतका अधिकार सहित मर्यादित श्रमको अवधारणालाई आत्मसात् गर्दै ट्रेड यूनियन गठन गर्न पाउने, सामूहिक सौदावाजी गर्न पाउने, कार्यस्थलमा कुनै पनि विभेद गर्न नपाइने साथै मजदुरलाई बीमा, निवृत्तभरण, मातृत्व संरक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, विदा तथा शिशु स्याहार केन्द्र समेतको स्थापना गरी श्रीमकको आधारभूत अधिकारको रक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति दिन यो व्यवस्था गरिएको छ । |
| | | ३. **बालश्रम लगायत श्रम शोषणका सबै रुपहरूको अन्त्य गर्ने,** | | बालश्रम प्रयोग गर्न एवं जवर्जस्ती तथा निकृष्ट प्रकारको श्रम लगायतका कुनै पनि प्रकारले हुने श्रम शोषणको अन्त्य गर्न तथा श्रम एवं कार्यस्थलमा विभेद गर्न नपाइने गरी श्रम शोषणका सबै रुपहरूको अन्त्य गर्न यो व्यवस्था गरिएको छ । |

[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | ४. **उद्यम व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गर्ने,** | | सहभागितामूलक उद्यम व्यवस्थापन मार्फत उत्पादनमा वृद्धि गर्न तथा असल औद्योगिक सम्बन्ध कायम राख्न उद्यमको व्यवस्थापनमा मजदूरको सहभागिता सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | | ५. **वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,** | | उपलब्ध श्रम शक्तिलाई स्वदेशमा नै अधिकतम् उपयोग गर्दै वैदेशिक रोजगारीमा जाने नागरिकहरूको प्रभावकारी संरक्षणको लागि वैदेशिक रोजगार व्यवसायमा स्वदेश वा विदेशमा हुने सबै प्रकारका शोषण, ठगी, अपारदर्शीता समेतलाई अन्त्य गर्न उपयुक्त संयन्त्रको व्यवस्था गरी सम्बन्धित मन्त्रालय, विभाग तथा विदेशमा नेपाली राजदूतावास, महावाणिज्य दुतावास समेतबाट प्रभावकारी नियमनको व्यवस्था गर्दै प्रवासी श्रीमक र उनीहरूका परिवारको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू अनुरुप वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न यो व्यवस्था गरिएको छ । |
| | | ६. **वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशी उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने ।** | | वैदेशिक रोजगारीमा गएका नेपालीले वैदेशिक श्रमबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा स्वदेशमा प्रोत्साहन गर्ने गरी आवश्यक व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति:**<br>१. **समानता र अविभेदको मान्यता अनुरुप सबै प्रकारका सामाजिक, साँस्कृतिक विभेद अन्त्य गर्दै मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने प्रत्येक नागरिकको अधिकार सुनिश्चित गर्ने,** | | जुनसुकै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई कानूनको अगाडि समानता र कानूनको समान संरक्षण र लाभ प्राप्त गर्ने गरी समानताको हक प्रत्याभूत गरिसकिएको सन्दर्भमा राज्यले नागरिकहरूको धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था समेतका कुनै पनि आधारमा भेदभाव नगर्ने तथा नागरिक उपर हुने सबै प्रकारका सामाजिक, साँस्कृतिक विभेदको अन्त्य गर्दै प्रत्येक नागरिकलाई सम्मानपूर्वक र मर्यादित रुपमा जीवन यापन गर्न पाउने गरी राज्यको दायित्व सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | २. **महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत, समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएको क्षेत्र, गरीब, किसान, मजदूर, युवा वर्गलाई समावेशी सिद्धान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी समानुपातिक सहभागिताको सिद्धान्तका आधारमा सहभागी गराउदै जाने,** | | मुलुकको राज्य संरचना तथा सार्वजनिक संस्थानहरूमा महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मधेशी समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र, गरीब, किसान, मजदूर वर्गलाई समावेशी सिद्धान्तको आधारमा समानुपातिक सहभागिताको लक्ष्य सहित सहभागी गराउदै जान यो व्यवस्था गरिएको छ । |
| | | ३. **असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गर्दै जाने,** | | नेपालको आर्थिक, सामाजिक साँस्कृतिक सन्दर्भमा एकल महिलाको अवस्था आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले विचारणीय रहेकोले **असहाय अवस्थामा रहेका** एकल महिलाहरूलाई जीविकोपार्जनको समुचित व्यवस्था सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने हक सुनिश्चित गर्न रोजगारीमा अग्राधिकार दिन यो व्यवस्था गरिएको छ । |
| | | ४. **जोखिममा परेका र सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्वी बनाउने,** | | मानव बेचबिखन, यौनजन्य शोषण र उत्पीडन, धर्म, संस्कृति, प्रथा, परम्परा आदिका नाममा शोषण र उत्पीडनमा परी जोखिमयुक्त अवस्थामा रहेका, सामाजिक, पारिवारिक उत्पीडनमा रहेका तथा घरेलु हिंसा लगायतका जुनसुकै प्रकारका हिंसा पीडित महिलाहरूको संरक्षण, सशक्तिकरण तथा उपयुक्त रुपमा पुनर्स्थापन गरी स्वावलम्बी बनाउँदै जान यो व्यवस्था गरिएको छ । |
| | | ५. **महिलाका प्रजनन दायित्वलाई सामाजिक दायित्वको रुपमा आत्मसात् गर्दै प्रजनन सम्बन्धी सबै अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने** | | महिलाहरूले जैविक अधिकार तथा दायित्वको रुपमा प्राप्त गरेका प्रजनन दायित्वलाई सामाजिक दायित्वको रुपमा आत्मसात् गर्दै रजस्वलाको समय, गर्भवती अवस्था, सुत्केरी अवस्था, स्तनपानको अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता प्रदान गर्ने नीति राज्यले अवलम्वन गर्ने गरी यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ६. **महिलालाई राज्यका हरेक अङ्गमा समावेशी समानुपातिक सहभागिताका लागि विशेष व्यवस्था गर्ने,** | | राज्य संयन्त्रका सबै अङ्ग तथा निकायहरूमा विभिन्न क्षेत्र, वर्ग र समुदायका महिलाहरूलाई समावेशी समानुपातिक सहभागिताका लागि राज्यले विशेष व्यवस्था गर्ने नीतिगत व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | ७. **घरायसी काममा परिवारका सबै सदस्यहरूबीच साझेदारीको संस्कार विकास गर्दै बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्दै त्यस्तो कार्यको आर्थिक मूल्य राष्ट्रिय आयमा गणना गर्ने,** | | घरायसी काममाथिको सम्पूर्ण जिम्मेवारी महिलाहरूको मात्र हुने प्रचलनलाई समाप्त गर्दै समानता र सहकार्यको मान्यताका आधारमा घरायसी कामहरू परिवारका सबै सदस्यहरूले साझेदारीपूर्ण रुपले गर्ने गराउने संस्कार विकास गर्दै बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानको आर्थिक मूल्यांकन गर्दै त्यस्तो कार्यको आर्थिक मूल्य राष्ट्रिय आयमा गणना गर्न यो व्यवस्था गरिएको छ । |
| | | ८. **विपन्न वर्ग, अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र असहाय नागरिकको अधिकार, मर्यादा र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने,** | | जुनसुकै वर्ग, क्षेत्र, लिङ्ग वा समुदायका भए पनि राष्ट्रिय रुपमा आय आर्जन, शैक्षिक अवस्था तथा स्वास्थ्य समेतका वस्तुगत आधारमा राष्ट्रिय मापदण्ड अनुसार नेपालको विपन्न वर्गमा पर्ने व्यक्ति, शारीरिक रुपले अशक्त व्यक्ति, बालबालिका, शारीरिक वा मानसिक रुपले अपाङ्गता भएका व्यक्ति, प्रचलित कानून बमोजिमका जेष्ठ नागरिक, कसैको सहारा नभएको असहाय व्यक्तिको अधिकार र मर्यादाको संरक्षण र सुरक्षाको लागि त्यस्ता व्यक्तिको आवश्यकताको आधारमा औषधोपचार, स्वास्थ्य बीमा, पुनर्स्थापना केन्द्र, बृद्धाश्रम, आर्थिक सहुलियत वा छुट, जीविकोपार्जनका लागि आवश्यक साधन स्रोत लगायतका सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | ९. **मुक्त कमैया, कम्लहरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासको लागि घर घडेरी तथा जीविकोपार्जनको लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने,** | | विभिन्न प्रकारका शोषण, दमन र अन्यायबाट पीडित रहेका घरेलु कामदारको रुपमा कार्यरत व्यक्ति, मुक्त कमैया, कम्लहरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासी उपर भएका शोषण, दमन अन्याय समेतको अन्त्य गरी उनीहरूको सम्मानपूर्वक जीवन यापन गर्ने हक सुनिश्चित गर्न वस्तुगत आधारमा पहिचान गरी बसोवासको लागि घर घडेरी तथा जीविकोपार्जनको लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै क्रमशः पुनर्स्थापना गर्दै जाने गरी यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | **१०. विगतमा भएका सबै जनआन्दोलनहरू, जनयुद्ध, मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेहरूको लागि राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरण प्रदान गर्ने ।*** | | विगतमा भएका सबै जनआन्दोलनहरू, जनयुद्ध, मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेहरूको लागि राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरण प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | **११. जातीय विभेद तथा छुवाछुतलाई दण्डनीय बनाउदै दलित समुदायलाई सकारात्मक विभेदका आधारमा क्षतिपूर्ति सहित विशेष अधिकार प्रदान गर्ने,** | | धर्म, संस्कृति, प्रथा, परम्परा वा अन्य जुनसुकै नाममा हुने जातीय विभेद तथा छुवाछुतजन्य कार्यलाई सामाजिक अपराधको रुपमा व्यवस्था गर्दै त्यस्तो कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम दण्डनीय बनाउदै विगतको राज्य व्यवस्थामा बहिष्करण र उत्पीडनमा परेका दलित समुदायलाई सकारात्मक विभेदका आधारमा प्राथमिकता, विशेष अधिकार तथा लाभ प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | | **१२. परिवार र समाजसँग मिलेर जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवन यापनका लागि पालन पोषण, स्वास्थ्य सेवा र सुरक्षा पाउने अधिकार सुनिश्चित गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,** | | जेष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीवन यापनका लागि पालन पोषण, स्वास्थ्य सेवा र सुरक्षा पाउने अवस्था सुनिश्चित गर्न परिवारको पहिलो दायित्व हुने कुरालाई आत्मसात गर्दै उनीहरूको स्वतन्त्रता, सम्मान, सहभागिता, स्व-परिपालन तथा स्याहार सम्बन्धी अधिकारको संरक्षण र संबर्द्धन गर्दै अनुभव, ज्ञान र सीपलाई परिवार र समाजको सम्पदाका रुपमा लिने संस्कारको विकास गरी समानता, अविभेद, सामाजिक सुरक्षा, सामाजिक बीमा लगायतका माध्यमबाट जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षाको व्यवस्था गर्दै राष्ट्रिय विकासमा जेष्ठ नागरिकहरूको अनुभव, ज्ञान र सीपलाई उपयोग गर्न यो व्यवस्था गरिएको छ । |

* यस प्रवधानको सट्टामा फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | १३. **परिवार तथा समाजसँग मिलेर युवाको सर्वाङ्गिण विकासमा आवश्यक लगानी गर्दै राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने तथा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा युवा परिचालन र सहभागीताका लागि उपयुक्त, नीति तथा संरचनाको व्यवस्था गर्ने ।** | | युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकका रूपमा विकास गरी राष्ट्रिय स्वाधीनताको रक्षा, न्याय र शान्ति स्थापनाका लागि युवा शक्तिको परिचालन गर्ने, देशको समग्र क्षेत्रमा युवाको समावेशी सहभागिता अभिवृद्धि गर्ने, अवसर र रोजगारीमा समान पहुँच सुनिश्चित गर्ने, खेलकूदको विकास र विस्तार गर्ने, राष्ट्रिय विकासमा युवाका ज्ञान, सीप र क्षमताको उपयोग गर्ने तथा वैज्ञानिक अन्वेषण र अनुसन्धानमा युवालाई प्रोत्साहन र प्रवर्द्धन समेतको समुचित व्यवस्था गर्दै युवाको सर्वाङ्गिण विकासमा परिवार तथा समाज समेतको सहकार्यमा राज्यले लगानी अभिवृद्धि गर्ने तथा उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्न यो व्यवस्था गरिएको छ । |
| | | १४. **जातीय, धार्मिक, भाषिक अल्पसंख्यक र सीमान्तकृत समुदायले आनो पहिचान सहित मर्यादित र सम्मानित रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने** | | जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायका नागरिकहरूलाई आफ्नो सामाजिक साँस्कृतिक पहिचानको अधिकार, धर्म, संस्कृति, भाषा लिपिको संरक्षणको अधिकार, राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक अधिकारको उपभोग गर्न पाउने अधिकार सहित मर्यादित र सम्मानपूर्वक जीवन यापन गर्न पाउने हक सुनिश्चित गर्न समानता र अविभेदका आधारमा सम्मानपूर्वक बाँच्न पाउने तथा सकारात्मक विभेदका आधारमा राज्य संयन्त्रमा सहभागिताको अधिकार सुनिश्चित गर्ने व्यवस्थाको लागि यो व्यवस्था गरिएको छ । |
| | | १५. **पछाडि परेको वा पारिएको र विकट क्षेत्रका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण, र विकास गर्न विशेष व्यवस्था गर्ने,** | | विगतको एकात्मक राज्य व्यवस्थाबाट बहिष्करण र उत्पीडनमा परी राजनीतिक, आर्थिक, सामाजिक, र शैक्षिक तथा भौतिक पूर्वाधारको विकासका दृष्टिले पछाडि परेको वा पारिएको क्षेत्रका नागरिकहरूको संरक्षण, सशक्तिकरण, उत्थान र विकास गर्न विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्न यो व्यवस्था गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | १६. **आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गरी प्राकृतिक स्रोत र साधनमा प्राथमिकताको व्यवस्था गर्ने,**+ | | आदिवासी जनजातिले आफ्नो स्वतन्त्र अस्तित्व र विशिष्ट पहिचान सहित मर्यादित र सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक र लैङ्गिक विभेदको अन्त्य, मातृभाषाको अधिकार समेतको व्यवस्था गर्दै आदिवासी जनजातिहरूसँग सरोकार राख्ने विषयमा सहभागी गराउने एवं आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग र विकास गर्दै आएको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने, त्यस्ता ज्ञान सीप माथि बौद्धिक स्वामित्व प्राप्त गर्ने, त्यसबाट व्यवसायिक लाभ प्राप्त गर्ने अवस्था सुनिश्चित गर्दै प्राकृतिक स्रोत साधनमा उपयुक्त रुपमा आदिवासी, जनजाति र स्थानीय समुदायको अग्राधिकारको व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | १७. **लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको मर्यादित र सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने,** | | लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले आफ्नो स्वतन्त्र पहिचान सहित समाजमा मर्यादित र सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न समानता, अभिवेद, समान व्यवहार, समान पहुँच, सहभागिता र समावेशीकरण लगायतका विशेष व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | १८. **अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, समाजमा पुर्नस्थापना गर्ने तथा आमसञ्चार, यातायात, शिक्षा, स्वास्थ्य रोजगारी जस्ता सार्वजनिक सेवाका क्षेत्रमा समान पहुँच कायम गर्दै त्यस्ता सेवा सुविधा उपयोग गर्न सक्ने अवस्था सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने,** | | अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै मर्यादा तथा विविधताको सम्मान, अधिकारमुखी दृष्टिकोणबाट समान पहुँचको अधिकार, सामाजिक दृष्टिकोण परिवर्तन, समानता र अविभेदको व्यवस्था, राज्य संयन्त्रमा सहभागिता, सामाजिक समावेशीकरण र जीविकोपार्जनका लागि सामाजिक सुरक्षा एवं पुर्नस्थापना तथा आमसञ्चार, यातायात, शिक्षा, स्वास्थ्य रोजगारी जस्ता सार्वजनिक सेवाका क्षेत्रमा अपाङ्गमैत्री प्रविधि प्रयोग मार्फत समाजका अन्य नागरिकहरू सरह समान पहुँच र उपयोग गर्न सक्ने अवस्था सुनिश्चित गर्नका लागि यो व्यवस्था गरिएको छ । |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | १९. **राज्यले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्ने ।**+ | | राज्यले आर्थिक, मानवीय तथा विकासको दृष्टिले विपन्न अवस्थामा रहेका नागरिकहरूको संरक्षण, सशक्तिकरण र विकासको लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा प्राथमिकता, विशेष अधिकार तथा लाभ प्रदान गर्ने तथा सकारात्मक विभेदको व्यवस्था अन्तर्गत प्राथमिकता प्रदान गर्ने सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्न गरी विशेष व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | २०. **स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने,** | | राज्यले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलाडि र खेलकूदमा योजनाबद्ध लगानी गर्ने तथा खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्दै जान यो व्यवस्था गरिएको छ । |
| | | २१. **सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृती, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने ।** | | मुलुकको विकासमा सहयात्रीको रुपमा कार्यरत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउन त्यस्ता संस्थाहरूले गर्ने कृयाकलापहरूको बारेमा सरकारका सम्बन्धित निकायहरूबाट स्वीकृति लिने, लागत लाभ विश्लेषण गर्ने, त्यस्ता संस्थाहरूको लेखा र लेखा परीक्षण प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउने व्यवस्था गर्दै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनमा एकद्वार प्रणाली अन्तर्गत उपयुक्त संयन्त्रको व्यवस्था गर्ने तथा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा त्यस्ता संघ संस्थाहरूलाई परिचालन गर्ने गरी यो व्यवस्था गरिएको छ । |

+ प्रावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति:**<br>१. **न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,** | | न्यायपालिका र न्याय प्रशासनलाई सहभागितामूलक, छिटो छरितो, सर्वसुलभ, कम खर्चिलो, निष्पक्ष, स्वतन्त्र, प्रभावकारी र जनताप्रति उत्तरदायी बनाउन यो व्यवस्था गरिएको छ । |
| | | २. **सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्वन गर्ने** | | सबै प्रकारका विवादहरूको समाधान अदालतबाट मात्र खोज्ने प्रवृतिलाई न्यून गर्दै व्यापारिक, सामान्य प्रकृतिका देवानी, पारिवारिक विवादहरूलाई पक्षहरूकै सहमतिमा मध्यस्थ, मेलमिलाप जस्ता माध्यमबाट समाधान गर्न एवं स्थानीय स्तरमा मेलमिलाप तथा मध्यस्थता केन्द्रहरू स्थापना गरी सहभागितामूलक वैकल्पिक विवाद समाधान पद्धतिलाई प्रोत्साहित गर्ने एवं न्यायालयको कार्यबोझ कम गर्दै न्याय प्रशासनको प्रभावकारिता वृद्धि गर्न यो व्यवस्था गरिएको छ । |
| | | ३. **राजनीतिक, प्रशासनिक, सामाजिक लगायत सबै क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने,** | | सार्वजनिक प्रशासनलाई जनमुखी, तटस्थ, निष्पक्ष र पहुँचयोग्य बनाउदै राजनीतिक, प्रशासनिक, न्यायालय, सेना, प्रहरी, शिक्षक, सामाजिक सेवा क्षेत्र लगायतका सम्पूर्ण क्षेत्रमा हुने अनियमितता र भ्रष्टाचार नियन्त्रणको लागि उपयुक्त कानून तथा विभिन्न संरचनागत संयन्त्रहरूको व्यवस्था गरी भ्रष्टाचार मुक्त सार्वजनिक प्रशासनको विकास गर्न यो व्यवस्था गरिएको छ । |
| | | ४. **जन्मकैदलाई आवश्यकता अनुसार आजन्म कैदको रुपमा व्यवस्था गर्दै कसूरको मात्राको अनुपातमा सजाय निर्धारण गर्ने,** | | विद्यमान दण्डनीतिले जन्मकैदको अधिकतम् अवधि बीस वर्ष कायम गरेकोले जघन्य अपराधहरूमा पनि सोही बमोजिम जम्मा बीस वर्ष मात्र सजाय हुन सक्ने अवस्था रहेको छ । त्यसमा पनि कैदीको आचरणमा सुधार जस्ता विभिन्न आधारमा जस्तो सुकै गंभीर अपराध गर्ने व्यक्तिले पनि बीस वर्ष भन्दा अगावै कैद मुक्त हुने अवस्था रहेको र कतिपय सन्दर्भमा मुद्दा फिर्ता लिने काम समेत हुने गरेकोले समाजमा वीभत्स र क्रूरतापूर्वक गरिएका जघन्य अपराधका संख्या बढ्दै गएको र अधिकतम् बीस वर्षभन्दा बढी सजाय हुन नसक्ने भएकोले दण्डहिनताको संस्कृति समेत मौलाउँदै गइरहेको परिप्रेक्षमा कैदको अवधिलाई उपयुक्त रुपमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | बढाउँदै कसूरको मात्राको अनुपातमा सर्वस्व सहित जीवनभर सम्म कैद सजाय समेत गर्न सक्ने गरी फौजदारी कानूनलाई संशोधन परिमार्जन गर्न यो व्यवस्था गरिएको छ । |
| | | ५. **कैद र जरिवानाबीच समुचित सन्तुलन कायम गर्ने,** | | विद्यमान नेपाल कानूनमा कैद र जीरवानाबीच समुचित सन्तुलन कायम गर्न आवश्यक देखिएकोले अपराधको मात्रा समेत दृष्टिगत गरी वस्तुगत आधारमा जरिवाना र कैदको सन्तुलन मिलाउन यो व्यवस्था गरिएको छ । |
| | | ६. **अपराधका पीडितले उचित क्षतिपूर्ति पाउने गरी दण्डनीति अवलम्वन गर्ने ।** | | अपराधको परिणाम स्वरुप प्राप्त हुने जरिवाना सरकारी कोषमा जम्मा हुने तर अपराधका पीडितले कसूरदारबाट क्षतिपूर्ति नपाउने तथा राज्यबाट समेत समुचित राहत र सहयोग प्राप्त नहुने गरेको सन्दर्भमा अपराधका पीडितले पीडकबाट क्षतिपूर्ति पाउने गरी विद्यमान दण्डनीतिलाई पुनरावलोकन र सुधार गर्न यो व्यवस्था गरिएको छ । |
| | | **(ठ) पर्यटन सम्बन्धी नीति:**<br>१. **नेपालका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण मैत्री पर्यटन उद्योगको विकास गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।**[+] | | नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गरी वातावरण मैत्री रुपमा पर्यटनलाई उद्योगको रुपमा विकास गर्ने एवं पर्यटनबाट प्राप्त प्रतिफल स्थानीय जनताले प्राथमिकताका साथ प्राप्त गर्ने सुनिश्चितताको लागि यो व्यवस्था गरिएको छ । |

[+] प्राावधान थप गर्ने गरी फरक मत रहेको ।

| | | | | |
|---|---|---|---|---|
| | | **(ड) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति:**<br>१. सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने, | | देशको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न सदैव क्रियाशील रहँदै विश्व संस्था संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नताको सिद्धान्त, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा परराष्ट्र नीति सञ्चालन गर्न र अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय हितको रक्षा एवं देशको गरिमा वृद्धि गर्न यो व्यवस्था गरिएको छ। |
| | | २. विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै असमान सन्धि संझौताहरू परित्याग वा खारेज गर्ने एवं समानता र पारस्परिक हितको आधारमा सन्धि संझौताहरू गर्ने, | | इतिहासका कालखण्डमा नेपालले गरेका द्विपक्षीय वा बहुपक्षीय सन्धिहरू आवश्यकता अनुसार पुनरावलोकन गर्दै नेपालको हितमा नरहेका तथा असमान रुपमा भएका सन्धि, संझौताहरू खारेज गर्ने वा परित्याग गर्ने तथा मित्र राष्ट्रसँग सन्धि संझौता गर्दा सार्वभौमिक समानताका आधारमा सन्धि संझौताहरू गर्ने गरी यो व्यवस्था गरिएको छ। |
| | | ३. छिमेकी मित्र राष्ट्रहरूसँग समनिकटताका आधारमा सम्बन्ध सञ्चालन गर्ने । | | छिमेकी राष्ट्रहरूसँग समनिकटताका आधारमा पारस्परिक मैत्रीपूर्ण सम्बन्धको विकास र विस्तार गर्ने नीति अवलम्वन गर्न यो व्यवस्था गरिएको छ। |
| ४ | **राज्यको दायित्व** | **राज्यको दायित्व:** नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण गर्ने तथा राज्यका नीतिहरूको क्रमश: कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ । | | नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै संविधानद्वारा प्रत्याभूत उच्चकोटिका अधिकारका रुपमा रहेका जनताका मौलिक हकको उपभोग गर्न पाउने उपयुक्त वातावरण सुनिश्चित गर्ने, मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै कार्यान्वयन गर्ने, राज्यले कृयाकलापहरू सञ्चालन गर्दा निर्देशक सिद्धान्तको अनुशरण गर्ने तथा राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्दै जाने राज्यको दायित्व निर्धारण गर्न यो व्यवस्था गरिएको छ। |
| ५ | **प्रतिवेदन पेश गर्ने** | **प्रतिवेदन पेश गर्ने:** यस भागमा उल्लिखित सिद्धान्त र नीतिहरू कार्यान्वयन गर्न चालिएका कदम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन | | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको कार्यान्वयनका सम्बन्धमा राज्यलाई बढी जिम्मेवार बनाउन तथा यी सिद्धान्त र नीतिहरूको प्रगतिशील कार्यान्वयन सुनिश्चित गर्न राष्ट्रप्रमुखले प्रत्येक वर्ष व्यवस्थापिकामा प्रतिवेदन पेश गरी यी सिद्धान्त र नीतिहरूको |

| | | | | |
|---|---|---|---|---|
| | | **राष्ट्रप्रमुखले प्रत्येक वर्ष संघीय व्यवस्थापिका समक्ष पेश गर्नेछ ।**[+] | | प्रगतिशील कार्यान्वयनको लागि गत आर्थिक वर्षमा संघीय तथा प्रादेशिक राज्यले अवलम्वन गरेका कार्यक्रम तथा कृयाकलापहरूको बारेमा संघीय व्यवस्थापिका र नेपाली जनतालाई सुसूचित गर्न यो व्यवस्था गरिएको छ । |
| ६ | **अनुगमन सम्बन्धी व्यवस्था** | **अनुगमन सम्बन्धी व्यवस्था:** (१) **यस भागमा उल्लिखित सिद्धान्त र नीतिको प्रगतिशील कार्यान्वयनको अनुगमन गर्न संघीय व्यवस्थापिकामा एक समिति रहनेछ ।** | | यस भागमा उल्लिखित निर्देशक सिद्धान्त र नीतिहरूको प्रगतिशील कार्यान्वयन गर्न संघीय तथा प्रादेशिक राज्यले अवलम्वन गरेका उपायहरूको अनुगमन गर्दै राज्यमा उपलब्ध साधन स्रोत, राज्यले चालेका कदम एवं प्राप्त उपलब्धीको तथ्यगत विश्लेषण गरी आवधिक रुपमा संघीय व्यवस्थापिकामा प्रतिवेदन पेश गर्ने गरी एक समितिको व्यवस्था गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) **उपधारा (१) बमोजिमको समितिको गठन, कार्यविधि तथा अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।** | | व्यवस्थापिकामा रहने अनुगमन समितिको गठन, उक्त समितिको कार्यविधि र अन्य आवश्यक विषयमा ऐनद्वारा व्यवस्था गर्ने गरी यो व्यवस्था गरिएको छ । |
| ७ | **अदालतमा प्रश्न उठाउन नसकिने** | **अदालतमा प्रश्न उठाउन नसकिने: यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।** | | राज्यका निर्देशक सिद्धान्त र नीतिहरू राज्यको साधन स्रोत, क्षमता तथा राजनीतिक आधारमा क्रमशः कार्यान्वयन गर्दै जाने विषय भएको एवं यी सिद्धान्त र नीतिहरूको कार्यान्वयन तथा सो को अनुगमन संयन्त्र समेतको छुट्टै रुपमा व्यवस्था गरिएको सन्दर्भमा राज्यको क्षमता र साधनस्रोतको अधीनमा रही कार्यान्वयन हुने हुँदा अदालतबाट मुद्दा मामिलाको रोहमा कार्यान्वयन गर्न नसकिने भएकोले राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन भए नभएको सम्बन्धमा अदालत प्रश्न उठाउन नसकिने गरी यस प्रकारको व्यवस्था गरिएको छ । |

[+] प्रावधान थप गर्ने गरी फरक मत रहेको ।